# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली आत्मकथाको परम्परा** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

साहित्यका श्रव्य, दृश्य र पाठ्य गरी तीन भेद रहेका छन् । पाठ्यभेदअन्तर्गत गद्य, पद्य र गद्यपद्य मिश्रित गरी तीन उपभेद छन् । सोही गद्य उपभेदअन्तर्गत अन्यविधामा आत्मकथा पनि पर्दछ । आत्मकथा शब्द आत्म + कथा भन्ने दुई शब्दको योगबाट बनेको छ । आफैँले बनाएको कथालाई आत्मकथा भन्ने प्रचलन भए तापनि साहित्यमा आत्मकथा भन्नाले सामान्यतः लेखकले उत्तम वा प्रथम पुरुषशैलीमा आफ्नो जीवनवृत्तान्त लेखेको साहित्यिक रचना भन्ने बुझिन्छ । आत्मचरित, आत्मचरित्र, आत्मजीवनी सबै आत्मकथाकै पर्यायवाची नाम हुन् । आफ्नो जीवनसँग निकटतम सम्बन्ध रहेका प्रभावकारी विषयको प्रस्तुति नै आत्मकथाको मूल लक्ष्य हुन्छ । यो रोचक एवम् सुपाठ्य पनि हुन्छ ।

## १.४ समस्याकथन

साहित्यका अरू प्रचलित विधाहरूको तुलनामा नेपाली आत्मकथा अल्पविकसित वा कमजोर नै साबित हुन्छ । यसबारे पर्याप्त अध्ययन, अनुसन्धान भएका छैनन् । त्यसैले नेपाली आत्मकथाको परम्परा नामक शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

(क) आत्मकथाको सिद्धान्त केकस्तो छ ?

(ख) वि. सं. २०४१ देखि २०६३ सालसम्म केकस्ता आत्मकथाहरू देखापरेका छन् र तिनको विषयवस्तु केकस्तो रहेको छ ?

(ग) नेपाली आत्मकथाको परम्पराको सुरुआत कहिलेदेखि भयो ?

(घ) नेपाली आत्मकथाका परम्परामा केकस्ता आत्मकथाकारहरू देखिएका छन् ?

उक्त समस्याहरूमा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्या-विश्लेषणका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

विशेषतः शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या-विश्लेषण र समाधान केकसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) आत्मकथाको सिद्धान्तको अध्ययन गर्ने,

(ख) वि. सं. २०४१ देखि २०६३ सालसम्म देखापरेका आत्मकथाकारहरू र तिनका कृतिका बारेमा अध्ययन गर्ने,

(ग) नेपाली आत्मकथाको परम्पराको अध्ययन गर्ने,

(घ) समग्र नेपाली आत्मकथाका परम्परामा देखापरेका आत्मकथाकारहरूको अध्ययन गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

आत्मकथा विश्व साहित्यमै देखापरेका नयाँ विधा भएकाले यो नेपाली साहित्यका निम्ति नयाँ विधा नै हो । पाश्चात्य साहित्यमा आत्मकथाको विकास धेरै भएको भए तापनि नेपाली साहित्यमा यो विधा धेरै विकसित भैसकेको पाइँदैन । यसका बारेमा जेजति अध्ययन-विश्लेषण भएको छ त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ । जसलाई कालक्रममा निम्नानुसार चर्चा गरिएको छ :

वासुदेव त्रिपाठीले **अरुणोदय** (वर्ष ११, अङ्क २, २०३१) मा 'साहित्यका मूलभूत विधाका सापेक्षतामा अन्य विधाको रेखाङ्कन' नामक शीर्षकअन्तर्गत आत्मकथालाई अन्यविधा भन्ने नाम दिएर आत्मकथाको परिचय प्रस्तुत गरेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) पुस्तकमा जीवनी साहित्यको चर्चा गर्ने क्रममा आत्मकथाको बारेमा यस्तो उल्लेख गरेका छन् : "आत्मकथा जीवनी साहित्यकै त्यस्तो प्रकार हो, जसमा स्वयम् व्यक्तिविशेषले आफ्नो जीवनीका बारेमा प्रकाश पार्दछ । यसका लागि संस्मरण, दैनिकी, चिठ्ठीपत्रजस्ता प्रामाणिक अभिलेखहरूको प्रयोग गरी कृतिलाई रुचिकर बनाइन्छ ।"

राजेन्द्र सुवेदीले आफ्नो कृति **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि** (२०४३) मा आत्मकथा विधालाई स्वतन्त्र विधाको रूपमा राखेर चर्चा गरेका छन् ।

भिक्टर प्रधानले **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना** ( २०४४) पुस्तकमा आत्मकथाको सैद्धान्तिक स्वरूपका साथै प्रारम्भदेखि वि. सं. २०४० सालसम्मका आत्मकथाहरूको बारेमा चर्चा गरेका छन् ।

रमेशचन्द्र रोकाले **पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन** (२०५५) नामक अप्रकाशित स्नोतकोत्तर शोधपत्रमा 'अन्य विधाको सैद्धान्तिक परिचय'अन्तर्गत आत्मकथाको सैद्धान्तिक स्वरूप, अर्थ र परिभाषाको बारेमा व्याख्या गरेका छन् ।

मनमाया पाठकले **संस्मरणकार विश्वेश्वरप्रसाद कोइरालाको अध्ययन** (२०५६) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा 'संस्मरण विधाको अन्य विधाभित्रका उपविधासँग भिन्नता' नामक उपशीर्षकमा आत्मकथाको बारेमा सङ्क्षिप्त रूपमा चर्चा गरेकी छन् ।

कृष्णचन्द्रसिंह प्रधानले आफ्नो आत्मकथा **नफर्कने ती दिनहरू** (२०५९) मा आत्मकथाको यस्तो परिभाषा गरेका छन् : "निजी जीवनको भोगाइ र त्यसले बेहोरेको घटना, अनुभूतिका नितान्त वैयक्तिकतासित केही असम्बन्धित हुँदैनन् । विगतका चर्चाहरूमा र बिब्ल्याँटो प्रतिकूलता, बाधा-विचलन, मानसम्मान, दुःख, व्यवधान, हन्डर, जटिलता आदिले निर्माण गरेको जीवन आफैँले नियालेर त्यसलाई शब्दमा बाँधेपछि आत्मकथा हुन्छ ।"

यसरी विभिन्न विद्वान्हरूले आत्मकथाको बारेमा परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि वि. सं. २०४१ देखि २०६३ सालसम्मका कृतिहरूको विश्लेषण-मूल्याङ्कन भएको देखिन आउँदैन । त्यसैले यस शोधकार्यमा वि. सं. २०४१ देखि २०६३ सम्म देखापरेका आत्मकथा कृतिहरूको विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

वि. सं. २०४१ सालदेखि २०६३ सालसम्मका आत्मकथाहरूको विश्लेषण, मूल्याङ्कन यस शोधकार्यमा गरिएकाले आउने पिँढीलाई यस बारेमा प्रामाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट नेपाली आत्मकथाको परम्पराबारे जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिएकाले अनुसन्धानको क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली साहित्यको इतिहासलेखनको क्रममा पनि यस शोधपत्रको महत्त्व हुनेछ । उपर्युक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

वि. सं. २०४१ देखि २०६३ सालसम्म देखापरेका आत्मकथाहरूको विश्लेषण एवम् मूल्याङ्कन यसमा गरिएको छ । मदन पुरस्कार पुस्तकालयबाट प्राप्त भएको आत्मकथाको सूचीमा केन्द्रित भएर यो शोधपत्र तयार पारिएको छ । प्रारम्भदेखि वि. सं. २०४० सम्मका आत्मकथाहरूको बारेमा विश्लेषण एवम् मूल्याङ्कन भिक्टर प्रधानको **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना** नामक पुस्तकमा भैसकेकाले तिनीहरूको बारेमा केवल छोटो चर्चा मात्र गरिएको छ । यिनै सीमाभित्र रहेर यो शोधपत्र तयार पारिएको छ ।

## १.९ सामग्रीको सङ्कलनविधि

प्रस्तुत शोधपत्रमा प्रमुख रूपमा सामग्रीसङ्कलन लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्रको सङ्कलित सामग्रीलाई विशेषगरी परम्परित पद्धतिको प्रयोग गरी विश्लेषण गरिएको छ । यसका साथै सङ्कलित सामग्रीको अवस्था हेरेर वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक आदि शोधविधिहरू यथोचित रूपमा प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | आत्मकथाको सैद्धान्तिक स्वरूप |
| तेस्रो परिच्छेद | : | वि. सं. २०४० पछिका नेपाली आत्मकथा ग्रन्थको कालक्रमिक विवरण |
| चौथो परिच्छेद | : | नेपाली आत्मकथा साहित्यको मूल्याङ्कन |
| पाँचौं परिच्छेद | : | उपसंहार |

अन्त्यमा सन्दर्भसामग्रीसूची राखिएको छ ।

# दोस्रो परिच्छेद

# साहित्यमा नवीन गद्य विधाका रूपमा अन्य विधा

## २.१ पृष्ठभूमि

साहित्य मनका भावहरू प्रभावकारी ढङ्गले अभिव्यक्त गर्ने रीति हो । त्यसैले साहित्यको अस्तित्व भाषामा निर्भर हुन्छ । भाषाको जन्म भएदेखि नै कुनै न कुनै किसिमको साहित्यको सुरुआत भएको पाइन्छ । यसरी सुरु भएको साहित्यले समयरूपी लामो चक्र पार गर्दै नयाँनयाँ रूप देखाइसकेको छ ।

भाषाको उत्पत्ति भइसकेपछि पनि लेख्य भाषा वा लिपिको विकास भएको थिएन । त्यसबेलाको साहित्य मौखिक रूपमा चलनचल्तीमा रहेका लोकसाहित्यमा निर्भर थियो । हिजोआज प्रचलित लोकसाहित्यका लोककथा वा लोकगीत साहित्यका श्रव्य विधाका रूपमा प्रचलित छन् भने लोकनाटक दृश्य विधाका रूपमा । "श्रव्य र दृश्य साहित्यका रूपमा विभक्त यी विधाहरू नै प्राचीन साहित्यका मूलभूत विधाहरू हुन् ।"[१] समय परिवर्तनको क्रमसँगै जब मानवीय विवेकमा विस्तार हुन थाल्यो त्यसको फलस्वरूप विकासप्रतिको चाहनाले गर्दा मानिसले लिपिको विकास गर्न पुग्यो । लिपिको विकास भएपछि समयक्रमसँगै छापाखाना, टाइपराइटर, पत्रपत्रिका आदिको सहायताबाट साहित्यका श्रव्य र दृश्यरूपको विकास हुँदै पाठ्यरूप देखापरेको हो ।[२]


पाठ्यरूपको विकास भइसकेपछि पनि श्रव्य र दृश्य रूप आज पनि प्रचलित नै छन् । लेख्य साहित्यको विकास भएपछि देखापरेको पाठ्य रूपले छापाखानाको विकास भएपछि मात्र व्यापकता पाउन थालेको हो, जसबाट नै गद्य साहित्यको विस्तार भएको देखिन्छ । लेखन पद्धतिको अभावको कारण प्राचीन कालमा साहित्यलाई संरक्षण गर्ने उपयुक्त माध्यम नै पद्य भएकाले त्यसबेला पद्यकै बोलबाला थियो । पद्यका सानादेखि ठूला एकाइहरू त्यसबेला नै प्राप्य

---

[१] भिक्टर प्रधान, **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँ : ने. रा. प्र. प्र., २०४४, पृ. १ ।

[२] ऐजन, पृ. २ ।

थिए तर गद्यका विधाहरू धेरै पछि मात्र देखापरेका हुन् । “वस्तुतः पाठ्यरूपको विकासपछि साहित्यमा पूर्व निर्धारित विधाहरूमा सुधार गर्दै (जस्तै आख्यान साहित्यमा सुधार गर्दै कथा, लघुकथा, अकथा, उपन्यास र महा उपन्यास प्रभृतिको विकास भयो ) र केही नयाँ विधाको जन्म दिँदै (जस्तै : साहित्यिक निबन्ध) गद्य साहित्यको फाँट उत्तरोत्तर उर्वर भएको देखिन्छ र आज जीवनी, आत्मकथा, संस्मरण, यात्रावृत्तान्त, रोजनाम्चा, शब्दचित्र, विवरण, भेटवार्ता, चिठ्ठी, प्रभृत्ति नव्य विधाहरू इतिहाससँग क्रस गराई कलमीद्वारा उब्जाइएको हाइब्रिड विधा प्रतीत हुन्छ । उपर्युक्त नव्य विधाहरूलाई नै सगोलमा ‘अन्य विधा’ भन्ने नाम दिइएको पाइन्छ ।”[3] यी उपविधाहरूलाई “स्वतन्त्र विधाको रूपमा”[4] अध्ययन गर्ने परम्पराको सुरुआत भइसकेको देखिन्छ; जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :




## २.२ अन्य विधाका मूलभूत विशेषता

साहित्यका क्षेत्रमा भरखर मात्र विकास हुँदै गरेका अन्यविधा (आत्मकथा, संस्मरण, विवरण, जीवनी ) आदिका केही समान मूलभूत विशेषता रहेका छन् जसका आधारमा यी विधाहरू गद्यका अन्य विधाहरूसँग छुट्टिन्छन् जुन यसप्रकार छन् :

### २.२.१ भुक्त जीवनकथा

“जीवनी, आत्मकथा, संस्मरण, यात्रा, शब्दचित्र, चिठ्ठी, विवरण, रोजनाम्चा र भेटवार्ता प्रभृत्ति सबै नव्य विधाहरू मानवको भोगमूलक जीवनमा आश्रित”[5] हुने हुनाले यी सबै

---

[3] वासुदेव त्रिपाठी, ‘साहित्यका मूलभूत विधाका सापेक्षतामा अन्य विधाको रेखाङ्कन’ **अरूणोदय**, (वर्ष ११, अङ्क २, २०३१), पृ. २३ ।

[4] राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ललितपुर : साझा प्रकाशन, २०४९, पृ. २६ ।

[5] वासुदेव त्रिपाठी, पूर्ववत् ।

विधाको मूलभूत विशेषता नै भुक्त जीवनकथा हो । “अन्य विधाको पूर्वाधार नै कुनै मानिसको भोगभुक्त जीवन हो ।”[६] यसमा कुनै मानिसले आफ्ना जीवनमा भोगेको सत्यतथ्य घटनाहरू प्रस्तुत गरेको हुन्छ । मानिसका जीवनमा देखापरेका सुखदुःख, रमाइला क्षणहरू, मर्मस्पर्शी घटनाहरू, उचारचढावहरू र जीवनका समस्याहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिने हुनाले यसमा अन्य साहित्यिक विधामा जस्तो काल्पनिकता, असान्दर्भिक घटनाहरू प्रस्तुत हुने सम्भावना कमै हुन्छ । त्यसै कारणले गर्दा कथा, कविता, उपन्यासभन्दा यी विधाहरू मानिसको इतिहास बनिसकेको जीवनको भोग, घटना वा परिवेशलाई यथार्थ रूपमा प्रस्तुत गर्न सक्षम हुन्छन् । “जीवनी, शब्दचित्र, भेटवार्ता आदिले मूलतः परोक्ष जीवनको सिङ्गो वा खण्ड-खण्ड प्रस्तुत गर्दछन् भने आत्मकथा, रोजनाम्चा, संस्मरण, यात्रा, चिठी आदिले मूलतः आत्मजीवनका खण्डहरू प्रस्तुत गर्दछन् ।”[७]

## २.२.२ आख्यानात्मकता

अन्य विधाको अर्को साझा विशेषता आख्यानात्मकता हो । हुन त यी विधाहरूमा कथा, उपन्यासमा पाइने जस्तो सङ्गठनात्मक स्वरूप भएको आख्यान पाइँदैन तर पनि यसमा रमरम आख्यान पाउन सकिन्छ । आख्यानको प्रयोग अन्य विधामा आआफ्नै ढङ्गले गरिएको पाइन्छ जसको कारण यी अन्यविधाहरूको आफ्नै छुट्टै स्वरूप देख्न सकिन्छ ।

## २.२.३ गद्यमयता

जीवन भोगाइका क्रममा प्राप्त अनुभूति, भावना एवम् आफ्ना विचारहरूलाई रोचक र सरल ढङ्गमा व्यक्त गर्न गद्य भाषा नै उपयुक्त हुने हुँदा अन्य विधाका सबै उपविधाको माध्यम गद्यभाषा हुन्छ । “पद्य भाषामा पनि जीवनी, आत्मकथा, पत्र आदि नलेखिइने होइन तर पद्यमा लेखिने विधा मूलतः कविताकै विभिन्न रूपअन्तर्गत पर्दछन् । यिनलाई अन्य विधाका हाँगा मान्न सकिन्छ किनभने अन्य विधा केवल गद्य साहित्यको मूलभूत विधाका सापेक्षतामा मात्र अन्य विधा भएको हो ।[८] यसर्थ गद्यमयता अन्य विधाका सबै विधाको साझा विशेषता हो ।

---

[६] भिक्टर प्रधान, पूर्ववत्, पृ. ४ ।

[७] ऐजन, पृ. ४ ।

[८] ऐजन, पृ. ५ ।

### २.२.४ विकासशील अवस्था

यी सबै उपविधाहरू साहित्यको परिप्रेक्ष्यमा विकासशील अवस्थामा छन् । छुट्टाछुट्टै यिनीहरूको पूर्ण विकास भइसकेको छैन । जसरी अन्य साहित्यिक विधा (गद्याख्यान, साहित्य र पद्य विधा) का आफ्नै सैद्धान्तिक स्वरूप छन् । त्यसरी नै यी उपविधाका सैद्धान्तिक स्वरूप विकसित भइसकेका छैनन् । यी उपविधाहरूका स्वरूप र प्रवृत्तिमा धेरै समानता हुनु र यी सबै विधा विकासशील अवस्थामा पाइनु यी विधाका मूलभूत विशेषता हुन् ।

## २.३ आत्मकथाको सैद्धान्तिक स्वरूप

### २.३.१ अर्थ र परिभाषा

आत्मकथा शब्द 'आत्म'+'कथा' दुई शब्दको योगबाट बनेको हो जसको अर्थ आफ्नै जीवनको इतिवृत्तलाई बुझाउने हुन्छ । "आफैले बनाएको आफ्नै वृत्तान्त"[९] आत्मकथाको शाब्दिक अर्थ हो ।

अङ्ग्रेजीमा Auto Biography भनेर चिनिने यसका आत्मचरित, आत्मकहानी, आत्मचरित्रजस्ता विभिन्न नाम भए पनि नेपालीमा आत्मकथा भन्ने नाम नै प्रचलनमा रहेको देखिन्छ । यो गद्य साहित्यमा देखापरेका नवीन विधा हो ।

आत्मकथालाई परिभाषित गर्ने क्रममा आआफ्नै किसिमका परिभाषा देखिएका छन् : "कलात्मक तथा साहित्यिक ढङ्गबाट व्यक्ति स्वयम्ले लेखेको आफ्नो जीवनी नै आत्मकथा हो ।"[१०]

यस्तै "साहित्यमा आत्मकथा भन्नाले सामान्यतः लेखकले उत्तम वा प्रथम पुरुष शैलीमा आफ्नो जीवन-वृत्तान्त लेखेको रचना भन्ने बुझिन्छ ।"[११]

निष्कर्षमा के भन्न सकिन्छ भने लेखक स्वयम्को इतिहास बनिसकेको भुक्त जीवनको यथार्थचित्रण गरिएको साहित्यिक रचना नै आत्मकथा हो ।

---

[९] बालकृष्ण प्रोखेल र अन्य, **नेपाली वृहत् शब्दकोश**, (सम्पा.), काठमाडौँ : ने. रा. प्र. प्र., २०५०, पृ. १०६ ।

[१०] माजदा असद, **गद्यकी नवीन विधाएँ**, दिल्ली : ग्रन्थ अकादमी, १९८६, पृ. ७१ ।

[११] भिक्टर प्रधान, पूर्ववत्, पृ. ३८ ।

## २.४ आत्मकथाका तत्त्वहरू

प्रत्येक साहित्यिक विधाका आआफ्नै किसिमका तत्त्वहरू हुन्छन् जसको समुच्चय योगबाट त्यस विधाको स्वरूप निर्माण भएको हुन्छ । आत्मकथा पनि एउटा साहित्यिक विधा भएकाले यसका आफ्नै किसिमका तत्त्वहरू रहेका छन् जुन यसप्रकार छन् :

### २.४.१ जीवन भोगाइको वर्णन

आत्मकथा भनेको स्वयं लेखकले आफ्नो भुक्त जीवनको बारेमा लेखेको रचना भएकाले जीवनका सारा भोगाइहरू यसको विषयवस्तु हुन्छ । जीवन भोग्ने क्रममा बाल्यकालदेखि लेख्दासम्मका महत्त्वपूर्ण घटनाहरू, स्मरणीय प्रसङ्ग, प्रेरणादायी क्षण तथा अनगिन्ती सुखद, दुःखद अनुभूतिहरूको आकर्षक प्रकाशन हुन्छ भने पाठकले पनि तत्कालीन युग र जीवनको जानकारी प्राप्त गर्दछ । अतः यही जीवन भोगाइको वर्णन नै मुख्य तथा अनिवार्य तत्त्व हो ।

### २.४.२ परिवेश

आत्मकथाकारहरूले आफूले भोगेको युगलाई आत्मकथामा उतारेको हुन्छ । तत्कालीन समय, तिथिमिति, घटना, घटितस्थान र वातावरणको दुरुस्त पुनः सृजन आत्मकथाको जीवन हो । आत्मकथामा आफ्नो जीवनको चित्रणका साथै पूरै परिवेशको अभिव्यक्ति हुन्छ । परिवेश चित्रणमा विश्वसनीयता देखिए मात्रै पाठकमा कलात्मक भ्रम सिर्जना हुन सक्दछ । परिवेश चित्रणमा आत्मकथाकारको व्यक्तित्वले विशेष भूमिका खेलेको हुन्छ । यदि आत्मकथाकार आफू साहित्यकार छ भने तत्कालीन साहित्यिक वातावरणको चित्रण गर्दछ, यदि राजनीतिक व्यक्ति भए उसले राजनीतिक वातावरणको चित्रण गर्दछ ।

### २.४.३ तटस्थता

जीवनका सारा भोगाइ, घटना, पात्रहरूप्रति निष्पक्ष भएर प्रस्तुत हुनसक्नु नै तटस्थता हो । लेखकले आफ्नो जीवनमा गरेका राम्रा, नराम्रा, नैतिक तथा अनैतिक सबै क्रियाकलापलाई बिना सङ्कोच प्रस्तुत गर्नु अनिवार्य हुन्छ । अरूलाई ढाँटे पनि मान्छेले आफूलाई ढाँट्न सक्दैन यसर्थ आत्मकथामा सत्यतालाई महत्त्वपूर्ण तत्त्वको रूपमा लिइन्छ र आत्मकथाकारहरूको स्वीकारोक्तिलाई पूर्ण विश्वास गरिन्छ । हुन त परिवर्तित धारणा, स्मरण शक्तिको ह्रास,

आत्मश्लाघा, आत्मसङ्कोच, नैतिकता आदिले आत्मकथाकारलाई तटस्थताबाट चिप्ल्याउन सक्छ तापनि तटस्थता यसको महत्त्वपूर्ण तत्त्व हो ।

### २.४.४ पात्र

आत्मकथाको आख्यानलाई अगाडि बढाउन तथा घटनालाई पुष्टि गर्न पात्रको आवश्यकता पर्दछ । यसको नायक स्वयं लेखक हुन्छ र उसको माध्यमबाट नै सम्पूर्ण घटना वा क्रियाकलाप उद्घाटित हुन्छ । आत्मकथामा अन्य गौण पात्रको प्रयोगको प्रसङ्गअनुसार गरिएको हुन्छ । यसमा केन्द्रीय पात्रको भव्य चित्रण भएको हुन्छ भने अन्य पात्र प्रसङ्गअनुरूप उपस्थित हुन्छन् र यिनलाई पातलो आख्यान सूत्रले जोडेको हुन्छ ।

### २.४.५ सुसङ्गठन

आत्मकथा लेखक स्वयंले भोगेको युग र जीवन प्रस्तुति हुने भए तापनि साराका सारा दैनन्दिनीहरूको अभिलेख जस्तो नभएर यो आकर्षक र उपयुक्त घटना, क्षण तथा अनुभूतिले गठित हुन्छ । यसमा जीवन भोगेको समयक्रम र घटनाको क्रमबद्ध प्रस्तुति हुन्छ । जीवन भोगाइका सिलसिलेबार प्रस्तुति बिना आत्मकथा जीवन्त बन्न सक्दैन । आत्मकथामा घटना, प्रसङ्ग, विस्तार, परिवेश आदिको सुसङ्गठन अपरिहार्य हुन्छ ।

### २.४.६ भाषाशैली

आत्मकथा गद्य साहित्यमा देखापरेको उपविधा भएकाले यसको भाषा गद्य नै हुन्छ । पात्र, तत्कालीन परिवेश र प्रसङ्गअनुरूपको भाषाको प्रयोग, वाक्यमा बिम्ब र प्रतीकको आयोजना तथा अभिव्यक्तिलाई लयात्मकता प्रदान गर्न स्थानीय लोकोक्ति, मुहावरा एवं भाषिक प्रयुक्तिको संयोजनले आत्मकथालाई रोचक र सुगठित बनाउँछ ।

आत्मकथामा लेखकले आफ्नो जीवनको घटनालाई उत्तम पुरुष शैलीमा प्रस्तुत गर्ने हुँदा यसमा निजात्मक शैलीको प्रयोग हुन्छ । यसमा वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक विधिलाई समन्वय गरी लेखकले निजी शैलीको निर्माण गर्दछ ।

## २.५ आत्मकथा उपविधाको अन्य विधाभित्रका उपविधासँग तुलना

### २.५.१ आत्मकथा र जीवनी

गद्यको अन्य विधाअन्तर्गतको एक उपविधा जीवनी साहित्य पनि हो । “सामान्यतया मावन प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका चक्रलाई सामान्यतः

जीवन, जिन्दगी वा जिन्दगानी भनिन्छ । त्यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ ।"[१२] साहित्यिक विधाका सन्दर्भमा यसलाई परिभाषित गर्दा "जीवनी व्यक्ति विशेषको जीवनका वास्तविक घटनाको सुन्दर एवं कलात्मक प्रस्तुतिको इतिहास हो ।"[१३]

अर्को शब्दमा भन्दा कुनै विशिष्ट व्यक्तिको जीवनी जीवनीकारले उसलाई चिनाउनका निमित्त लेखिदिन्छ, जसबाट पाठकले त्यस विशिष्ट व्यक्ति एवम् त्यस युगको बारेमा जानकारी प्राप्त गर्न सक्छ तर आत्मकथा भनेको स्वयं लेखकले आफ्नो बारेमा लेखेको कृतिलाई मान्न सकिन्छ । आत्मकथा आफ्नै जीवन भोगाइको पूर्ण तथा खण्डित इतिहास हो भने जीवनी व्यक्तिको सामान्यतया पूर्ण इतिहास हो । आत्मकथा आत्मपरक हुने हुँदा यसमा जीवन भोगाइले रागात्मक र कलात्मक आवरणको प्रस्तुति पाएका हुन्छन् तर जीवनी वस्तुपरक हुने हुँदा यसमा निजी संवेदनाको अभाव हुन्छ । जीवनी लेखनमा जीवनीकारलाई आफ्नो मान्यता, विचार तथा सिद्धान्त प्रस्तुत गर्ने स्वतन्त्रता हुँदैन तर आत्मकथामा यस्तो स्वतन्त्रता पाइन्छ ।

केही असमानता देखिए पनि यी दुवै गद्य विधाभित्र पर्दछन् । परिवेशचित्रण, भाषाशैली, तटस्थ, अभिव्यक्तिजस्ता कुरामा यी दुवै विधामा समानता पाइन्छ । पात्रको हकमा जीवनीमा केन्द्रीय पात्रको रूपमा जीवनीकृत व्यक्ति हुन्छ भने आत्मकथामा आत्मकथाकार । यी दुवै विधाले कुनै मानिसको जीवन वृत्तान्त रोचक र प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने प्रयास गर्दछन् । "जीवनीकारले नायकको जन्मदेखि मृत्युसम्मको वास्तविक जीवन कहानी कथ्दछ भने आत्मकथाले आफ्नै जीवन आख्यान उत्तम पुरुष शैलीमा भन्दछ ।"[१४] यही नै दुवै विधाबीचको मूल भिन्नता हो ।

## २.५.२ आत्मकथा र संस्मरण

गद्यको अन्य विधाअन्तर्गतकै एक उपविधा संस्मरणलाई अङ्ग्रेजी साहित्यमा Memoir भनिन्छ । "अनुभव तथा स्मृतिका आधारमा रचिएको आत्मीयतापूर्ण साहित्यलाई संस्मरण भनिन्छ ।"[१५] संस्मरणमा लेखकको "जीवनसित सम्बद्ध कुनै घटना अर्थात् क्षणमा उसले सुनेजानेका (पढेका) कुनै विशिष्ट कुराको कलात्मक चित्रण पाइन्छ ।"[१६]

---

[१२] ऐजन, पृ. २८ ।

[१३] माजदा असद, पूर्ववत्, पृ. २० ।

[१४] भिक्टर प्रधान, पूर्ववत्, पृ. ५४ ।

[१५] माजदा असद, पूर्ववत्, पृ. १० ।

[१६] भिक्टर प्रधान, पूर्ववत्, पृ. ५६ ।

मानिसले विभिन्न कारणले आत्मकथा लेख्छ चाहे आत्म प्रकाशनको लागि होस् वा आफूले गरेका असल कार्यको जस लिन वा भनौं आफूद्वारा गल्ती गरिएका कामहरूमाथि प्रायश्चित्त गर्ने उद्देश्यले नै किन नहोस् । आत्मकथाकारलाई आफ्नो चरित्र उद्घाटन गर्न कठिनाइ हुन्छ किनकि त्यसमा आत्मश्लाघाले अनावश्यक बखान गर्ने खतरा उत्पन्न हुन्छ भने आत्मसङ्कोचले गर्दा बाहिर आउनुपर्ने कुराहरू पनि आउन सक्दैनन् । अझै जटिलता त आत्मकथाकारको झुकाउ अनुरूप हरेक घटना र विषयलाई विश्लेषण र प्रस्तुत गर्ने प्रवृत्तिले उत्पन्न गर्न सक्छ; जसबाट सत्य बाङ्गिन्छ र इतिहास बरालिन्छ । लेखकको स्मरण शक्तिको अभावले आवश्यक कुराहरू समेत छुट्न सक्ने सम्भावना हुन्छ । यस्तो स्थितिमा आत्मकथाकारले संस्मरणको सहारा लिनुपर्ने हुन्छ । संस्मरण आत्मकथाको पूर्व रूप हो तर अनुच्छेद होइन किनभने संस्मरण सङ्कलन गरेर आत्मकथा बन्न सक्दैन जसरी कथासङ्ग्रह उपन्यास बन्न सक्दैन । भाषाशैली, परिवेशको चित्रण, भोगाइको इतिहास, प्रस्तुतिमा तटस्थता आदिमा समानता देखिए पनि संस्मरण भावुकताले ओतप्रोत भएको जीवनको एउटा भोगाइ, एउटा घटना, दृश्य तथा वस्तुको कलात्मक प्रस्तुति हो भने आत्मकथा भावुकता कम तटस्थता बढीले उनिएको जिन्दगानीका अनेक भोगाइ र घटनाका पूर्वापर शृङ्खला हो ।

पात्र दुवैमा अनिवार्य भए पनि संस्मरणमा मात्र कम हुन्छ तर आत्मकथामा थुप्रै गौण पात्रको प्रयोग गर्न सकिन्छ । आत्मकथामा केन्द्रीय पात्र लेखक हुन्छ भने परात्मक संस्मरणमा लेखक परिधीय पात्र हुन्छ तर आत्मसंस्मरणमा केन्द्रीय पात्र लेखक नै हुन्छ । संस्मरणमा परिवेशको सङ्क्षिप्त चित्रण हुन्छ भने आत्मकथामा परिवेशको व्याप्त चित्रण हुन्छ । अतीतका दिनहरू बारे लेखकको मनोगत चित्रणको छुट संस्मरणमा हुने भएकाले यसले आत्मकथासित निकटतम सम्बन्ध राख्ने जस्तो देखिए पनि संस्मरण अलि इतिहासमूलक हुन्छ । रूपाकृतिका दृष्टिले हेर्दा आत्मकथा, संस्मरण र जीवनीका बीचमा रहन्छ भने संस्मरण, आत्मकथा र शब्दचित्रका बीचमा रहन्छ ।

### २.५.३ शब्दचित्र र आत्मकथा

अन्य विधाको महत्त्वपूर्ण उपविधा शब्दचित्र हो । “कुनै पनि स्थान, घटना वा वस्तुको कुनै कुशल चित्रकारले तयार पारेको सुन्दर चित्रझैं शब्दचित्र लेखकले थोरै शब्दद्वारा गहिरो

अभिव्यक्ति प्रकट गर्ने गरी सजीव चित्रण गरिएको गद्य विधा हो ।"[१७] "चित्रकलाबाट साहित्यमा भित्रिएको शब्दचित्रमा "[१८] शब्दमा उही काम गर्दछ जुन काम चित्रकलामा रेखाले गर्दछ ।

"शब्दचित्र Sketch जस्तो लागे पनि अङ्ग्रेजी साहित्यमा यसलाई Thumnail (थम्बनेल) भनिन्छ ।"[क] नेपालीमा रेखाचित्र, शब्दचित्र, शब्दाङ्कनजस्ता पर्यायवाची नामको प्रयोग भए तापनि शब्दचित्र नै प्रचलित रहेको छ ।

शब्दचित्रको लघु स्वरूपले नै यसलाई आत्मकथाबाट पृथक् राख्दछ । आत्मकथा सधैँ व्यक्ति मान्छेमा केन्द्रित रहन्छ भने शब्दचित्र स्थान, घटना वा वस्तुमा केन्द्रित रहन सक्छ । यसले सधैँ सफलचित्रले जस्तै हृदयस्पर्शी छाप छाड्छ । शब्दचित्रमा विषयको बाह्यचित्र सफलतापूर्वक उतार्न सकिन्छ तर अन्तरको चित्र उतार्न सकिन्न किनकि यसमा वस्तुगत र सीमित दृष्टिबिन्दुको प्रयोगको बाहुल्य रहन्छ साथै कथनात्मक विधिको भन्दा प्रदर्शनात्मक विधिको वैशिष्ट्य रहन्छ तर आत्मकथामा निजात्मक शैलीको प्रयोग, कथनात्मक प्रस्तुति विधिको उपयोग गरी आफू स्वयंको वर्णन गरिने हुँदा यिनमा बाह्य एवम् आन्तरिक चित्र सजिलै उतार्न सकिन्छ । "लेखकको संलग्नता रहेको घटना, स्थान वा व्यक्ति चरित्रसित सम्बद्ध शब्दचित्र किञ्चित् आत्मकथा र संस्मरणको नजिक भए पनि तिनका तुलनामा शब्दचित्रमा चित्रात्मक सजधजकै क्रममा भावात्मक रागात्मकता केही बढी रहन्छ ।"[१९]

## २.५.४ आत्मकथा र नियात्रा

अन्य विधाको उपविधाको रूपमा देखापरेको नियात्रालाई अङ्ग्रेजी साहित्यमा Travell Account भनिन्छ भने नेपालीमा यो यात्रावृत्तान्त र यात्रासंस्मरण आदिको नामले प्रसिद्ध छ । "यात्रामा निस्कने यात्रीले आफूले देखेको, भोगेको र अनुभवमा समेटेका अनुभूति पुञ्जमा पाइने तत्त्वलाई निबन्धको रूपमा स्थापना गरिएको रचनालाई नियात्रा भनिन्छ ।"[२०]

अर्को शब्दमा भन्दा मानवले जीवन भोगाइका सन्दर्भमा गरेका महत्त्वपूर्ण र स्मरणीय यात्राको आत्मपरक शैलीमा गरिएको भावनाप्रधान र कलापूर्ण वृत्तान्तलाई नियात्रा भनिन्छ ।

[१७] ऐजन, पृ. ५८ ।

[१८] ऐजन, पृ. २२ ।

क. रमेशचन्द्र रोका, **पारिजातका अन्यविधाको विश्लेषणात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५), पृ. २८ ।

[१९] ऐजन, पृ. ५८ ।

[२०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ४६ ।

यात्रावृत्तान्त स्थानविशेषको सांस्कृतिक रीतिरिवाज, इतिहास, प्राकृतिक सौन्दर्य, त्यहाँका मानिसका विचार, प्रभृत्ति, स्थानीय इतिवृत्तको सजीव साहित्यिक चित्रण हो ।

नियात्रा तथा आत्मकथा यी दुवै विधामा आफ्नै जीवनका भोगाइहरूको प्रस्तुति निजात्मक पारामा पाइनुका साथै भावप्रवण भाषा, परिवेशको आकर्षण चित्रणमा पनि समानता देखिन्छ । नियात्रामा पात्र कम हुन्छन् भने आत्मकथामा स्वभावैले पात्र बढी हुन्छन् । जीवन भोगाइको प्रस्तुतिकै सन्दर्भमा पनि अनुभूतिको अपेक्षा परिवेश चित्रण र अनुसन्धानमा नियात्रा बढी केन्द्रित हुन्छ । त्यसकारण यस विधामा बाह्य सौन्दर्यको उद्घाटन हुन्छ । रूपाकृतिका दृष्टिले नियात्रा, संस्मरण र शब्दचित्रको मध्यस्थ देखा पर्दछ भने वर्ण्य विषयका दृष्टिले यो विधा दैनिकी र विवरणको निकटवर्ती देखापर्दछ ।

## २.५.५ आत्मकथा र विवरण

"प्रतिभावान् लेखकले स्वयं देखे, भोगेका वास्तविक घटनाको साहित्यिक एवम् कलात्मक रिपोर्ट नै विवरण हो ।"[२१] यसमा लेखकले प्रामाणिक तथ्यका साथै आफ्नो दृष्टिकोण र प्रतिक्रियालाई समेत समायोजन गरेको हुन्छ । समाजमा घटेका वास्तविक घटनालाई प्रत्यक्षदर्शीले झैं आफ्ना अनुभूति, दृष्टिकोण, सशक्त कलाका सहाराले मनोरम र चित्रात्मक ढङ्गमा गरिने घटना वृत्तान्त नै विवरण साहित्य हो ।

"अङ्ग्रेजी र फ्रेन्च साहित्यबाट उदाएको यस विधालाई अङ्गेजीमा Report भनिन्छ भने फ्रेन्चमा रिपोतार्ज भनिन्छ ।"[क] नेपाली साहित्यमा यसलाई विवरण, घटनालेखन भन्ने नाम दिइएको पाइन्छ । दोस्रो महायुद्धका समयमा युरोपेली साहित्यमा यो विधाको जन्म भएको हो ।

आत्मकथामा सधैं आत्मपरकता पाइन्छ भने यसमा विवरणात्मकता र वस्तुपरकता बढी हुन्छ । यो समसामयिक विषयमा लेखिने हुँदा आत्मकथामा पाइने घटना वर्णनभन्दा सधैं ताजा र विस्तृत हुन्छ किनकि विवरण लेखनमा घटनाको ताजा सम्झना हुने गरेको पाइन्छ । आत्मकथाको वर्ण्य विषय भोगमूलक जिन्दगानी हुन्छ भने विवरणको वर्ण्य विषय बाह्य घटना हुन्छ ।

## २.५.६ आत्मकथा र अन्तर्वार्ता

"अन्तर्वार्ताको जेजस्तो सुकै शाब्दिक अर्थबोध हुन सके तापनि यसले व्यवहारमा कुनै चर्चित वा विशिष्ट व्यक्तिसित गरिएका औपचारिक प्रश्नोत्तर कुराकानी भन्ने रुढ अर्थबहन

[२१] भिक्टर प्रधान, पूर्ववत्, पृ. ६० ।

क. रमेशचन्द्र रोका, पूर्ववत्, पृ. २९ ।

गरिसकेको छ ।" अन्तर्वार्ता भन्ने शब्द पत्रकारिताको क्षेत्रबाट आएको हो । "सामान्यतया अन्तर्वार्ता साहित्य भन्नाले साहित्य, कला, राजनीति, धर्म, समाजसेवा आदि विविध क्षेत्रका विशिष्ट प्रतिभा वा व्यक्तिसँग साक्षात्कार गरी तिनीहरूसित गरिएको अन्तरङ्ग वार्तालाप भन्ने बुझिन्छ ।"[२२] अन्तर्वार्तामा केन्द्रीय पात्र नायक र अन्तर्वार्ताकारको समान भूमिका हुन्छ । "अन्तर्वार्ता जोसँग लिइन्छ त्यो व्यक्ति अर्थात् नायक त अवश्यै महत्त्वपूर्ण हुन्छ तर अन्तर्वार्ताकारको पनि कम महत्त्व हुँदैन किनकि अन्तर्वार्ताकारले नै नायकबाट जान्नयोग्य कुराहरू विषयको गहिराइमा पुगेर पाठकसामु प्रस्तुत गर्दछ ।"[२३]

अङ्ग्रेजी साहित्यमा Interview को नामले प्रसिद्ध यस विधालाई नेपालीमा भेटवार्ता, वार्तालाप आदि नामले पनि चिनिएको पाइन्छ । वार्ता विषय जेसुकै हुनसक्छ भने साहित्यिक अन्तर्वार्ताको भाषा, कला, संस्कृतिमध्येकै एक हुन्छ यस्ता अन्तर्वार्ताहरूले गर्दा साहित्यकारहरूको धारणा बुझिने हुनाले उनीहरूका कृतिलाई पनि सजिलै बुझ्न सकिन्छ ।

अन्तर्वार्ता र आत्मकथा दुवै सत्यतथ्य विद्यमान हुन्छ तर भावुकता र पातला आख्यानको लिपपोत अन्तर्वार्तामा हुँदैन । यसको शैली प्रश्नोत्तरात्मक र विवरणात्मक हुन्छ भने आत्मकथाको शैली निजात्मक हुन्छ । अन्तर्वार्ता प्रकाशन वा प्रसारणको लागि तयार पारिन्छ तर आत्मकथामा प्रसारण हुँदैन । अन्तर्वार्तामा संवाद निकै महत्त्वपूर्ण तत्त्वका रूपमा रहन्छ । यसमा बहुनायकको स्थिति रहन सक्छ तर आत्मकथामा एउटै नायक हुन्छ ।

### २.५.७ आत्मकथा र पत्रसाहित्य

"लेखकले प्रापकसँग सहज, सुमधुर सम्बन्ध स्थापित गर्न लेखिएका सुन्दर, सुरुचिपूर्ण शैलीका पत्र नै साहित्यिक दृष्टिकोणले महत्त्वपूर्ण हुन्छ ।"[२४] गद्य साहित्यको अन्य विधाको उपविधाको रूपमा पत्र साहित्यलाई पनि लिन सकिन्छ ।

"पत्र साहित्यलाई अङ्ग्रेजीमा Letter भनिन्छ भने हिन्दी साहित्यमा पत्रसाहित्य भन्ने नाम नै प्रचलित छ । नेपाली साहित्यमा यसलाई चिठ्ठी तथा पत्रको संज्ञा दिइएको पाइन्छ ।"[क]

---

[२२] माजदा असद, पूर्ववत्, पृ. १६ ।

[२३] ऐजन, पृ. १६ ।

[२४] डा. केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, ललितपुरः साझा प्रकाशन, २०४९, पृ. २०९ ।

क. मनमाया पाठक, **संस्मरणकार विश्वेश्वरप्रसाद कोइरालाको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६), पृ. ४३ ।

विभिन्न कारणले गर्दा व्यक्ति पत्र लेख्दछ, जब भौगोलिक दूरीका कारण आफ्नो मनको कुरा आमुन्नेसामुन्ने भन्न सकिँदैन वा नजिकै भए पनि मनका कुराहरू पोख्न नसकिने अवस्थामा पत्र लेखिन्छ किनकि यसबाट भावनात्मक कुराहरूलाई सहज अभिव्यक्ति दिन सकिन्छ । पत्रको विषय जेजस्तो भए पनि हरेक पत्रको आफ्नै मोल हुन्छ । पत्रहरू प्रकाशनको लागि लेखिन्न त्यसैले पत्रमा सहज भावना अनुभूति र विचारको निर्झर प्रवाह, निजी भाषा एवं भोगाइको सपाट अभिव्यक्ति हुन्छ । "अझ मायालुलाई लेखिने पत्रमा त सौहार्द भाषा, कलात्मक शैली, आत्मिक उद्‌गार एवम् कोमल भावना र अनुभूति पोतिने हुँदा त्यस्ता पत्रमा लेखक आन्तरिक तहदेखि नै उदाङ्गिएको हुन्छ । यस्ता प्रकृतिका पत्रमा अनौपचारिक तर मौलिक साहित्यिक स्वाद प्राप्त गर्न सकिन्छ ।"[२५] तर साहित्यिक प्रयोजनका निमित्त लेखिने पत्रमा साहित्यिक सचेतता र कृत्रिमताका कारण फिकापन देखिन्छ ।

जीवन भोगाइको अभिव्यक्ति, इमानदारिता, सम्प्रेषणीय भाषाशैली, परिवेशको चित्रण आदिमा यी दुवै विधामा समानता देखिए तापनि पत्रमा जीवनको भोगको एक भोगाइ, एक प्रसङ्ग मात्र अभिव्यक्त हुन्छ भने आत्मकथामा जीवन भोगको समग्र इतिवृत्त अभिव्यक्त हुन्छ । आत्मकथाको केन्द्रीय पात्र लेखक हुन्छ र अन्य थुप्रै गौण पात्रहरू रहेका हुन्छन् तर पत्रको केन्द्रीय पात्र लेखक स्वयं नै या पत्र प्रापक या तेस्रो व्यक्ति पनि हुन सक्छ । आत्मकथामा प्रकाशनको मोह भए पनि पत्रले प्रकाशनको कल्पना गरेको हुँदैन । रूपाकृतिका दृष्टिले आत्मकथा, संस्मरण र जीवनीको बीचमा देखापर्दछ भने पत्र विवरण र संस्मरणका बीचमा पर्दछ ।

## २.५.८ आत्मकथा र दैनिकी एवम् रोजनाम्चा

अङ्ग्रेजी साहित्यमा Diary (डायरी) ले चिनिने यो विधा गद्य साहित्यको उपविधाअन्तर्गतको अर्को विधा हो । यसलाई हिन्दी र नेपालीमा दैनिन्दिनी, डायरी, दैनिकीजस्ता नामले चिनिन्छ । ठेट नेपाली भाषामा यसलाई रोजनाम्चाको नामले पनि चिनिन्छ ।

"रोजनाम्चा वा दैनिन्दिनी दिनभरका घटनाहरूको त्यस्तो दैनिक आलेखन हो जसमा लेखक आफैले देखेका, गरेका अथवा सुनेका कुरा घटित क्रमअनुसार लेखिन्छ ।"[२६] अर्को शब्दमा

---

[२५] भिक्टर प्रधान, पूर्ववत्, पृ. ६४ ।

[२६] ऐजन, पृ. ५९ ।

भन्दा "जब कोही व्यक्ति तिथिमितिका आधारमा जीवनमा घटित घटनाहरू आफूले देखेभोगेका अनेक परिस्थिति धार्मिक, राजनीतिक, सामाजिक र साहित्यिक गतिविधिको चित्रण निजी अनुभवको साथ गर्दछ भने यस्ता साहित्यिक विधा दैनिकी कहलाउँछन् ।"[२७]

हुन त कतिपय विद्वान्हरूले रोजनाम्चालाई आत्मकथाको प्रारम्भिक रूप मानेका छन् । यो केही हदसम्म आत्मकथाको प्रारम्भिक रूप पनि हो । त्यसैकारण यो आत्मकथाजस्तै आत्मपरक हुन्छ । घटनाहरू लेखकको आफ्नो अनुभव, धारणा र दृष्टिकोणअनुसार प्रस्तुत गरिएका हुन्छन् तर रोजनाम्चामा प्रत्येक दिनका कुराहरूलाई तिथिमितिका साथ प्रस्तुत गरिएको हुन्छ । दैनिकी प्रकाशनका निम्ति लेखिँदैन तर आत्मकथा लेखिन्छ । रागात्मक भाषा, कलात्मक साजसज्जाको नितान्त अभाव दैनिकीमा देखिन्छ तर आत्मकथामा देखिन्न । दैनिकी, आत्मकथा एवम् संस्मरणको निम्ति महत्त्वपूर्ण स्रोतसामग्री हुन्छ ।

---

[२७] माजदा असद, पूर्ववत्, पृ. २१ ।

## तेस्रो परिच्छेद

## वि. सं. २०४० पछिका नेपाली आत्मकथा ग्रन्थको कालक्रमिक विवरण

### ३.१ वासु पासा 'फर्केर हेर्दा' (२०४४ फागुन, पासा प्रकाशन)

यो आत्मकथा वि. सं. १९८२ मा जन्मेका वासुपासाको हो । उनी एक राजनीतिज्ञ मात्र नभई साहित्यकार पनि हुन् । प्रस्तुत कृतिलाई उनले संस्मरण भनेका छन् । आत्मकथाकार स्वयम् लेख्छन् :

"फर्केर हेर्दा आफ्नो जीवनको प्रारम्भदेखि लिएर सक्रिय राजनैतिक जीवनको ६ दशक सम्मको अवधिमा देखेजानेका तीतामीठा समयसमयका घटनाहरूको सर्सरी संस्मरण हो ।"

आत्मकथाकारले यस कृतिलाई संस्मरण भने पनि यसमा उनको जन्मको प्रसङ्गदेखि जागिरबाट अवकाश पाएसम्मका घटनाहरूलाई उमेरवृद्धि क्रममा चित्रित गरिएकाले यो कृति संस्मरण नभएर आत्मकथा नै हो । आत्मकथाकारले आफ्नो मातापिताको छोटो परिचय दिएर यसको युगको प्रारम्भ गरेका छन् । आफ्ना आमाबुबाका ५ छोरा र ४ छोरीमध्ये ३ छोरी बिफरको प्रकोपले मरेका र आफू पनि बिफरको सिकार भएको तर बाँच्न सफल भएको (पृ. ५), आफूहरूले राजदरबारको पूजाकोठाको लागि फलफूल लैजाने ठेक्का पाएको (पृ. ७), त्यही काम गर्दागर्दै आत्मकथाकार विश्वराज मिश्रकहाँ चाकरी गर्न पुगेको तर सानो कारणले अपमानित भएर आएपछि परोपकार संस्थासँग आबद्ध भएको (पृ. ३५), नेपालको राजनैतिक वातावरणमा परिवर्तन आउन थालेको, आफूले जागिरदार सङ्घको नाममा पम्प्लेट छरेको (पृ. ४०), प्रजातन्त्र ल्याउनको लागि आफू जीउज्यान अर्पेर लागेको, तत्कालीन राजा त्रिभुवन भारतीय राजदुतावासमा शरण दिन जाँदा आफू फर्काउन गएको तर असफल भएको (पृ.४५), २००७ सालपछि राजा त्रिभुवन नेपाल फिर्ता हुँदा आफू स्वागत गर्न गएको, त्रिभुवनले बदलास्वरूप केही माग भन्दा नमागेको कुरो उल्लेख गरिएको छ । वस्तुत यस आत्मकथामा आलोच्य आत्मकथाकारले आफ्ना जीवनका घटनाहरूको विवरणात्मक चित्रण मात्र गरेका छन् । भावनात्मक कुराहरूको अभावले प्रस्तुत आत्मकथामा केही शङ्कास्पद कुराहरू पनि देखापर्दछन् । उदाहरणको लागि आत्मकथाकारले आफू विश्वराज मिश्रबाट अपमानित भएर

निकालिएपछि आफ्नो साह्रै चित्त दुखेको (पृ. १५), त्यसैबेला एउटा कविता लेखेपछि आफ्नो मन हल्का भएको कुरो उल्लेख गरेका छन् तर कविता लेख्नको लागि आत्मकथाकार शिक्षित हुनु आवश्यक छ । उनले कति पढे, साक्षर वा निरक्षर के हुन् ? त्यसको बारेमा यस कृतिमा केही पनि उल्लेख भएको पाइँदैन । अझै अगाडिको एक प्रसङ्गमा राजा त्रिभुवनलाई आफू फर्काउन गएको एवम् २००७ सालको सम्झौतापछि त्रिभुवन स्वदेश फर्कँदा आफू स्वागत गर्न गएको (पृ. ४५) र राजा त्रिभुवनले उनलाई आफ्नो लागि केही माग्न भनेबाट के अड्कल गर्न सकिन्छ भने उनको राजासँगको सम्बन्ध सामान्य चिनापर्ची भन्दा बढी थियो तर राजासँग उनको पहिलो भेट कसरी भयो भन्ने बारेमा कुनै अत्तोपत्तो पाइँदैन । यसरी कार्यकारण सम्बन्धका कुराहरूको अभावले गर्दा प्रस्तुत आत्मकथामा केही अस्पष्टता देखिए पनि यो आत्मकथा रोचक नै छ । प्रस्तुत आत्मकथा आत्मकथाकारको उमेर वृद्धिक्रमअनुसार लेखिएको छ । घटित घटनाहरू तिथिमितिकै क्रमअनुसार लेखिएको र त्यसमा केही खजमज नपाइनाले यसको संरचना पक्ष प्रबल नै छ ।

विश्वराज मिश्रको अपमान पूर्ण व्यवहार (पृ. १५), त्रिभुवन विश्वविद्यालय निर्माण गर्दा टङ्कप्रसाद आचार्यले राजालाई ठगेको (पृ. ५०) एवम् वी. पी. कोइरालाको धम्कीपूर्ण व्यवहारलाई हाकाहाकी प्रस्तुत गरेका छन् तापनि आफूलाई प्रेममा धोकादिने तराईकी जिमिदारकी छोरी भनिएकी युवतीको नाम उल्लेख नगरिएबाट उनको हक्कीपनमा धक्का पुगेको छ ।

परोपकार संस्थामा संलग्न भएर काम गरेपछि विस्तारै उनको राजनीतिक जीवन सुरु भयो । त्यसै क्रममा २००७ सालपछि लेखक कम्युनिस्ट सङ्गठनमा आबद्ध भए तर उनी त्यहाँबाट पनि अपमानित भएर निक्ले । अब उनी मातृकाप्रसाद कोइरालाको निर्देशनमा काङ्ग्रेस पार्टीमा लागे र २०१५ सालको चुनावमा उम्मेद्वारका रूपमा खडा भए तर उनले चुनावमा पराजय भोग्नुपऱ्यो । २०१७ सालको राजा महेन्द्रको कदमपछि उनी जेलमा थुनिए तर केही समयपछि रिहा गरिए र राजा महेन्द्रकै पहलमा भूमिसुधार अधिकारीको रूपमा जागिर खान थाले र यहीबाट उनको राजनैतिक जीवन अन्त्य भएको पाइन्छ । आत्मकथाकारको राजनीतिक जीवनको विवरण यहाँ प्रस्तुत गर्नुको खास कारण के हो भने यसबाट लेखकको आत्मश्लाघाको पर्दाफासको साथै उनको चरित्रको पनि विश्लेषण गर्न सकिन्छ ।

लेखकले प्रस्तुत आत्मकथामा राजा त्रिभुवनसँग राम्रो सम्बन्ध भएको, राजा त्रिभुवनको मृत्यु हुँदा आफू निकै दुखित भएको एवम् प्रजातन्त्र ल्याउनको लागि आफूले जीउज्यानको पर्वाह नगरेर काम गरेको कुरालाई निकै महत्त्वका साथ वर्णन गरेका छन् तर आफ्नै एक भाषणमा उनले "त्रिभुवनको टाउको ओखलमा हालेर क्याचक्याच किच्नुपर्छ ।"[२८] भनेका थिए । यस प्रसङ्गबाट उनले राजा त्रिभुवनका बारेमा भन्ने गरेका कुराहरू सत्य होइनन् कि, ती केवल लेखकका समयानुकूल आत्मश्लाघा मात्रै हुन् कि भन्ने आशङ्का गर्न सकिन्छ । आत्मकथाकारले २०१५ सालको निर्वाचनमा बी. पी. कोइरालाले आफूलाई धम्कीपूर्ण पत्र दिएको कुरो उल्लेख गरेका छन् तर "बी. पी. कोइरालाले भाषण गर्दा मञ्चमै गएर बी. पी. लाई चुट्ने एवम् बी. पी. पत्नीसँग अभद्र व्यवहार गर्ने उनी र उनको समूह नै थिए ।"[२९] भन्ने कुरा उल्लेख गरेका छैनन् । यसबाट के अनुमान गर्न सकिन्छ भने लेखकले दिने गरेका विवरणहरू समयानुकूलका आत्मश्लाघा मात्रै हुन् किनकि आत्मकथाकारले आफ्नो गल्ती, कमीकमजोरीलाई लुकाएर अरूको मात्रै गल्ती देखाई आफू चोखो बन्न खोजेका छन् ।

लेखकले गरेको आफ्नो राजनीतिक जीवनको सत्यनिष्ठ चरित्रबाट लेखकको चरित्रचित्रण गर्न सकिन्छ । लेखकले एकतर्फ त्रिभुवन आफ्नो लागि आदरणीय भएको कुरो प्रस्तुत गरेका छन् तर अर्कोतर्फ उनी आफ्ना तिनै आदरणीय राजालाई मान्नुपर्छ भन्न पनि पछि पर्दैनन् । २००७ सालपछि लेखक कम्युनिस्ट सङ्गठनमा आबद्ध भए तर उनी त्यहाँ पनि धेरै समयसम्म टिक्क सकेनन् वा भनौँ सङ्गठनप्रति बफादार हुन सकेनन् जुन कुरा उनकै भनाइबाट प्रस्ट हुन्छ । उनी त्रिभुवनलाई भन्छन् : "म त्यही सङ्गठनमा बसेर कम्युनिस्टहरूको बाजा बजाइदिन्छु ।" उनको त्यस्तै प्रवृत्तिले गर्दा उनी त्यहाँबाट थुकिएर निकालिए र मातृकाप्रसाद कोइरालाको निर्देशनमा उनी काङ्ग्रेस पार्टीमा लागे र २०१५ सालको निर्वाचनमा लडे तर उनको त्यही स्वभावको कारणले साथीभाइले उनको विश्वास गरेनन्, त्यसको फलस्वरूप उनी निर्वाचनमा पराजित भए । यसरी काङ्ग्रेस पार्टीमा लागे पनि त्यस पार्टीप्रति उनको भावना असल थिएन भन्ने कुरा अगाडिका घटनाबाट थाहा हुन्छ । "प्रसङ्ग २००७ सालको सम्झौता पछिको मन्त्रीमण्डल गठन भएको दिनमा प्रधानमन्त्री मोहन शमशेरका पाँचै मोटरमा राष्ट्रिय झन्डा

[२८] मंगलादेवी सिंह, **नारी सङ्घर्षका पाइलाहरू**, काठमाडौँ : पी. एल्. सिंह, २०५१, पृ. ११४ ।

[२९] विश्वेश्वरप्रसाद कोइराला, **विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त**, काठमाडौँ : जगदम्बा प्रकाशन, २०५५, पृ. १८३ ।

देखापरे तापनि काङ्ग्रेसका पाँचै मोटरमा चार तारे झन्डा देखेपछि मोटरभित्र बस्ने मन्त्रीहरूको अनुहार साँप र बिच्छीको अनुहार जस्तो मैले महसुस गरे ।" यी काङग्रेसीले केही गर्न सक्दैनन् भन्दै उनी त्रिभुवनलाई चुक्ली लगाउन पुगे । अझै २०१७ सालमा महेन्द्रले काङ्ग्रेसको सरकारलाई विघटन गरी पञ्चायती व्यवस्था लागू गरे अर्थात् काङ्ग्रेसको सरकार असफल भइसकेपछि उनी पुनः पञ्चायती व्यवस्थामा भूमिसुधार अधिकारीको जागिर खान पुगे । माथि दिइएका विवरणबाट के आशङ्का गर्न सकिन्छ भने लेखक अस्थिर चरित्र भएका एवम् जता फाइदा भयो उतै ढल्कने प्रवृत्तिका व्यक्ति थिए । कुनै एक सिद्धान्त वा वादप्रति समर्पित व्यक्तित्व थिएनन् ।

प्रस्तुत आत्मकथामा भाषा सरल र शैली रोचक छ । कतैकतै वाक्य छोटा र अपूर्ण देखिन्छन् जस्तै : "यत्तिकैमा जुलुस लाखापाखा भयो । मलाई पक्राउ गरी ।" यस्तो केही ठाउँमा देखिए पनि अरू वाक्यहरू प्रस्ट नै बुझिन्छन् ।

## ३.२ हरि श्रेष्ठ 'अतीतका स्मृति' (२०४६ असोज, सरिता श्रेष्ठ)

यो वि. सं. १९८४ मा जन्मेका हरि श्रेष्ठको आत्मकथा हो । प्रस्तुत आत्मकथा आत्मकथाकार आफैले लेखेका भए पनि आफ्नो आत्मजीवनीलाई प्रस्तुत गर्ने माध्यमको रूपमा उषा बहिनीलाई सम्बोधन गरेर कृतिको प्रारम्भ भएको छ ।

प्रस्तुत आत्मकथामा आत्मकथाकारका पिता, पितामहलगायत अरू पुर्ख्यौलीको परिचयका लागि निकै पन्नाहरू खर्च भएका छन् (पृ. १) । आत्मकथाको वंश चर्चाको क्रम लामो एवम् शैली निरस लागे पनि उनको जन्मपछि भने त्यति निरसताको अनुभव हुँदैन । आत्मकथाकारले आफ्नो दुःखपूर्ण जीवनका घटनालाई निकै मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । आफू जन्मिनुभन्दा अघि नै बिफरले आफ्ना दाजुको मृत्यु भएपछि (पृ. १२) आफूलगायत अन्य पाँच बहिनी जन्मे । पिताको जागिर राणा शासक कहाँ भएकाले यिनको बाल्यकाल केही हदसम्म सुखपूर्ण भयो । यस विवरणबाट अंशतः राणा शासक र शासनसम्बन्धी जानकारी पनि प्राप्त हुन्छ । राणाहरूको शासनकालमा कसैलाई पनि एउटै जागिरमा लामो समयसम्म टिक्न नदिने, बरबुझारथको नाममा छोरा, नातिलाईसमेत थुन्न, मार्न वा सर्वस्वहरण गर्न सक्ने, विवश जनताहरूले चुपचाप सहनुपर्ने (पृ. ४४) जस्ता राणाहरूको अन्याय-अत्याचारको निकै आकर्षण वर्णन पाइन्छ । आत्मकथाकारका पिता राणाहरूको त्यही प्रवृत्तिको सिकार बने जसको

फलस्वरूप उनीहरूको सर्वस्वहरण गरियो तर लेखककी आमाको चलाखीले गर्दा सम्पत्तिको नाममा एउटा घर (पृ. ४५) मात्र बच्यो भने अर्कोतिर आफूपछि जन्मेका भाइ, बहिनीहरू बिफरको रोगले गर्दा भकाभक (पृ. ५०) एकपछि अर्को गर्दै कालको मुखमा परे । त्यसबाट पनि नेपालको तत्कालीन सामाजिक एवम् आर्थिक स्थितिको जानकारी प्राप्त हुन्छ । पिताले आफ्नै भरमा सानोतिनो काम सुरु गरे पछि र लेखक पनि रेडियो नेपालमा जागिरे भएपछि (पृ. ६२) उनको जीवनमा केही होलोपन आएको अनुभव भए पनि रेडियो नेपालमा काम गर्दैमा उनका दुःखपूर्ण दिनहरू समाप्त भएको पाइँदैन, बरू सङ्घर्षपूर्ण दिनहरू अझैँ चर्किएका थिए ।

प्रस्तुत कृतिमा आत्मकथाकारले आफ्ना बाल्यकालीन बदमासीहरूको चर्चा गरेका छन् । आफूले पिताको खल्तीबाट पैसा चोरेको (पृ. ३९), आफूलाई चङ्गा उडाउन नआएपछि चङ्गा बनाउनेलाई दोष दिएको (पृ. ३८), अर्को साथीसँग मिलेर एउटा गरिब साथीको पुस्तक चोरेको (पृ. ३९) जस्ता घटनालाई निकै स्वभाविक ढङ्गले वर्णन गरेका छन् ।

यस आत्मकथाको अर्को महत्त्वपूर्ण पक्ष हो आत्मकथाकारको हक्कीपन । उनले आफ्ना कमीकमजोरीलगायत अरूका गलत व्यवहारहरूलाई पनि स्पष्ट रूपले नाम किटान गरी उल्लेख गरेर आफ्नो हक्कीपन देखाएका छन् । जस्तै : लक्ष्मीप्रसाद देवकोटा बिरामी हुँदा डाक्टर बोलाउनु पर्ला भनेर पैसाको लोभले आफू गायब भएको (पृ. २०१), देवकोटाको लागि सहयोग माग्न जाँदा भवानी भिक्षुले गरेको असहयोग (पृ. २००), बालचन्द्र शर्माको रुखो व्यवहार (पृ. २००), स्वयं एउटा साहित्यकार अनि नेता भएर वी. पी. कोइरालाले पनि सहयोग नगरेको (पृ. २०६), देवकोटाका भाइको रुखो व्यवहार, बिरामी भएर अस्पताल बस्नुपर्दा अस्पतालका सुपरिटेन्डेन्ट महेन्द्रप्रसादको लापरबाही (पृ. २१५) आदि कुराहरू प्रस्तुत गर्दा सम्बन्धित व्यक्तिको नाम किटेर उनले आफ्नो हक्कीपन देखाए पनि देवकोटाको शोकसभामा लेखकलाई कविता पाठ गर्न नदिने व्यक्तिहरूको नाम उल्लेख नगरेबाट उनी समकालीन व्यक्तिहरूको भयबाट पूर्ण रूपमा मुक्त हुन नसकेको देखिन्छ ।

प्रस्तुत आत्मकथा आत्मकथाकारको उमेर वृद्धि क्रममा लेखिए पनि ठाउँठाउँमा उमेर वृद्धिअनुसारको क्रम खजमजिएको पाइन्छ । उदाहरणको लागि बाल्यकालको चित्रण गर्दा लेखक उमेर चढेपछि एक ज्यापुनीको घरमा भएको त्यहाँ ज्यापुनीको पति घरमा नहुँदा रमाइलो भएको कुरा उल्लेख गर्दछन् (पृ. ३८) । आफ्नी मातालगायत आफ्ना भाइबहिनीको श्राद्धको प्रसङ्ग पहिले देखाएर पछि मात्रै उनीहरूको मृत्यु (पृ. ५६) भएको उल्लेख गरेका छन् । त्यस्तै आफ्ना

मातापिता सबैलाई बारम्बार सपनामा देखेको र सम्झेर रोएको अनि पिण्ड दिँदा आत्मकथाकारले म डाँको छोडी रुन पुगिन् भनेबाट बेला न कुबेलाको स्वाङ पारेको जस्तो देखिन्छ भने अर्कोतिर आत्मकथाको मूल प्रसङ्गसित असम्बन्धित प्रसङ्गहरू ठाउँठाउँमा प्रस्तुत गरिएको हुनाले यसले आत्मकथाको संरचनालाई कमजोर बनाएको छ ।

लेखकले आफ्ना जीवनका घटनाहरूको सरसर्ती मात्र चित्रण गरेका हुनाले ठाउँठाउँमा अस्पष्टताहरू देखापरेका छन् । उदाहरणको लागि आत्मकथाकारको कृष्णपुरको पाँच विघा जग्गा उनले नलिए लक्ष्मण बाबुले अर्को ठाउँमा मिलाइदिन्छु भनेपछि लेखकको त्यो जग्गा लिएनन् तर उनले अर्को ठाउँमा जग्गा लिने भनेका थिए त्यसको के भयो (पृ. १३५) भन्ने बारेमा केही उल्लेख पाइँदैन । लुभुबाट आएको बिरामीलाई किन अस्पतालले हेरविचार गरेन उसको परिवारलाई किन खबर गरेन, मुर्दाघरमा त्यसै राखेको उसको शवको के भयो (पृ. २२४) भन्ने कुरा अस्पष्ट नै छ ।

आत्मकथाकारले एक प्रसङ्गमा आफ्नो प्रेमको बारेमा चर्चा गर्दै रत्नहीरा नामकी विधवासँग प्रेम गरेको (पृ. १०४), ती विधवाको तर्फबाट कुनै प्रतिक्रिया हुन नपाउँदै तिनको मृत्युभयो भनिएको छ, तर ती केटीको मृत्यु कसरी भयो, उनकी पत्नीले थाहा पाइन कि पाएनन् यी कुराहरू खुलेको छैन । आत्मकथाकारले आफू उमेर चढेपछि ज्यापुनीको घर गएको, त्यहाँ उसको पति घरमा नहुँदा एकछिन रमाइलो भयो भन्दछन् (पृ. ३८) तर त्यसको आशय के थियो भन्ने कुरा प्रस्ट पाइँदैन ।

यसरी कतैकतै केही अस्पष्टता देखिए पनि प्रस्तुत आत्मकथाको भाषा कलात्मक छ । आत्मकथाकारले घटनाहरूको वर्णन गर्दा अभिव्यक्तिगत मिठास झल्केको पाइन्छ । जस्तै :

"नजिकै एउटा भयङ्कर मूर्ति देख्यौं, डराएर कुलेलम ठोक्यौं । भोलिपल्ट त्यो ठाउँमा यसो हेर्न गएको त राक्षसजस्तो काठको पत्रमञ्जुषा पो रहेछ ।" (पृ. १०६)

सरल र प्रभावपूर्ण शैलीमा रचिएको प्रस्तुत आत्मकथा रोचक रहेको छ ।

## ३.३ भरतराज पन्त 'भरतराज पन्त' (ढुङ्गा अङ्गा प्रकाशन, २०४९ असार)

प्रस्तुत कृति साहित्यकार भरतराज पन्तको आत्मकथाको दोस्रो संस्करण हो । उनको आत्मकथाको प्रकाशन २०३८ सालमा सङ्ग्रह प्रकाशनबाट भएको थियो । त्यही कृतिमा केही कुराहरू थपथाप गरी यो संस्करण प्रकाशित भएको हो ।

"बितेको कुरो कथाजस्तै रमाइलो हुन्छ । पछि हुने कुरो चाहिँ ज्यौतिषाचार्यले पनि छामछुम गरेर मात्र बताउन सक्लान् । वर्तमानमा कुनै पनि चमत्कारको सार हुन सकेन । भूतका भिनाजुको न्यानो माया पाएको हुनाले भूतकै कुरा टिपटाप गरिदिन सकेपछि आउने जतिलाई केही जानकारी सुम्पन सकिएला कि भन्दै त्यस विषयमा यसो केही कोरकार गर्न खोजिएको छ ।" भनेर प्रारम्भ गरिएको यस आत्मकथामा आत्मकथाकारले आफ्नो पुर्खाहरूको बारेमा अलि लामो चर्चा गरेका छन् । वस्तुतः प्रस्तुतीकरणका दृष्टिले आलोच्य आत्मकथा सुरुदेखि अन्त्यसम्म एकनासको छ, यसमा न हर्षका उमङ्ग-उत्तेजना छन् न बिपत्का क्रन्दन-रोदन छन् ।"[३०] हैजाको महामारीमा आत्मकथाकारका पितामह, पितामही र काकाको मृत्यु हुनु, विचलित पिता मणिदत्त बेरोजगार अवस्थामा ससुरालीको आश्रयमा रहेर अनुपात्दक जीवन बिताउँदा पनि स्वाभिमानी रहनु (पृ. ५), उनलाई चर्मरोग हुनु, उनकी पत्नीको मृत्यु हुनु, पुनर्विवाहपछि एक पुत्ररत्न सुम्पी द्वितीय पत्नीको पनि मृत्यु हुनु (पृ. ८), आत्मकथाकार पिताकै रेखदेखमा हुर्कनु (पृ. ८), सौतेनी ठुल्दिदीको मारमा पर्नु, आत्मकथाकारको पढाइ अस्तव्यस्त हुनु (पृ. १५) र विवाहको लगत्तैपछि पिताको मृत्यु हुनु (पृ. १९), पद्मराज पाठकले आत्मकथाकारलाई अप्ठेरो परिस्थितिमा पनि पितृ ऋण तिर्न बाध्य गराउनु (पृ. २३), उनलाई रोजगारी छिट्टै नमिल्नु (पृ. २८), उनलाई आफ्नी पत्नीले बाध्यतावश मन पराउनु (पृ. २४), उनको अर्थहीनता, पत्नीको विलासप्रियता (पृ. ३४), जेठा छोराको कुलत (पृ. ३४), छोरीको श्रवण शक्तिको क्षय (पृ. ३८), पत्नीको पागलपन (पृ. ४१), आफ्नो गल्ती स्वीकार गर्ने जेठो छोरो मृत्यु (पृ.४०), छोरीले आफ्नो कौमार्य गुमाउँदै पटकपटक गर्भवती हुँदै पिताको शरणमा आउनु (पृ. ४३), जस्ता दुःखद घटनाहरूको प्रस्तुति आत्मकथाको पहिलो भागमा भएको पाइन्छ । पहिलो भागमा आत्मकथाकारको जीवनमा दुःखैदुःख मात्र देखिन्छ तर दुःखपछि सुख पनि आउँछ भन्ने कुरालाई यो दोस्रो संस्करणमा अनुभव गर्न पाइन्छ कि भन्ने आशा राखे पनि त्यो कुरा पूर्ण भएको पाइँदैन अर्थात् दोस्रो संस्करणमा उनका सुखपूर्ण दिनहरू देखिँदैनन् ।

---

[३०] भिक्टर प्रधान, पूर्ववत्, पृ. २१५ ।

यो संस्करणमा थपथाप गरिएका कुराहरूमा **दोभान** महाकाव्य प्रकाशनको लागि मदन पुरस्कार पुस्तकालयमा प्रस्तुत गरेको तर त्यहाँबाट **दोभान** महाकाव्यलाई तिरस्कारको पुरस्कार मिलेको (पृ. ५५), वि. सं. २०४५ सालमा पत्नीलाई नबाँच्ने ठहऱ्याएर पागलखानाबाट घरमै फिर्ता पठाएको तर काल नआउने समयसम्म कोही नमर्ने हुँदा अझसम्म बाँचिरहेकी (पृ. ५६), दुःखसुख गरेर छोरालाई घडेरी किनिदिएको, सह-प्राध्यापक पदमा आफ्नो पदोन्नति भएको (पृ. ५७), छोरीका नातिनीहरू ठूलो हुँदै गएको एवम् आफ्नो आशाको एक मात्र केन्द्रको रूपमा रहेको कान्छो छोरो मनकामना जान्छु भनेर घरबाट हिँडेको तर कहिल्यै फर्केर नआएको बरू उसको शव मात्र फिर्ता आएको (पृ. ६५) अनि कसैसँग एक पैसा भिक्षा, मन्तव्य नमागी छोरोको चित्रसहितको पुस्तक प्रकाशनमा ल्याएको र जति दुःख खप्नुपरे पनि बाँच्नै पर्ने भएकाले आफू बाँचिरहेको कुरो उल्लेख गर्दै प्रस्तुत आत्मकथाको अन्त्य भएको छ ।

आत्मकथाको पहिलो भागमा पाइने भाषाको लालित्य एवम् अभिव्यक्तिगत माधुर्य यस संस्करणमा कायमै रहेको छ भने कतैकतै आत्मकथाकारले लेख्न अल्छी लागेझैँ गरेर स-साना अपूर्ण वाक्यहरूको प्रयोग गरेका छन् । जस्तै : “सफलताका साथ यात्रा सम्पन्न । एकादशीामा प्रकाशित । कृष्णप्रसाद ढुङ्गानाको सौजन्य । यसै साल सह-प्राध्यापक पदमा पदोन्नति ।” (पृ. ५७) । पहिलो भागझै यस संस्करणमा पनि भावनाहरूको अङ्कनमा कमी भएको अनुभव हुन्छ । जस्तै : आत्मकथाकारकै बाहुमा जेष्ठ पुत्रको मृत्यु हुँदाको घटना (पृ. ४०) इत्यादिमा । पहिलो भागमै उठेका केही प्रश्नहरूको शमन यस भागमा भएको पाइँदैन; जस्तै पढ्दै जाँदा दुलहीले सेतो लुगा लगाएझैँ क्षणिक भ्रम पृ. २० मा हुन्छ भने प. २१ मा पकाएर खुवाउन दुलही किन साथै भइनन् भन्ने जिज्ञासा उठ्छ । अर्को कुरा उनकी छोरीलाई दुईदुई पटक गर्भवती बनाउने व्यक्ति को थियो, उनकी छोरीको बिहे भयो कि भएन, एकपल्ट कुमारी आमा बनेर गल्ती गरिसकेकी उनकी छोरीले किन दोस्रो पल्ट पनि त्यही गल्ती गरिन् इत्यादि प्रश्नको उत्तर यस संस्करणमा पनि पाइँदैन ।

यस आत्मकथामा आत्मकथाकारको हक्कीपन पर्याप्त देख्न सकिन्छ । जस्तै : मदन रेग्मीको प्रसङ्गमा (पृ. ३९), ठुल्दिदीका प्रसङ्गहरू (पृ. १५), हरिराज लोहनीको प्रसङ्ग (पृ. ३२), आफ्नी पत्नी र सान्दिदीबीचका वैमनस्य (पृ. ३२) इत्यादिमा ।

### ३.४ शङ्कर कोइराला 'शङ्कर कोइराला' (२०५० भदौ, ढुङ्गा अड्डा प्रकाशन)

प्रस्तुत कृति साहित्यकार शङ्कर कोइरालाको आत्मकथाको पहिलो भागको दोस्रो संस्करण हो । उनको आत्मकथाको पहिलो भाग 'शङ्कर कोइराला' २०३० सालमा प्रकाशित भएको देखिन्छ । त्यही भागमा केही कुराहरू थपथाप गरेर यो कृति तयार भएको हो । आत्मकथाकारले 'पुनश्च' नामक शीर्षक दिएर यस कृतिको आरम्भ गरेका छन् ।

यस संस्करणमा आत्मकथाकारले आफ्ना मातापितालगायत आफ्नो पितामहको बारेमा निकै लामो वर्णन गरेका छन् । आफूले पाँच वर्षको उमेरसम्म पनि नबोल्दा मातापितालाई छोरो लाटो हुन्छ भन्ने पीर परेको (पृ. १८), छोरो बोल्ला भनेर बाखीको दूध खुवाएको (पृ. १९), उनकी बज्यैसँगको मुद्दामा पिता पराजित भएको (पृ. २४), कृष्णप्रसाद कोइरालासँग उनका पिताको भेटघाट भएको, त्यही कारणले उनका पितालाई अप्ठ्यारो हुँदै गएको र जागिरसमेत गुमाउनुपरेको (पृ. ४२) जस्ता कुरालगायत आत्मकथाकारका कृतिहरूको बारेमा उल्लेख गर्दै प्रस्तुत आत्मकथाको कथानक संरचनाको अन्त्य भएको प्रतीत हुन्छ । बीचबीचमा आत्मकथाकार नेपाली साहित्यका क्षेत्रमा देखापरेका विकृतिविसङ्गतिहरूको चर्चा गर्दछन् ।

यसपछि आत्मकथाकारले आफ्ना कृतिहरूलाई आफ्नै दृष्टिमा हेर्ने प्रयास गरेका छन् । यस भागभरि आत्मकथाकारका असन्तुष्टि पोखिएका छन् । आफ्नो कृतिको समालोचकहरूले राम्रोसँग समालोचना र मूल्याङ्कन नगरिदिएको, आफूलाई गुलसन नन्दासँग दाँजेको, आफूले धेरै कृति लेख्दा पनि कुनै पुरस्कार, सम्मान नपाएको, लेखकमा क्षमता नभए पनि जिउँदैमा सम्मान र मरेपछि श्रद्धाञ्जली पाउने गरेको तर आफूले केही नपाएको पीडालाई निकै जोड दिएर प्रस्तुत गरेका छन् ।

यसमा आत्मकथाकारले आफ्ना बाल्यकालीन गल्तीहरूलाई यथार्थ रूपले प्रस्तुत गरेका छन् । जस्तै : पिताको दुःखपूर्ण अवस्था भए पनि आफूले नबुझेको (पृ. २६), मुनामदनको नक्कल गरेर झ्याउरेमा लेख्न खोजेको (पृ. २८), **मुटुको व्यथा**मा प्रयोग भएको अनुष्टुप छन्दको नक्कल गरेर शृङ्ग ऋषि लेखेको एवम् स्कुलमा रहँदा पढाइतिर कम ध्यान दिएको इत्यादि प्रसङ्गमा ।

"वस्तुतः यो आत्मकथा एक बसाइमा आत्मकथाकारले सम्झन सकेका आफ्नो पूर्वजीवनका कुरा खरखरी लेखिएको झैँ प्रतीत हुन्छ जसमा लेखकको भावनात्मक चित्रणको कमी छ ।"[३१]

यसको संरचना व्यतिरेकी क्रममा रहेको छ, जसले गर्दा बाह्य संरचना पुष्ट छैन ।

## ३.५ मङ्गलादेवी सिंह 'नारी सङ्घर्षका पाइलाहरू' (२०५१, पी. एल् सिंह)

सर्वमान्य नेता गणेशमान सिंहकी पत्नी एवम् एक सशक्त महिला नेतृ मङ्गलादेवी सिंहको प्रस्तुत आत्मकथा विभिन्न उपशीर्षकमा विभिक्त भई उनको जन्मदेखि २०४६ सालसम्मको आत्मकहानी उमेर वृद्धि क्रममा (एक आध ठाउँमा काल विपर्यय भए पनि) चित्रित भएको पाइन्छ ।

आफ्ना मातापितालगायत पुर्ख्यौलीको परिचय (पृ. १) दिँदै सुरु भएको प्रस्तुत आत्मकथामा आत्मकथाकारले आफ्नो बाल्याकालीन स्वभावको बारेमा चर्चा गर्दै राजनीति गर्ने गुण वा नेतृत्वदायी गुण सानैदेखि आफूमा भएको कुरा व्यक्त गरेकी छिन् । आफू जन्मेको धेरै समयसम्म आफ्ना भाइबहिनीहरू नजन्मेकाले आफूले एकलौटी मायाप्रेम पाएको (पृ. ३), आफू मामाघरमा बस्ने भएकी र त्यहाँ पनि एक्ली छोरी भएकीले मामासँग धुर्क्याएर पैसा माग्ने र आफूसँगकी साथीहरूलाई खरी किनेर आफू मास्टर्नी हुँदै उनीहरूलाई पढाउने आफ्नो स्वभाव भएको कुरो उल्लेख गर्दै आफूमा सानैदेखि नेतृत्व गर्ने गुण रहेको र बाल्यकालीन तिनै घटनाले आफ्नो भविष्यको बाटो (राजनीतिको लागि) बलियो पृष्ठभूमि निर्माण गरेको कुरा प्रस्तुत गरेकी छिन् । उनमा रहेको विद्रोही स्वभावले यस कार्यमा थप बल पुगेको देखिन्छ ।

वस्तुतः प्रस्तुत आत्मकथाको शीर्षक **नारीसङ्घर्षका पाइलाहरू** भए पनि बिहेभन्दा अघि उनको जीवनमा कुनै सङ्घर्ष भएको पाइँदैन । बिहेपछि उनका पति जेल तोडेर भारत भागेपछि मात्रै शीर्षक अनुरूपको सङ्घर्षको थालनी हुन्छ । आफ्नो माइती एवम् घर दुवै सम्पन्न रहेको, सम्पन्न घरकी बुहारी भएकीले केही काम गर्नु नपर्ने, आफूलाई थिच्ने बजनका गहना र वस्त्रले उनी आफूलाई घरकी चार दिवारीभित्र पिँजडाको चरा थुनिएझैँ अनुभव गर्न पुगिन् ।उनका पति जेल तोडेर भारत भागे (पृ. २९) त्यसपछि मात्रै आत्मकथाकारको सङ्घर्षपूर्ण दिनहरूको सुरुआत भयो ।

---

[३१] ऐजन, पृ. १७८ ।

आफू लुकेर प्रजा परिषद्को मिटिङ्गमा जाने (पृ. ३६), पद्म शमशेरसँग नारी अधिकार माग्न जाँदा बुढा ससुराले घरबाट निकाली दिएका (पृ. ५६), लेखिकालाई आफ्नो माइती जान मन नलागेको (पृ. ५८), अन्त्यमा बुढा ससुराले उनलाई किलागलस्थित घरमा सासुसँगै राखिदिए (पृ. ६०) । त्यसपश्चात् उनलाई राजनीति गर्न अलि सजिलो भयो । महिला सङ्घको स्थापना गरी आफ्नो कार्यक्रमलाई अगाडि बढाउँदै (पृ. ७३) जाँदा त्यससँग सित्तैमा घरपरिवारको अपमान, लाञ्छना र तिरस्कार उनको भागमा आउँछ तर २००७ सालको सम्झौतापछि उनका पति मन्त्री भए, त्यसपछि सबै कुरा पहिलेको जस्तै भयो । ससुराले पनि पहिलेजस्तै माया गर्न थाले एवम् पहिले अपमान गर्नेहरूले पनि सम्मान गर्न थाले । वि. सं. २०१७ सालमा महेन्द्रले प्रजातन्त्रको हरण गर्दा पुनः जेल परेपछि छुटेर राजनीति गर्न थालिन् ( पृ. ११०) । जनसेवा काण्डमा गिरफ्तारीमा (पृ. १४४) परेपछि आफ्ना सासु, देवरदेवरानीको कृपाले उनका छोराछोरीलाई स्कुलबाट झिकी राती नाङ्गै पारेर घरबाट निकालिदिएपछि पी. एल् सिंहले सबै कर्तव्य पूरा गरेको कुरो उल्लेख गर्दै प्रस्तुत आत्मकथा समाप्त भएको छ ।

प्रस्तुत आत्मकथाको अन्त्य अपुरो रहेको छ किनकि ‘अब के हुन्छ’ भन्ने जिज्ञासा समाप्त नहुँदै आत्मकथा टुङ्गिएको छ । कतिपय ठाउँमा घटनाहरूको सरसरती वर्णनले गर्दा अस्पष्टताहरू देखिएका छन् । उदाहरणको लागि : उनी जनसेवा काण्डमा जेल परेपछि उनकी सासुले आफ्ना नातिनीहरूलाई स्कुलबाट झिकी राती नाङ्गै पारेर घरबाट निकाल्ने जस्तो (पृ. १४९) अपराध किन गरिन् । के बिना कुनै कारण उनकी सासुले त्यस्तो व्यवहार गरेकी हुन् यसको पछाडि कतै कुनै ठूलो कारण थियो कि जसलाई आत्मकथाकारले लुकाइन् कि भन्ने आशङ्का गर्न सकिन्छ । उनले पटकपटक सासुबाट अपमान, तिरस्कार र बुहार्तन (पृ. ९०) पाएको कुरो उल्लेख गरेकी छिन् तर त्यस्तो के पीडा उनले भोग्नुपर्‍यो, त्यसको बारेमा केही उल्लेख भएको पाइँदैन ।

आत्मकथाकारले आफ्नो मनको कुरालाई स्पष्ट रूपले व्यक्त गरेकी छिन् । जस्तै तुलसीलाल अमात्यको डरछेरुवापन (पृ. ६१), मातृकाप्रसाद कोइराला जसले जनताले सङ्घर्ष गरेर ल्याएको क्रान्तिको उपलब्धिलाई पदको लिप्सामा राजालाई जिम्मा लगाए (पृ. ११८), टङ्कप्रसाद आचार्य, भद्रकाली मिश्र, बालचन्द्र शर्मा, त्रिपुरवरसिंह प्रधान जता फाइदा भयो उतै ढल्कने (पृ. १२३), आफू नेपाली भएर पनि हिन्दीलाई राष्ट्रिय भाषा मान्नुपर्ने गिरीजाप्रसाद

कोइरालाको कृतघ्न चरित्र (पृ. १३०), महेन्द्र जसले गरिब देशका जनताको ढुकुटीबाट करौडौं रूपैया खर्च गरेर राज्याभिषेक गरे (पृ. १३१), भारतीय राजदूत चन्द्रशेखर नारायण जसले कुटनैतिक व्यक्तित्व र मर्यादाको उपहास गर्दै राजनीतिक निर्णय गर्न थालेको (पृ. १९९) जस्ता कुरालाई स्पष्ट रूपमा उल्लेख गरेर आफ्नो हक्कीपन प्रस्तुत गरेकी छिन् तापनि महिला सङ्घमा खिचलो उत्पन्न भएको समयमा लेखिकालाई पिटपाट गर्ने महिलाहरूको (पृ. १०९) नाम उल्लेख नगरेबाट कता-कता खल्लोपनको अनुभव हुन्छ ।

लेखिकाले केवल अरूका कमीकमजोरी मात्रै नभएर आफ्नो चिन्ता, कमीकमजोरीलाई पनि यथार्थ रूपमा प्रस्तुत गरेकी छिन् । जस्तै : उनकी आमाले आफ्नो पतिलाई मन नपराएको (पृ. १८), उनका पति आफ्नो पितामहको ढुकुटी फोरेर भागेको (पृ. २७), पति गिरफ्तार भएपछि त्यसको दोष आफूलाई आउने हो वा आफू पतिसँग बस्न नपाइने हो भन्ने चिन्ता लागेको, आफू ढाँटेर मिटिङ्गमा जाने गरेको आदि कुराहरू उल्लेख गरेकी छिन् ।

प्रस्तुत आत्मकथाका भाषा कलात्मक र आकर्षक छ । आत्मकथाकारले प्रौढ भाषा प्रयोग गरेकी छिन् । जस्तै :

"राँगाले कसाईसँग नकाट्नका लागि अनुनयविनय गर्नुजस्तै थियो ।" (पृ. ३०) ।

"सर्पको मुखमा पर्दै गरेको भ्यागुत्तोले त्यतापट्टि ध्यान नदिइकन फट्याङ्ग्रो खान लपलपाएको जस्तो थियो ।" (पृ. ७२) ।

"पेटमा औँसीका रातहरू, कपटका चाम्रा चपरीहरूले ढाकेको मन, पाप र वुद्धिले भरिएको दिमागबाट सञ्चालित मानौं एउटा दुधर्ष दानव एउटा शान्तिपूर्ण मानवीय बस्ती भत्काइरहेछ ।" (पृ. १४१) ।

## ३.६ शान्ता पोखरेल 'जीवनका डोबहरू' (२०५२, नेपाल नारी साहित्य सेवा केन्द्र)

प्रस्तुत कृति वि. सं. १९८४ का जन्मेकी शान्ता पोखेलको आत्मकथा हो । यस कृतिलाई लेखिकाले 'आत्मजीवनी' भनेकी छिन्, जसमा उनका बाल्यकालका केही घटनाहरू र उनले आफ्नो जीवनमा गरेका कार्यहरूलाई सरसर्ती प्रस्तुत गरेकी छिन् ।

प्रस्तुत कृतिलाई आत्मकथाकारले उमेर वृद्धिक्रमअनुसार लेख्न खोजे पनि उमेरवृद्धि अनुसारको क्रम खजमजिएको पाइन्छ भने कतैकतै कुनै कुराहरू दोहोरिएर आएका छन् । जस्तै

: लेखिकाले भोग्नुपरेको दुःख, दिदीको प्रेम (पृ. १) इत्यादि । यी सबै कुरा आत्मकथाको कथानक समाप्त भएपछि फेरि दोहोरिएका छन् । कथावस्तुको प्रारम्भ लेखिकाको जन्म भएको छ महिनामै आमाको मृत्यु भएपछि घर परिवारले (पृ. १) आमा टोकुवी भनेर मामाघर पठाए पछि भएको छ । छ वर्षसम्म मामाघर बसेपछि उनी आफ्नै घर डिल्लीबजार (पृ. ४) आइन् । जहाँ दिदीलाई माया गरिए पनि उनलाई आमा टोकुवी भनेर हेला गरिन्थ्यो । दस वर्षको उमेरामा उनको बिहे तीन छोराको पिता विधुर नोरचन्द्र पोखरेलसँग भएको (पृ. १०) कुराबाट तत्कालीन नेपाली समाज बुझ्न सकिन्छ । बच्चाको आमाको मृत्यु हुँदैमा निर्दोष बच्चालाई सधैँ हेला गर्ने दुःख दिने एवम् दस बर्षकै कलिलो उमेरमा आफ्नो बाबु भन्ने उमेरको मान्छेसँग बिहे गरिदिने कुनै अप्ठ्यारो नमान्ने नेपाली समाजको कुसंस्कार यसबाट झल्केको छ । समयक्रमसँगै लेखिकाको सन्तान भएको (पृ. ११), पतिसँग विराटनगर बसाइँसराइ र घरमै काम सकेर आफूले पढ्न सिकेको र २००७ को आन्दोलनमा नर्सको भूमिका निभाएपछि उनको सक्रिय राजनीतिक जीवन सुरु भएको देखिन्छ (पृ. १५, १६) । तत्पश्चात् नगर पञ्चायतको चुनावमा विजयी भइन् भने जिल्ला पञ्चायतको चुनावमा उनले पराजय पनि भोग्नुपर्‍यो । विभिन्न देशहरूको भ्रमण, आफ्ना पुस्तकको चर्चा एवम् आफूले विभिन्न सङ्घसंस्था गरेका कामको उल्लेख गर्दै आत्मकथाको कथानक समाप्त भएको छ तर आत्मकथाको कथानक समाप्त भएपछि फेरि केही कुराहरूलाई दोहोर्‍याएर सानो लेख लेखिएको छ, जुन अनावश्यक देखिन्छ ।

लेखिकाले आफूले गरेका कामहरूलाई सरसरती प्रस्तुत गरेकी छिन्, जसमा भावनात्मक पक्षको कमी पाइन्छ । सम्झेका बुँदालाई सरसरती टिपी दिँदा वर्णनात्मकता बढी पाइन्छ । जम्माजम्मी २९ पृष्ठमा संरचित भएकाले यो आत्मकथा लघुआकारको देखिन्छ । सङ्क्षिप्तताले गर्दा यो कृति कमजोर भएको छ । बीचबीचमा आत्मकथाको मूल प्रसङ्गसित असम्बन्धित प्रसङ्ग (पृ. २२, २३) प्रस्तुत भएको हुँदा यसको संरचना कमजोर बन्न पुगेको छ । भावनाको अङ्कनको कमीले केही अस्पष्टताहरू देखापरेका छन् । जस्तै लेखिका आमा टोकुवी भएको कारणले गर्दा आफ्नी बज्यैको ममताबाट वञ्चित भए पनि उनका काकाका छोरा सुनिलकुमारप्रति बज्यैको वक्रदृष्टि हुनाको कारण के थियो (पृ. ४) त्यस्तै घर भाँडामा दिएको कालिकाप्रसाद गुप्ताबाट त्यस्तो के घिनलाग्दो व्यवहार भयो, त्यसको बारेमा पनि केही उल्लेख

छैन (पृ. २६) । पृ. २६ मा लेखिकाले उनको छोरा मदनबाबुले आफूप्रति गरेको व्यवहार बडो कष्टदायक भनेकी छिन् तर पृ. १२ मा मदन बाबुको विवाह नहुँदै स्वर्गवास भयो भनिएको छ । उनले त्यस्तो के व्यवहार गरेका थिए, त्यस बारेमा केही कुराहरू पनि उल्लेख छैन ।

आत्मकथाकारले छोरीलाई हेप्ने, उनीहरूको जन्म हुँदा दुःख मनाउने नेपाली समाजको व्यवहारप्रति जति नै व्यङ्ग्य गरे तापनि उनी स्वयंका पाँच छोरी र एक छोरा सन्तान हुनुले उनी पनि त्यही मानसिकताबाट पीडित थिइन् भन्ने कुरा प्रमाणित हुन्छ । यस आत्मकथामा सरल भाषाको प्रयोग गरिएको छ । सरसर्ती वर्णन गरिएकाले प्रस्तुत आत्मकथाको भाषामा साहित्यकताको कमी छ ।

## ३.७ भूपालमान सिंह कार्की 'मेरो जीवन यात्रा' (२०५४, नइ प्रकाशन)

प्रस्तुत कृति वि. सं. १९६६ मा जन्मेका भूपालमान सिंह कार्कीको आत्मकथा हो । वृहत्तर स्वरूप लिएको यो कृति ६१३ पृष्ठमा संरचित छ । आत्मकथा किन लेख्नुपऱ्यो भन्ने बारेमा आत्मकथाकार यसो भन्छन् : "ईश्वरको अनुपम उपहारको रूपमा प्राप्त भएकाले चोला एक दिन पुनः ईश्वरमै लीन हुन पुग्छ । ईश्वरकै वरदानका कारण मानवका कामना, भावना, चेतना, कल्पना, प्रेरणा आदि अजस्र स्रोत समेटिएको हुन्छ । आफूभित्रको तिनै स्रोत शक्तिको सुपरिचालन गर्न सकिएमा मानवले अमरत्व प्राप्त गर्न सकेका उदाहरण पनि छन् । यो भौतिक क्षणभङ्गुर माया विलीन भएर गए पनि आफ्नो कृतित्व ईश्वरको मोहजगत्मा छोड्ने इच्छा मलाई पनि जागृत भएर आयो ।"

यसरी मानिसको भौतिक काया वा देह नाशवान भए पनि आफ्ना जीवनका अनुभव पुञ्जका संस्मरणमा आधारित कृति तयार गरी त्यसलाई मायामोहका संसारमा आफ्नो चिनोस्वरूप छोड्ने प्रेरणाबाटै नै यो कृति आत्मकथा रचिएको थाहा हुन्छ ।

प्रस्तुत कृतिको प्रारम्भिक दुई परिच्छेदहरू उनको पुर्ख्यौली संस्मरणस्वरूप पूर्व पीठिकाका रूपमा रहेका छन् भने उनको आफ्नो खास आत्मकथन त्यसपछिका बाँकी बयानब्बे परिच्छेदहरूमा प्रस्तुत भएको देखिन्छ । आत्मकथाकारले प्रस्तुत कृतिमा आफ्ना मातापिता भन्दा पनि आफ्ना पुर्खाहरूको वर्णनको लागि निकै पन्नाहरू खर्चेका छन् जसको प्रारम्भ उनका वृद्ध प्रपितामह महेन्द्रसिंह कार्कीको पुर्ख्यौली संस्मरणदेखि सुरु हुन्छ । आफ्ना पुर्खाहरूको वर्णन गर्ने

क्रममा आत्मकथाकारले नेपालका विभिन्न ऐतिहासिक प्रसङ्गहरूको स्पर्श गरेका छन् जसमा नेपाल, तिब्बत युद्ध, राणा प्रधानमन्त्री जङ्गबहादुर, धीरशमशेर, वीरशमशेर, देवशमशेरका विभिन्न घटना प्रसङ्गहरू उल्लेख गरेका छन् । आत्मकथाकारको वंश चर्चाको शैली तथ्यको नीरस वर्णन गरिएको इतिहासलेखन पाराको पाइएकाले नीरसताको अनुभव हुन्छ । आफ्ना पिता, पुर्खालगायतको वर्णन समाप्त भएपछि आत्मकथाकारको खास आत्मकथन सुरु हुन्छ जसमा आफ्ना पिताका बाइस जना सन्तानमध्ये उनी मात्र जीवित हुन् जसको पालनपोषण उनकी कान्छी आमा भक्तकुमारीले गरेकी थिइन् । यसरी पिताको एक्लो सन्तानको रूपमा रहेर सुखदुःखपूर्ण तरिकाले उनी हुर्के । राणाशासनको समय भएकाले उतिबेला राणाहरूकहाँ जागिर नखाने भने पनि उनी जुद्ध शमशेरसँग अमिनीको हाकिम पद माग्न पुगे र अनारमनी बिर्तामाल र काठमालको कप्तान भए । त्यहीँबाट उनको काङ्ग्रेससँगको सम्बन्धको सुरुआत भयो । लेखक २००७ सालको आन्दोलनमा लागे र वी. पी. कोइरालाको विश्वासपात्रको रूपमा परिचित भए । वी. पी. कोइरालासँगका विभिन्न कुराकानीको क्रममा वी. पी. ले उनलाई सुम्पेका हस्ताक्षरित खाली कागजको प्रसङ्ग र वी. पी. का सुझबुझ एवम् सम्बन्धित अधिकारीप्रतिका विश्वासभावका साथै वी. पी. र मातृकाबीचको राजनैतिक, व्यक्तिगत मतभेदलाई सुल्झ्याउने आन्तरिक प्रयासको प्रसङ्ग निकै मार्मिक छ ।

प्रस्तुत आत्मकथाको अर्को महत्त्वपूर्ण उल्लेख्य पाटो चरित्रचित्रण हो । आत्मकथाकारले आफ्नो जीवनमा साह्रै प्रभाव पारेका कर्णेल शिवप्रताप शमशेरको चित्रण निकै राम्ररी गरेका छन् । जस्तै : "कर्णेल शिवप्रसाद शमशेर वास्तवमा मेरो बुबाको प्रतिरूप हुनुहुन्थ्यो । उहाँले मेरो जीवनको मोड नै परिवर्तन गरिदिनु भएको यथार्थता म कहिल्यै पनि भुल्न सक्तिन । मैले जीवनमा जति ज्ञान आर्जन गरेँ उहाँबाट नै गरेँ । मेरो जीवनमा जति परिवर्तन आएको छ ती सबैको कारण कर्णेल थापा नै हुनुहुन्छ ।"

वृहत स्वरूप रहेको प्रस्तुत आत्मकथामा दैनिकी र प्रतिवेदनका तत्त्व राजा महेन्द्रको सवारी भ्रमणका वर्णन संस्मरणका क्रममा झुल्कन्छन् । यस आत्मकथामा अनेक यात्रा वा भ्रमणहरूको पनि वर्णन छ तर त्यस क्रममा व्यक्त वर्णन ज्यादा सङ्क्षिप्त किसिमकै रहेको पाइन्छ । आत्मकथाकार आफ्नो यात्राको वर्णनभन्दा पनि आफ्नो पुरुषार्थको वर्णन मै तल्लीन देखिन्छन् । प्रस्तुत आत्मकथा ग्रन्थका आत्मकथाकारको ८८ बर्से बुढ्यौलीको गोधुली स्मृतिका

कारणले र आत्माख्यानका अपेक्षाकृत हतारले गर्दा कतिपय वस्तुतथ्यगत अर्सलबिर्सल रहे पनि र कहीँकहीँ सघन परिवेश सृजनाभन्दा वस्तुतथ्य कै सूचनात्मक वर्णन विवरणको स्थूलता तथा भार ज्यादा परेजस्तो लागे पनि यस ग्रन्थमा आत्मजीवनको मूल आख्यान प्रवाह रुचिकर सहर नै छ ।

प्रस्तुत आत्मकथाको भाषा सरल र वर्णनात्मक छ । आत्मकथाकारको आत्मिक भावनाको चित्रणमा अभाव देखिन्छ । कतैकतै हतारले गर्दा कुराहरू सङ्क्षिप्तमा लेखिएकाले अस्पष्टताहरू पनि सिर्जिएको पाइन्छ ।

## ३.८ वी. पी. कोइराला 'विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त (२०५५, जगदम्बा प्रकाशन)

प्रस्तुत कृति नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वी. पी. कोइरालाको आत्मकथा हो । यो कृति आत्मकथाकार आफैले लेखेका होइनन् टेपमा बोलिएका कुराको टिपोट हो । वि. सं. २०३८ साल कार्तिक १० गतेका दिन डा. सुन्दरमणि दीक्षितले घाँटीमा केराउको दाना बराबरको नदुख्ने गिर्खा फोक्सोबाट फैलिएको क्यान्सरको लक्षण हो । अब छ महिनासम्म मात्र उनको जीवनअवधि छ भनेपछि उनले टेपमा बोलेर यो आत्मवृत्तान्त प्रकाशनमा आएको हो ।

आफ्ना पुर्खालगायत विशेष रूपमा आफ्नो पिताको वर्णन गर्दै सुरु भएको प्रस्तुत आत्मकथाले जम्माजम्मी ३३४ पृष्ठ ओगटेको छ जसमा आत्मकथाकारले आफ्ना जीवनका यावत घटना प्रतिघटनाहरूलाई निकै यथार्थपूर्वक प्रस्तुत गरेका छन् । प्रस्तुत आत्मकथामा केवल आत्मकथाकारको जीवनसँग सम्बन्धित घटनाहरू मात्र परेका छैनन् यसमा तत्कालीन नेपालको राजनैतिक इतिहासको वर्णन पनि पाइन्छ । आत्मकथाकार एक चर्चित राजनीतिज्ञ भएकाले र उनको सारा जीवन राजनीतिमा नै बितेकाले यी कुराहरू आउनु स्वभाविक हो ।

ऐतिहासिकता यस कृतिको अर्को महत्त्वपूर्ण पक्ष हो । अझसम्म प्रकाशमा नआएका तथ्य कुराहरू यसमा प्रस्तुत भएको छ । उदाहरणको लागि ; राजा त्रिभुवनलाई हेलिकप्टरमा उडाई पाल्पा लैजाने प्लान (पृ. ११३), राणा परिवारलाई उडाउन वसन्त शमशेरका हात ह्यान्डग्रेनेड नेपाल पठाएको कुरा (पृ. ७६), मोहन शमशेरको राजीनामाको कुरालाई लिएर भारतले गरेको हस्तक्षेप (पृ. १४९), रत्नसँग बिहे हुन बुबा (श्री ५ त्रिभुवन) ले बाधा दिँदा युवराजधिराज पदबाट महेन्द्रले राजीनामा दिने अवस्था परेको प्रसङ्ग (पृ. २५६), अझ २००७ सालमा

मन्त्रीमण्डल बनाउन बारे भारतका प्रधानमन्त्रीले गरेको हस्तक्षेप (पृ. १४५) लाई आत्मकथाकारले यसरी उल्लेख गरेका छन् : "काल्पनिक कुरा हो दिल्ली सम्झौता भनेको । आत्मकथाकारसँग सरसल्लाह छैन, भेटघाटै छैन राजाको, सम्झौता तय हो गया भनिन्छ । २००७ सालको क्रान्तिमा पश्चिम पहिको भैरहवातिर मातृका बाबु र सूर्यप्रसादले हतियारै नपठाएको (पृ. १३५) जस्ता प्रसङ्गहरू ।

प्रस्तुत आत्मकथामा आत्मकथाकारको हक्कीपन पनि देख्न सकिन्छ । जस्तै : केदारमान व्यथितको झगडालुपन (पृ. १८०), ऋषिकेश शाह, तुलसी गिरी, विश्वबन्धु, सूर्यबहादुरको सुविधा भोगी चरित्र (पृ. २५२), आफ्नै दाजु मातृकाको षडयन्त्र इत्यादि प्रसङ्गमा ।

यस आत्मकथामा आत्मकथाकारले आफ्नो कमीकमजोरीहरूलाई नढाँटी प्रस्तुत गरेका छन् । आत्मकथाकारले आफ्ना कमजोरी, गल्तीलाई पनि प्रस्तुत गरेका छन् । उदाहरणको लागि : सेनाको रोलको बारेमा आत्मकथाकार यसो भन्दछन् : "त्यस दिनदेखि राजाको हात माथि पऱ्यो ।" कुरा त्रिभुवनको थियो, "सिंह दरबारमा रहने 'बिजुली-गारद, नारायण हिटी ल्याउन लाउने आफ्नो निर्णय गलत भएछ । आत्मकथाकार भन्छन् : त्यो पल्टन यिनको हातमा आयो । आउने बित्तिकैदेखि राजाको प्रवृत्ति अर्कै भयो । त्यसदिनदेखि राजा बलिया भए ।" (पृ. १६०) । यसलाई वी. पी. ले 'मेरो अज्ञान' भनेर स्वीकारेका छन् ।

त्यस्तै विवादास्पद गण्डक सम्झौताको सम्पूर्ण जिम्मेवारी आफूले स्वीकारेको भन्दै आत्मकथाकार लेख्छन् : गण्डक सम्झौताको पूरा जिम्मेवारी आफूमा लिन्छु । यो कुरा अमुक मन्त्रीले गऱ्यो, मैले थाहा पाइनँ म भन्दिनँ मैले कुरा गरेर बुझेर त्यो गरेँ ।" (पृ. २३२) ।

यसका साथसाथै आफ्नो राजनीतिक निरीहतालाई पनि लाज नमानी प्रस्तुत गरेका छन् । जस्तै : पार्टी हाइकमाण्डर मातृकाप्रसाद "ठुल्दाइ विरोधी छन् ।" (पृ. १६४), राजा त्रिभुवन आफ्नो पक्षमा छैनन् (पृ. १७०), राजाका भारतीय सल्लाहकार, गोविन्द नारायणहरू आफ्नो खिलापमा छन् (पृ. १६१), भारतले हस्तक्षेप गर्न लागेको छ । (पृ. १६४) इत्यादि ।

यसमा केवल राजनीतिका कुराहरू मात्रै नभई आत्मकथाकारले नारायणहिटीमा राजाको पाहुना भएर बिताएका २/३ हप्ताका कुरा, त्यहाँको रहनसहनको कुरा बडो रसिलो पाराले व्यक्त गरेका छन् । राजा त्रिभुवनको रङ्गिलो स्वभाव, साम्राज्य शमशेरका घरमा हुने अश्लील पार्टीका कुराको (पृ. १७१-७४) पनि त्यत्तिकै कौतुकपूर्ण वर्णन गरेका छन् । आलोच्य आत्मकथाकार

केवल एक राजनीतिज्ञ मात्र नभएर प्रख्यात साहित्यकार पनि हुन् तर यसमा शब्दको छनौट, वाक्यका विशिष्ट साहित्यिक वान्की देखिन्न किनभने यो कृति आत्मकथाकार आफैले लेखेको नभएर टेपमा धाराप्रवाह रूपमा बोलेको हो ।

"त्यसताका उनी सोचिरका थिए सोसलिस्ट आन्दोलनको विकासको सम्बन्धमा । अन्तर्राष्ट्रिय आन्दोलनको मातहतमा एउटा सोसलिस्ट पार्टीको सम्भावनाको सम्बन्धमा उनीहरू सोचिरहेका थिए ।" (पृ. २१) । यसरी भाषामा केही कसरमसर देखिए तापनि यो कृति नेपाली आत्मकथाको साहित्यमा उपयोगी कृतिको रूपमा रहने छ ।

## ३.९ गणेशमान सिंह 'मेरा कथाका पानाहरू' (२०५५ असोज, आयाम पब्लिकेसन्स)

यो कृति सर्वमान्य नेता गणेशमान सिंहको आत्मकथा हो । प्रस्तुत कृति आत्मकथाकार आफैले लेखेका होइनन् । उनले धाराप्रवाह रूपमा टेपमा बोलेका कुराहरूलाई माथवरसिंहले लिपिबद्ध गरी प्रकाशनमा आएको हो । यसै सम्बन्धमा माथवर सिंह भन्छन् :

"यो पहिलो खण्ड उहाँको प्रथम वार्षिक तिथिमा प्रकाशित भएको छ त्वदीय वस्तु गोविन्द तुभ्यमेव समर्पयेको आदेशलाई पछ्याउँदै । अन्य खण्डहरूको प्रकाशन पनि यथाशीघ्र गरिने छ र जुन रूपमा यसका खण्डहरू प्रकाशित हुँदै जानेछन्, ती खण्डको अङ्ग्रेजी भाषामा रूपान्तर पनि हुँदै जानेछ" (भूमिका) ।

माथिको भनाइबाट के बुझ्न सकिन्छ भने यो कृति आत्मकथाकारको आत्मकथाको पहिलो खण्ड हो र बाँकी खण्डहरू यसपछि यथा समयमा प्रकाशित हुने नै छन् । आत्मकथाकारको मृत्यु भइसकेको भए पनि कृति उनी आफैले नलेखी टेपमा बोलेका हुनाले र अझैँ टेपमा बोलेका कुराहरू बाँकी रहेका होलान् र ती कुराहरू समयक्रमसँगै प्रकाशित हुँदै जानेछन् भन्ने आशा गर्न सकिन्छ ।

आफ्नो जन्मको तिथिमितिसहितको विवरण दिँदै सुरु भएको प्रस्तुत कृतिमा उनको जन्मदेखि नेपाली काङ्ग्रेसको स्थापना भएसम्मका घटनाहरू समेटिएका छन् ।

"तत्कालीन समाज ३ वर्गमा विभाजित थियो (क) जागिरदार (ख) व्यापारी (ग) किसान । एक प्रतिशत जागिरदार र व्यापारीबाहेक ९९% किसानी दुःखजिलो गरेर गुजारा गर्दथे । त्यो १ % दरबारको ढोकाढोका पुगेर चाकरी पुऱ्याउँदथ्यो र आफूमुनिकालाई चाकरी गराएर प्रतिष्ठा आर्जन गरेको ढोग गर्दथ्यो । त्यही १ % मा मेरो घर पनि पर्दथ्यो ।" पृ. १) ।

जस्ता आकर्षक कथनबाट प्रस्तुत आत्मकथाको प्रारम्भ भएको छ । यसमा आत्मकथाकारको परिवार सामन्तवादी थियो भन्ने कुरा थाहा हुन्छ भने तत्कालीन नेपाली जनताको सामाजिक स्थितिको बारेमा पनि जानकारी प्राप्त हुन्छ ।

आत्मकथाकारले आफ्नो बाजेको वैभव, सम्पन्नताको चित्रण गर्दै आफ्ना बा, आमाको चर्चा गरेका छन् जसबाट उनको बाल्यकाल । सम्पन्न पारिवारिक पृष्ठभूमिको यथार्थबोध हुनाका साथै  तत्कालीन राणाशासक र शासनसम्बन्धी जानकारी पनि अंशतः प्राप्त हुन्छ । उनका बाजे बडाकाजी रत्नमा दरबारका कर्मचारी भएकाले सामाजिक प्रतिष्ठा र आर्थिक दृष्टिले निकै सम्मन्न थिए । आत्मकथाकार घरको जेठो नाति भएकाले घरमा एकछत्र राज थियो जसको कारण उनी पुल्पुलिएर बिग्रेका थिए (पृ. २) । चुरोट खानु, जुवा खेल्नुजस्ता नराम्रो लतको सिकार बन्न पुगे । जुवामा हार्दै गएपछि बाजेको रवाफको फाइदा लिएर ठाउँठाउँमा ऋण लिए र ऋणमा घाँटीसम्म डुबे (पृ. ७) जसको फलस्वरूप आफ्नो बज्यैका हातका सुनका चुरी (पृ. १९) बेचे । त्यसले पनि नपुगेकाले आफ्नो बाजेको ढुकुटी फोरेर भागे (पृ. १८) तर बाजेको महानता थाहा पाएपछि पुनः घर फर्के । एक दिन आफ्ना साथी हरिकृष्ण श्रेष्ठको घरमा भोज खान जाँदा उनको भेट गङ्गालाल श्रेष्ठसँग भयो (पृ. २०) । सुरुमा गङ्गालालको ईर्ष्या गरे तापनि पछि आत्मकथाकार उनको व्यक्तित्वबाट निकै प्रभावित भए । यहीबाट उनको जीवनमा नयाँ मोड आयो । गङ्गालालकै प्रेरणाले उनी राणाविराधी क्रान्तिमा संलग्न भए (पृ. ५०) ।

उनी गङ्गालालसँग मिलेर प्रजा परिषद् खोज्न कहिले श्लेष्मान्तक वन त कहिले नागार्जुन पुग्थे । यसै क्रममा उनको भेट धर्मभक्त माथेमासँग भयो । उनी तत्कालीन राजा त्रिभुवनका व्यायाम शिक्षक थिए (पृ. ५०-६१) । धर्मभक्त माथेमाको बनावटी डरछेरुवापन जुन उनले राणा शासकहरूको कोपभाजनबाट बच्न गरेका थिए) लाई आत्मकथाकारले निकै रोचक पाराले वर्णन गरेका छन् । अनेकौँ सङ्घर्ष पछि उनले आफ्ना डरछेरुवा गुरु धर्मभक्त माथेमा नै प्रजा परिषद्को संस्थापक व्यक्ति भन्ने थाहा पाए । अब उनी धर्मभक्तकै नेतृत्वमा पर्चा छर्ने काम गर्न थाले । केही समयपछि नै उनी जेलमा थुनिए (पृ. ६१) । उनलाई गाथगादी ताकेको अभियोगमा आजन्म कारावासको सजाय सुनाइयो तापनि उनले हिम्मत हारेनन् । जेल तोडेर भाग्ने अनेकौँ प्रयास असफल भए पनि अन्तिममा सफल भए र भागेर उनी भारततर्फ लागे (पृ. १३०) । भारतमा गएर उनले वायुसेवामा काम गरे । केही समय त्यहाँ काम गरे तापनि उनले

त्यस कार्यलाई पनि छोडे । त्यसको केही समयपछि उनको भेट वी. पी. कोइरालासँग भयो (पृ. २३५) र उनकै नेतृत्वमा काम गर्ने प्रतिज्ञा गर्दै नेपाली काङ्ग्रेसको जन्म भएपछि प्रस्तुत आत्मकथाको कथावस्तु पनि समाप्त भएको छ ।

। जस्तै : टङ्कप्रसाद आचार्यको डरछेरुवापन (पृ. ९३), खड्गमान सिंहले दिएको धोका (पृ. १२४), काम नगर्ने तर पदलोलुप डिल्लीराम रेग्मी (पृ २६२), महावीर सुवर्ण शमशेरको दोहोरो र षाड्यन्त्रिक चरित्रलाई निर्धक्क रूपमा प्रस्तुत गरेका छन् (पृ. २९५) । आत्मकथाकारले आफ्ना गल्ती, कमीकमजोरीलाई पनि प्रस्तुत गरेका छन् । सानोमा आफू बिग्रेको, स्कुल जान छोडेको, ऋण तिर्न नसकेर बज्यैका हातको सुनको चुरी बेचेको, बाजेको ढुकुटी फोरेको (पृ ७-१९), गङ्गालाललाई होच्याएको (पृ. ३२), जेलको पर्खाल फोर्ने निहुँमा धेरैले आफूलाई ठगेको (पृ. १०८), आफूलाई ठूलो व्यक्ति ठानेर वी. पी. लाई भेट्न नगएको (पृ. २०३) जस्ता प्रसङ्गहरूलाई लिन सकिन्छ ।

प्रस्तुत आत्मकथामा ठाउँठाउँमा हिन्दी शब्दको प्रयोग गरिएको छ । जस्तै : लिहाज, तोहफा, हमेशा, इन्तजार इत्यादि । यो कृति आत्मकथाकार आफैले नलेखेर टेपमा बोलेका भए पनि यसको भाषा कलात्मक छ । आत्मकथाकारले आफ्ना आत्मिक भावनाको चित्रण सङ्क्षिप्त रूपमा मात्रै भए पनि गरेका छन् । पहिलोपल्ट वी. पी. कोइरालालाई भेट्दा आत्मकथाकारले वी. पी. को वर्णन यसरी गरेका छन् । जस्तै : “त्यो एकजना दुब्लो सिद्राजस्तो सुकेको अग्लो थियो तर उसको भाषण सुनेपछि मलाई लाग्यो म जसको खोजीमा थिए त्यो व्यक्ति यही हो र यसैले केही गर्दछ ।”

३१७ पृष्ठ ओगटेको यो आत्मकथा नेपाली काङ्ग्रेसको स्थापनाभएपछि समाप्त भएको छ । यसका अरू खण्ड प्रकाशित हुने पुस्तकमा उल्लेख भए पनि यो प्रकाशित भएको लगभग १० वर्ष पुग्दा पनि अन्य खण्डहरू प्रकाशनमा आएको जानकारी छैन ।

## ३.१० कृष्णचन्द्रसिंह प्रधान ‘नफर्कने ती दिनहरू’ (२०५९, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान)

नेपाली साहित्यका साहित्यकार तथा समालोचक कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित **नर्फकिने ती दिनहरू** उनको आत्मकथा हो । आत्मकथा किन लेख्नुपऱ्यो भन्नेबारे आत्मकथाकार यसो भन्छन् :

"नफर्कने ती दिनहरू आफैँसँग सम्बन्धित आफ्नै बारेको इतिवृत्त हो । सुरु गरेको थिए २०५४ सालको अन्त्यतिर । लेख्ने रहर गरेर लेखेको चाहिँ होइन । नेपालमा जीवनी, आत्मकथाहरू लेख्ने चलन छैन जस्तै छ । पाको उमेरका गाह्रोसाह्रो खेपेकाहरूले लेख्नुपर्ने हो, मैले थाल्नुपर्छ भनेर कतिले आग्रह गरे । डा. ध्रुवचन्द्र गौतम पनि यसै भन्थे । यसरी सुरु गरेछु मैले ।"

आत्मकथा लेख्न गाह्रो हुने कुरा गर्दै आत्मकथाकार अझै थप्छन् "आफ्नो विषयमा लेख्नु जस्तो कठिन मलाई क्यै लागेन । भन्दा नभने पनि हुने हो कि भन्ने लाग्छ । नभन्दा छुटेछ कि भन्ने पर्छ । भनेको कुरो पनि बढ्बोली लाग्ने आशङ्का त आफ्नो ठाउँमा छँदैछ कति सम्म भन्ने ? र त्यसको सत्यताको साक्षी आफूबाहेक कोही नभएको सन्दर्भमा इमान्दारी भन्दा विश्वसताको अर्को प्रमाण हुँदैन । निरपेक्षित भई यथार्थताको अनुसरण गर्नु त्यत्तिकै गाह्रो छ । हीनताबोधले आफैप्रति खुलस्त हुन दिँदैन भने आत्मश्लाघाले केके न हुँ भन्ठानेर महान् सम्झने गर्दछ ।" जस्ता कलात्मक कथनबाट आत्मकथाको प्रारम्भ भएको छ । प्रारम्भका दुई शीर्षक आत्मकथाकारले आफ्ना मातापिताभन्दा पनि विस्तृत रूपमा नेपाल, नेपाली जाति एवम् आफ्नो पुर्खाहरूको वर्णनमा खर्चेका छन् । त्यसपछि आफ्नो जन्मबारे यसो भन्छन् : "हुन त म जस्ता कतिपय असङ्ख्य मानिसहरू कति जन्मे । कति जन्मदैछन् । यस भवसागरमा एक थोपा भइ म पनि थपिएँ भने कुन ठूलो काम भएछ र हर्षविभोर होऊँ ?"

आफ्ना मातापितालगायत परिवारको बारेमा सङ्क्षिप्त रूपमा वर्णन गरिएको यस आत्मकथामा तत्कालीन नेपाली समाजको सामाजिक स्थितिको वर्णन राम्ररी गरिएको छ । कसरी एउटा सम्पन्न परिवार, परिवार मुलीको कुलतले गर्दा विपन्नतातर्फ घचेटिन पुग्यो भन्ने कुराको पनि चित्रण यस आत्मकथामा पाइन्छ । आत्मकथाकारको घरपरिवार सम्पन्न भए पनि उनका पिता कुलतमा लागेका थिए, जसको कारणले उनका पिताले एक दिन जुवामा सम्पूर्ण सम्पत्ति सके । त्यस घटनापछि आत्मकथाकारको परिवार काठमाडौँबाट वीरगन्ज बसाइँ गर्न बाध्य भयो । गरिबीले गर्दा उनले स्कुलको शुल्क तिर्न नसकेर स्कुल छोड्नुपऱ्यो । त्यति भए पनि उनमा रहेको ज्ञानको भोक मरेको थिएन । आफूमा रहेको ज्ञानको तिर्खालाई मेट्न उनी आफ्ना दाजुले ल्याएका पत्रपत्रिका पढ्न थाले । यसबाट नै लेखकको लेख्ने बानीको विकास भयो । वीरगन्जमा छँदा आमाको मृत्यु भएपछि आत्मकथाकार काठमाडौँ आए र

शान्तिनिकुञ्जमा जेल परे । जेलबाट छुटेपछि पछि तुलसी मेहरको आग्रहले उनी गान्धीको आश्रम बर्धामा गएर बसे । त्यहाँ बस्दा गान्धीवादप्रति पनि उनको मोहभङ्ग भयो र उनी पुनः नेपाल फर्केर आए । नेपाल आएपछि उनको सङ्घर्षमय जीवनको सुरुआत भयो, थुप्रै दुःखसुख भोग्दै आफ्ना कर्तव्यहरू निभाउँदै रहँदा जब उनलाई हृदयघात भयो, त्यसपछि नै प्रस्तुत आत्मकथाको विषयवस्तुको अन्त्य भएको देखिन्छ ।

यस आत्मकथामा संस्मरण, भ्रमणवृत्तान्त र नियात्राहरू पनि छन् । आत्मकथाकारले आफूले भ्रमण गरेको स्थानको वर्णन निकै राम्ररी गरेका छन् । यसमा चीन, ल्हासा आदिको लामो तर कलात्मक वर्णन पाइन्छ । आत्मकथाकार स्वयम् एक साहित्यकार भएकाले साहित्यकारिताको प्रभाव उनको लेखनमा देखिन्छ । प्रस्तुत आत्मकथामा आत्मकथाकारको हक्कीपन पनि पर्याप्त देख्न सकिन्छ । जस्तै : आफ्नी आमा र भाउज्यूबीचको ठाकठुक, दाजु र आफ्नो कुरो नमिल्ने र आत्मकथाकारका ६० वर्षका पिताले जवान केटी ल्याएर राखेको, भाउज्यूले गर्दा उनकी पत्नी र दाजुबीच ठाकठुक परेको, राजाबाट विभूषण पाउँदा नाकमा खटिरा आएर जान नसकेको तर राजा महेन्द्रले पछि त्यसको बदला लिएको, छोरीको बिहेको लागि आफ्नो सुनको पदक मास्नुपरेको आदिमा तर भद्रगोल जेलमा हुँदा रमनको टाउको माथि पिसाब फेर्ने व्यक्तिको नाम र ब्रिटिस दूतावासबाट आएको पैसा पचाइदिने बजार व्यवस्था विभागका हाकिमको नाम भने उल्लेख गरेका छैनन् । यसरी उनमा निर्भीकता र हच्काइको दोधारे प्रवृत्ति देखिन्छ ।

आलोच्य आत्मकथाकारले उमेर वृद्धिका क्रममा जीवनचक्रलाई विभिन्न उपशीर्षकहरूमा विभक्त गरे तापनि सोही अनुसारको क्रम मिलाउँदा कुराहरू दोहोरिन गएका छन् भने केही अस्पष्टताहरू पनि देखापरेका छन् । आत्मकथाकारले (पृ.४४) मा आफ्नो बिहे भएको कुरो उल्लेख गरेका छन् तर कोसँग बिहे भयो, दुलहीको नाम केही पनि उल्लेख गरेका छैनन् तर (पृ. ५१) मा आएर मात्रै आफ्नी पत्नीको परिचय दिएका छन् । त्यस्तै एक प्रसङ्गमा उनको भाइको मृत्यु सानैमा भएको कुरो उल्लेख गरेका छन् तर पछि आफ्नै भाइबुहारीको आफ्नै भतिजोसँग अनुचित सम्बन्धको बारेमा लेखिएको छ । ती भाइ को हुन्, त्यसको बारेमा केही जानकारी पाइँदैन । आत्मकथाकारले छोराको बिहे, नातिको जन्म, आफ्नी छोरीहरूको बारेमा परिचय दिए तापनि बुहारीको नाम मात्रै पनि उल्लेख गरेका छैनन् । उनको बारेमा केही पनि थाहा हुँदैन ।

प्रस्तुत आत्मकथाको भाषा कसिलो छ । आफूलाई हृदयघात भएको घटनामा टुङ्गिएको प्रस्तुत आत्मकथा आधैमा समाप्त भएको प्रतीत हुन्छ तर त्यो कमी उनको आत्मकथाको दोस्रो भागले पूरा गरेको छ ।

## ३.११ रामहरि शर्मा नेपाल 'आत्मवृत्तान्त' (२०५९ असार, आत्मवृत्तान्त अभिलेखालयमा सेवा)

प्रस्तुत आत्मकथा जिउँदा सहिद रामहरि शर्मा नेपालको हो । वि. सं. १९९७ को काण्डमा शर्मासँगै जेलमा परेका सहयोद्धा शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द, टङ्कप्रसाद आचार्यमध्ये शर्मा र आचार्य ब्राह्मण भएका कारणले राणाहरूले मृत्युदण्ड नदिई चारपाटा मुडी सर्वस्वसहित आजीवन जेलको सजाय दिएका थिए । प्रस्तुत आत्मकथा आत्मकथाकार आफैँले लेखेका होइनन्, टेपमा बोलेका कुरा प्रकाशनमा आएको हो ।

आत्मकथा लेख्नुपर्ने कारण उल्लेख गर्दै आत्मकथाकार भन्छन् : "भैरव रिसालजीको जोडदार आग्रह देखेर मलाई पनि लाग्यो कि आफ्नै जीवनको राम्रानराम्रा पक्ष देखाइदिँदा समाजका कसैले त अभिरुचि लेलान् जस्तो लाग्यो र म आफ्नो आत्मकथा भन्दै जाने मनस्थितिमा पुगेँ ।"

भैरव रिसालको आग्रहका कारणले सुरु भएको प्रस्तुत आत्मकथा आत्मकथाकारले भनेझैँ अभिरुचि जगाउने खालको छ । आफ्नो जन्मको तिथिमिति दिँदै सुरु भएको प्रस्तुत आत्मकथामा घटनाहरू उमेरवृद्धि क्रमअनुसारको पृष्ठभूमिमा क्रमिक रूपले मिलेका छन् । कतै पनि खजमज भएको पाइँदैन । यो आत्मकथा जिँउदा सहिदको भएकाले यसमा राणाशासन, जेलजीवनलगायत राजनीतिका धेरै कुराहरू परेका छन् ।

प्रजा परिषद्सँग सम्बद्ध भएर राणाविरोधी अभियानमा लागेपछि उनको राजनीतिक जीवनको सुरुआत भयो जुन कुरा उनले आफ्नी पत्नी एवम् घरपरिवारलाई थाहा दिएका थिएनन् । (पृ. ४८) तर उनको पोल खुलेपछि पक्राउ परे । आफू सँगैका चारजना सहयोद्धाहरूलाई मृत्युदण्ड दिइए तापनि आत्मकथाकार ब्राह्मण भएकाले तत्कालीन प्रचलन अनुसार ब्राह्मणलाई चारपाटा मुडेर देश निकाला गरिन्थ्यो तर आत्मकथाकारलाई चारपाटा मुडे पनि देश निकाला नगरेर सर्वस्वहरणहसहित जेलमा राखियो । त्यहाँबाट आत्मकथाकारको जेलजीवन सुरु भयो (पृ. ५०) । २००७ सालको क्रान्ति सफल भएपछि उनी जेलबाट मुक्त

गरिए । त्यसपछि यिनी पुनः राजनीतिमा सक्रिय भए (पृ. ८८), पञ्चायत कालमा किसान सङ्गठनको सचिवको पदमा कार्य गर्न पुगे । त्यसको केही समयपछि २०३६ सालको जनमत सङ्ग्रहको घोषणा भयो (पृ. ९४) । त्यसपछि आत्मकथाको खास कथावस्तु समाप्त भएकोझैँ लाग्दछ किनकि त्यसपछि आत्मकथाकारले आफ्ना गुनासा एवम् विचारहरू प्रस्तुत गरेका छन् । नेपालमा प्रजातन्त्र ल्याउने सम्पूर्ण हात नेपाली काङ्ग्रेसको भनेर प्रचार गरिदिएकोमा, टङ्कप्रसाद आचार्यलाई थर्ड क्लास व्यक्तित्वमा लगेर राखिदिएकोमा (पृ. १०८) । आत्मकारकारले गुनासो व्यक्त गरेका छन् ।

प्रस्तुत आत्मकथामा आत्मकथाकारको हक्कीपन पनि देख्न सकिन्छ । जस्तै : "शुक्रराज शास्त्रीका भाइले पर्चा छरेकोमा राणालाई पोल लगाएका (पृ. ३९), कविप्रसाद गौतमको हरेराम समूहले उनकी पत्नीलाई गाली गरेको (पृ. ५०), अहिंसात्मक आन्दोलनमा सुवर्ण शमशेरले सहयोग नगरेको (पृ. ८७), पुष्पलालको डरछेरुवापन (पृ. ८८), राजा महेन्द्रको षाड्यान्त्रिक चरित्र (पृ. ८३), जनमत सङ्ग्रहमा पञ्चायतले धाँधली गरेर जितेको (पृ. ९४) जस्ता प्रसङ्गलाई लिन सकिन्छ ।

आत्मकथाकारले आफ्ना कमीकमजोरीलाई पनि यथार्थ रूपमा प्रस्तुत गरेका छन् । आफू जेलमा छँदा छुट्न नपाएकाले निराशा आएको, बौलाउन खोजेको (पृ. ६३), २०१५ सालको चुनावमा वी. पी. ले सिट छोडिदिने भने तापनि पार्टीको नीतिले गर्दा त्यसा नगरेकाले प्रजा परिषद् हारेको आदि । आत्मकथाकार पञ्चायत कालमा किसान सङ्गठनको सचिव पदमा काम गर्न पुगे । उनी स्विकार्छन् "यसलाई हेर्दा मेरो राजनीतिक कमजोरी पनि हो किनभने जस्तोसुकै कठिनाइ सहेर पनि आफ्नो सिद्धान्तमा अडिग भएर बस्नुपर्ने थियो तर त्यसो गर्न मैले सकिनँ ।" (पृ. ९०) ।

यस आत्मकथामा भ्रमणका वृत्तान्तहरू पनि छन् तर त्यो वृत्तान्त अलि सङ्क्षिप्त किसिमको छ । यसको भाषा सरल छ । गम्भीर कुराहरूलाई सरल भाषामा प्रस्तुत गरेर अर्थ सञ्चार गर्न सक्नु प्रस्तुत आत्मकथाको भाषाको उपलब्धि हो ।

### ३.१२ न्हुच्छेबहादुर बज्राचार्य 'मेरो कथाका पानाहरू' (२०५९ साउन, मैत्री विद्यालय)

प्रस्तुत कृति 'आनन्दकुटी विद्यापीठ' वा संस्थापक न्हुच्छेबहादुर बज्राचार्यको आत्मकथा हो । आफ्नो आत्मकथा लेख्नुको कारण खोतल्दै आत्मकथाकार लेख्छन् :

"यिनै कारण नै मलाई यो कृति अविलम्ब लेख्ने कारण बन्यो जुन मृत्युबारे सबैजसो मानिसहरूले भन्ने गरे -जस्तो मैले पनि "कसैलाई आफू कहिले मर्छु भन्ने थाहा हुँदैन तर मर्न चाहिँ अवश्य पर्छ ।" यो जीवन वृत्तान्त लेख्न थाल्दा यिनै विचारहरू मेरो मनमा अटाइनअटाइ आउन थाले ।

आत्मकथाकारले प्रस्तुत आत्मकथालाई विभिन उपशीर्षकहरूमा विभाजन गरी उमेर वृद्धि क्रमअनुसारको पृष्ठभूमिमा लेखेका छन् र त्यो उमेरवृद्धि क्रमअनुसारको लेखनमा कतै खजमज पाइँदैन । आफ्नो जन्मको तिथिमिति दिँदै सुरु भएको प्रस्तुत आत्मकथामा आत्मकथाकारले आफ्नो परिवारको बारेमा चर्चा गर्दै आफ्नो दुःखद बाल्यजीवनको बारेमा सङ्केत दिएका छन् । उनका पिताले दुई विवाह गरेका थिए । पिताकी जेठी पत्नीबाट दुई छोरी र एक छोरा भए । एउटी छोरीको सानैमा मृत्यु भएपछि उनकी जेठी पत्नीको पनि मृत्यु भयो । त्यसपछि आत्मकथाकारका पिताले उनकी आमासँग बिहे गरे । आत्मकथाकारको जन्म भएपछि उनका पिताको पनि मृत्यु भयो ।

आत्मकथाकारले पहिलो उपशीर्षकअन्तर्गत 'आफ्नो र आफ्नो परिवारको परिचय' समेटेका छन् भने त्यसपछिको उपशीर्षकलाई 'विधवा आमाको दुर्भाग्य' भनेर नामकरण गरेका छन् । यसबाट के अनुमान गर्न सकिन्छ भने उनकी विधवा आमाले समाजबाट थुप्रै लाञ्छना सहनु परेको होला, दुःखकष्ट र अपमान भोग्नुपरेको होला । स्वयम् आत्मकथाकारले पनि निकै दुःख भोग्नुपरेको होला तर यस प्रसङ्गमा उनले मावली घरमा बस्नु परेको बाहेक ती विधवा आमाको अरू दुर्भाग्य के थियो ?, उनले केकस्ता दुःख खप्नुपरेको थियो, यसबारेमा केही उल्लेख पाइँदैन ।

१२ वर्षको उमेरबाट सामान्य रूपमा शिक्षाआर्जन गर्ने उद्देश्यले आत्मकथाकार दरबार हाइस्कुल पुगे तर त्यहाँको पढाइबाट सन्तुष्ट भएनन् । उनी नेपाल छोडेर भारत एवम् श्रीलङ्कातिर भागे । श्रीलङ्कामै यिनको पढाइको सुरुआत भयो । आफ्नो शिक्षा पूरा भएपछि उनलाई आफ्नो देशको सम्झना आयो र उनी नेपाल फर्के । यहाँ आएर उनले आनन्दकुटी विद्यापीठको स्थापना गरे । केही वर्ष यही काम गरेपछि यहाँको किचलो, झगडाले गर्दा आत्मकथाकार असन्तुष्ट भएर विदेशतर्फ लागे । यसबेला देखि नै आत्मकथाकारको घुमन्ते जीवनको सुरुआत भयो भने आत्मकथाको खास कथावस्तुको अन्त्य पनि यहीँबाट भएझैँ लाग्छ

किनभने यसपछिका पानाहरू आत्मकथाकारले आफ्नो भ्रमण वृत्तान्तको वर्णनमा खर्चेका छन् । भ्रमण वृत्तान्तहरू निकै लामो तर रोचक पाराले कथेका छन् । भ्रमण गरिएका ठाउँको रीतिस्थिति, चालचलन, संस्कृतिको बारेमा यथार्थ रूपले प्रस्तुत गरेका छन् । विभिन्न देशको भ्रमण सिद्धिएपछि उनी पुनः नेपाल फर्के । यहाँ आएर आत्मकथाकारलाई उनकी आमा भिक्षुणी बनेको थाहा हुन्छ । आत्मकथाकारका दाजुले विवाह गर्न कर गरेको कुरा उल्लेख गरे तापनि त्यसको बारेमा केही जानकारी पाइँदैन । अन्तिम पृष्ठमा उनकी पत्नी र छोरी भएको कुरा थाहा पाइन्छ । आफ्ना कुराहरू वर्णन गर्ने क्रममा आत्मकथाकारमा हतारोपन स्पष्ट देख्न सकिन्छ । सम्भवतः त्यही हतारोपनले गर्दा कतिपय कुराहरू प्रसङ्गअनुसार उल्लेख गर्न बिर्सेका छन् ।

यस आत्मकथाको महत्त्वपूर्ण पक्ष हो आफ्नो प्रेम र यौनसम्बन्धी कुराहरूलाई खुलस्त रूपले प्रस्तुत गर्नु, जुन कुराको अभाव प्रायः नेपाली आत्मकथामा पाइन्छ । जस्तै : "श्रीलङ्कामा आत्मकथाकारको प्रेम घरबेटीकी छोरीसँग परेको उल्लेख छ तर त्यसको बारेमा घरबेटीले थाहा पाएपछि उनले त्यस घरलाई छोड्नुपऱ्यो । त्यो प्रेम के भयो त्यसको बारेमा केही उल्लेख छैन ।

तिब्बतमा बस्दा घ्वीला र उसकी केटी साथीलाई आत्मकथाकारले आफ्नै कोठामा बास दिएर केटीकै आग्रहले उनले त्यस रात शारीरिक सम्बन्ध पनि कायम गरे तर आत्मकथाकारले केवल केटीकै आग्रहका कारणले यौन सम्पर्क राखेका हुन्, के उनको त्यस रात बिताइमा कुनै उत्सुकता थिएन ?, के उमेरअनुरूपको यौन इच्छा उनमा थिएन ? भन्ने कुराको कुनै उल्लेख छैन ।

त्यस्तै स्कान्डिनेभियामा मिटेन्डोर्फ नाम गरेकी केटी उनको पछि लागी र उनीहरू कैयौँ हप्तासम्म थुप्रै ठाउँहरू घुमे तर उनीहरूबीचको सम्बन्ध के थियो, त्यस बारेमा केही उल्लेख पाइँदैन । आत्मकथाकारको आफ्नो प्रेम र यौनसम्बन्धी कुराहरूलाई सरसरती वर्णन गरे पनि यौनसम्बन्धी सन्दर्भमा चाहिँदो मात्रामा खुल्न सकेका छैनन् । आत्मकथाकारमा निर्भीकता र हिचकिचाहटको दोधारे प्रवृत्ति देखिन्छ ।

प्रस्तुत आत्मकथाको भाषा सरल र वर्णनात्मक छ । यसको भाषामा वर्णनात्मकता धेरै भएको हुनाले आत्मकथाकारको आत्मिक भावहरूको चित्रणमा कमी देखिन्छ । यसमा आत्मकथाकारको हक्कीपन पनि देख्न सकिन्छ । जस्तै : " 'ग' श्रेणीका राणाहरूसँग आफूले

ईर्ष्या गरेको, मणिहर्षका भाइ जानज्योतिसँग आफ्नो ठाकठुक परेको, आफ्नो दाजुको छोरो बिग्रेको इत्यादि प्रसङ्गमा ।”

## ३.१३ योगी विकाशानन्द ‘बाललीला भाग १’ (२०६०, सुप्रवाह प्रकाशन)

यो मनोक्रान्ति एवम् सुपरलर्निङ्गका प्रवर्तक योगी विकाशानन्दको आत्मकथा हो । यस खण्डमा उनको जन्मदेखि लगभग २० वर्षको समयावधिभित्रका घटनाहरू परेका छन्; जुन कुराको पुष्टि यस किताबको नामबाट पनि हुन्छ ।

आफ्ना बुबा, ठूलो बुबालगायतको आफ्नो परिवारको बारेमा चर्चा गर्दै सुरु भएको प्रस्तुत आत्मकथामा आत्मकथाकारले आफ्ना बुबा र ठूलाबुबाको विशेष चर्चा गरेका छन् । आफ्नी हजुरआमाका तीन सन्तानमध्ये कान्छा भोगेन्द्रमान सहिद भएका थिए । उनका बुबा र ठूलोबुबाको चरित्र कान्छा भाइभन्दा विपरीत थियो । उनका बुबा र ठूलाबुबा केही काम नगर्ने, सधैंभरि जाँडरक्सीमा डुबिरहने, आआफ्नी स्वास्नीलाई पिट्ने एवम् टोलभरि सधैँ झगडा गरी काण्ड मच्चाइरहने भएकाले आमाबाबुको सम्बन्ध नराम्रो थियो । घरको वातावरण दिनानुदिन बिग्रँदै गएकाले आत्मकथाकार पनि बिग्रँदै गए (पृ. ३-१०) । उनी स्कुल गएर पढ्न भन्दा बदमासीतिर बढी ध्यान दिन थाले । छिट्टै नै बाबुको प्रतिच्छायाअनुरूप टोलभरिको सबैभन्दा गुन्डा केटाको रूपमा चिनिन सफल भए ।

उनका बदमासीहरूले सीमा नाघ्न थाले पनि उही सुध्रिने छाँटकाट देखिएन । यसै समयमा उनले आफ्नो जन्मको रहस्य थाहा पाए (पृ. ५०) । वास्तवमा यहीँ घटनाबाट उनको जीवनमा नयाँ मोड आयो र उनी बदमासी छाडेर असल मार्गतिर प्रवृत्त भए । उनी आफ्ना बाबुआमाको सन्तान नभएको, बेबारिसे अवस्थामा पाटीमा फेला परेको, उनको आमाबाबुको पत्तो नभएको, गणेश मन्दिरको पाटीमा फेला परेकाले गणेश भगवानको नामअनुरूप आत्मकथाकारको नाम एकदन्तमान राखिएको कुरो थाहा पाए । यस घटनापछि उनको व्यवहारमा परिवर्तन आउन थाल्यो । आफ्नो गल्तीको पश्चात्ताप गरेर यिनले आफ्नो नाम एकदन्तमान फेरेर विकास राखी नयाँ जीवन सुरु गरेको चर्चा गर्दै प्रस्तुत आत्मकथाको यस खण्ड समाप्त भएको देखिन्छ ।

आत्मकथाको महत्त्वपूर्ण पक्ष हो, आत्मकथाकारको निर्भीकता । उनले आफ्ना गल्ती, कमीकमोजोरीलाई यथार्थ रूपमा प्रकट गरेका छन् । जस्तै : स्कुल पढ्न छोडेर बदमासी गर्ने

(पृ. १०), रत्नबहादुर अङ्कलकोमा गएर जलरङ्ग चोर्ने (पृ. २८), ज्यापूको बारीबाट मूला, काउली चोर्ने, मधेसीको सामान चोरेर असनका दोकानमा बिक्री गर्ने, रेस्टुरेन्टमा खान बस्दा चम्चा गोजीमा लिएर हिँड्ने (पृ. २९-४०), सिनेमाको टिकट ब्ल्याकमा बेच्ने (पृ. ४०), पुस्तकालयको किताबको पन्ना च्यातेर बेच्ने (पृ. ४१), डबली नाटकबाट गीत चोरेर आफैँले लेखेको भन्ने (पृ. ४६) जस्ता प्रसङ्गलाई लिन सकिन्छ ।

आत्मकथाकारले आफ्नो प्रेमसम्बन्धी कुराहरू पनि प्रस्तुत गरेका छन् । हुन त यो खण्डले केवल बाल्यकाल र त्यसभन्दा केही समय लगभग १९-२० वर्षसम्मको समयावधि ओगटेको छ । त्यसैले यसमा यौनका कुराहरू त्यति परेका देखिँदैनन् । आफू तीन क्लासमा पढ्दा एउटी बच्चीसँग प्रेम गरेको, ठूलोबुबाका छोरीहरूको गहना चोरेर त्यस केटीलाई दिन थालेको तर छिट्टै नै त्यो प्रेम भताभुङ्ग भएको एवम् आफू १६ वर्षको हुँदा आफ्नो सहपाठीसँग प्रेम परेको (पृ. ९३) आदि उल्लेख गरिएको छ तर सरसरती वर्णन गरिएका यसका धेरै कुराहरू शङ्कास्पद रहेका छन् । तीन क्लासमा पढ्दा प्रेम गरिएकी ती केटीको नाम के हो ?, त्यसको केही जानकारी पाइँदैन । १६ वर्षको हुँदा प्रेम गरेकी ती केटी को थिइन् ? त्यो प्रेमको के परिणाम भयो, त्यस बारेमा पनि उल्लेख छैन ।

प्रस्तुत आत्मकथाको भाषा सरल छ । यसमा लेखकको आत्मिक भावनाको चित्रणमा कमी पाइन्छ । कतै सङ्क्षिप्तताले गर्दा अस्पष्टता पनि देखिन्छ । जस्तै : उनका बाबुले कान्छीआमालाई नागरिकता दिन लागेका प्रसङ्गबाट उनकी कान्छी आमा पनि थिइन् भन्ने कुरा थाहा हुन्छ जुन कुराको उल्लेख आत्मकथाकाले पहिले गरेका थिएनन् (पृ. १४) । आत्मकाथाकार बेबारिसे भएको हुँदा उनका बाबुले सधैँ बाहुन भनेर गाली गर्दथे तर उनका बाबुलाई पनि आत्मकथाकारको जात के हो भन्ने कुरा थाहा थिएन । त्यसोभए किन उनलाई बाहुन भनेर गाली गरिन्थ्यो यस कुरामा केही रहस्य छ कि भन्ने शङ्का उठ्छ । आत्मकथाकारलाई आफ्नो जन्ममिति कसरी थाहा भयो ? के आधारमा किटियो । यी कुराको बारेमा प्रस्तुत आत्मकथामा केही पनि उल्लेख भएको पाइँदैन ।

प्रस्तुत आत्मकथा कलात्मक छ । नेपाली आत्मकथाको क्षेत्रमा यो राम्रो कृति हो । यसको अन्त्य चाहिँ आत्मकथाकारले यसरी गरेका छन् । "यस कथनलाई मेरा बुबा...जसबाट आफू एकदिन केही हुनैपर्छ भन्ने भावनाको बोटमा मलजलको काम गरेको थियो ।

## ३.१४ रमेश विकल 'मेरो अविरल जीवनगीत' (२०६०, साझा प्रकाशन)

यो नेपाली साहित्यका प्रसिद्ध साहित्यकार रमेश विकलको आत्मकथा हो । उनी कथा, निबन्ध, उपन्यास विधामा कलम चलाउने सिद्धहस्त प्रतिभा हुन् । आत्मकथाको प्रारम्भमा "यो एउटा सम्झना हो, आफूले भोगेको जीवनको सम्झनाको कुनै क्रम हुँदैन, इतिहासको जस्तो । यसलाई जहाँबाट सुरु गरे पनि हुन्छ । कुनै फरक पर्दैन तर पनि अतीतका कुराहरू वर्तमानबाट सुरु गर्नुमा कुनै तुक हुँदैन" भन्ने जस्ता कलात्मक कथनबाट आत्मकथाको प्रारम्भ भएको छ ।

आफ्नो पुर्ख्यौली थलो एवम् पुर्खाहरूको बारेमा चर्चा गर्दै सुरु भएको प्रस्तुत आत्मकथामा आत्मकथाकारका पुर्खाहरू दरबारमा काम गर्थे । त्यसबापत् उनीहरूले चाल्सा भन्ने ठाउँमा बिर्ता पाएकाले उनीहरूको थर चालिसे रहेको कुरा उल्लेख गरेका छन् (पृ. १) । यस आत्मकथामा आत्मकथाकारले आफ्नो जन्मको तिथिमिति उल्लेख गरेका छैनन् तर पढ्दै जाँदा "मेरो पाँच वर्षको उमेरमा आएको यस आँधीलाई नब्बे सालको भुइँचालोको रूपमा चिनिन्छ  (पृ. २०) भनेबाट उनको जन्ममिति वि. सं. १९८५ हो भन्ने बुझिन्छ ।

आत्मकथाकारले आफ्नो बुबाआमा र बज्यै भन्दा बाजेको विशेष चर्चा गरेका छन् । आत्मकथाकारका बाजे सामन्तवादी थिए । परिवारका अन्य सदस्यको खाना जस्तोसुकै भए पनि आफू स्वादिष्ट खाना खाने, काम गर्ने मजदुरलाई अमानवीय व्यवहार गर्ने, सानो गल्ती गरेमा पनि कठोर सजाय दिने, आफ्नो छोरोको कान्छी पत्नीबाट भएका छोरा नेवार्नी आमाका भएकाले माया नगर्ने तर आत्मकथाकार बाहुनका छोरा भएकाले उनलाई विशेष माया गर्ने, आफ्नी पत्नी मरेपछि डल्लीमाईसँग अवैध सम्बन्ध राख्ने जस्ता प्रवृत्ति आत्मकथाकारका बाजेमा देखिन्छ । आत्मकथाकारका बुबा भने राणाशासकका बफादार कारिन्दा थिए । आफ्नो छोरोको रुचि विपरीत नै भए पनि उनलाई त्यही चाकरीको बाटोमा लगाउन चाहने पात्र थिए (पृ. ४-१०) ।

यस आत्मकथाको अर्को महत्त्वपूर्ण पक्ष हो आफ्नो व्यक्तिगत जीवनको गोपनीयतालाई पनि नधकाइकन प्रस्तुत गर्नु । आत्मकथाकारले आफ्नो प्रेम र यौनसम्बन्धी कुराहरूलाई निर्धक्क भएर प्रस्तुत गरेका छन् । आफूमा यौन चाहना कति थियो भन्ने कुरालाई यसरी व्यक्त गरेका छन् : "बिहे बाह्र वर्षमा भए पनि वास्तविक यौनेच्छा १६/१७ वर्षपछि जागेको हो । जागेपछि भने यो फुकेको राँगाको गतिमा बढ्न पुगेको थियो । यही गतिमा बढ्दा २००५ सालमा पहिली

छोरी जन्मेपछि लगालग भने जस्तै छोराछोरी जन्मदै जाँदा बीस सालमा मेरा दसवटा सन्तान भए ।" (पृ. १७८) ।

आफ्नो बिहे भएपछि आफ्नी स्वास्नी मन नपरेकी बरू बिमातृपट्टि भाउज्यू मन परेकी (पृ. ८६), आफ्नो बिहे भइसके पछि विराटनगरमा पढ्दा शान्तालाई मन पराएको (पृ. ९१), शान्ताको मोह छुट्न नपाउँदै रत्नसित आकर्षक भएको (पृ. १०४), आफ्नो साथी जफरको बहिनी रजियाको सुन्दरताबाट मोहित भएर साथीको घर बारम्बार जाने गरेको (पृ. ११३) जस्ता प्रसङ्गमा व्यक्तिको नामै तोकेर उल्लेख गरेका छन् जुन कुरालाई सराहनीय मान्नुपर्दछ ।

आफ्नो प्रथम प्रणय र यौनको प्रसङ्गमा २०००/२००१ सालतिर दसैंमा पिङ खेलिरहेकी केटीसँग उनको प्रेम परेको, ती केटीलाई बारम्बार भेट्ने प्रयास गरेको र आफ्नो मित्रको माध्यमबाट ती केटीलाई भेट्दा ती केटीले यौनसम्बन्धको लागि प्रस्ताव राख्दा आफूले नस्विकारेको कुरा (पृ. १७७) उल्लेख गरेका छन् । आफ्नी पत्नी सुत्केरी हुँदा यौनतृष्णा खप्न नसकेर यौनकर्मीको खोजीमा चिन्तित भइरहेका बेलामा आफ्ना नाता पर्ने मामासँग भनेर उनी यौनकर्मीकहाँ गएँ तर बाटैमा आफूले चिनेको व्यक्ति देखेपछि फर्केर आएँ (पृ.१८१) एवम् कलकत्तामा साथीले वेश्यालयतिर जाने प्रस्ताव राख्दा आफू आकर्षित भए पनि पैसा नभएकाले नगएको कुरो उल्लेख गरेका छन् (पृ. १७२) । आफ्नी पत्नी मन नपरे पनि आफूले अरू कसैसँग यौनसम्बन्ध नराखेको कुराको छनक दिएका छन् । आलोच्य आत्मकथाकारले आफ्ना यौन गतिविधिहरूका घटनागत सत्यनिष्ठ विवरणात्मक चित्रण मात्र गरेका छन् अर्थात् आत्मकथाकारको यौनसम्बन्धी भावनात्मक कुराहरूको अभावले गर्दा यसमा केही शङ्कास्पद कुराहरू पनि देखापरेका छन् । उदाहरणको लागि : २०००/२००१ सालतिर प्रेम गरिएकी केटी विवाहित थिइन्, एउटी विवाहिताले भर्खरै बोलचाल भएको केटोसँग हाक्काहाक्की रूपमा यौनसम्बन्धको आग्रह गर्नु सम्भव थियो ? त्यसबेलाको कट्टर समाज एवम् बाहुन परिवारकी बुहारीले त्यसरी खुलेआम यौनसम्बन्धको लागि तयार हुनुजस्ता कुराहरू विश्वसनीय मान्न सकिँदैन । अझैं आत्मकथाकारको चरित्र हेर्दा के उनको त्यसबेला कुनै इच्छा थिएन भन्ने कुरा शङकास्पद देखिन्छ । यौनतृष्णा खप्न नसकेर यौनकर्मी कहाँ गएको बेला के आफूले चिनेको व्यक्ति देख्दैमा यौनसम्पर्क नराखेर भागेको कुरा कति सत्य होला । लाज वा डर मान्ने भए त्यस्तो कार्य गर्नुभन्दा पहिले नै आफ्नो मामा पर्नेसँग पनि डराउनुपर्ने हो तर वेश्याकहाँ जान र

मामासँग यौनकर्मी खोजिदिन भन्न चाहिँ नडराउने तर चिनेको मान्छे देख्दैमा भाग्ने भन्ने कुरो कतिको सत्य होला । आत्मकथाकारले आफ्नी पत्नीको बानीव्योहोरा नराम्रो भएर मन नपराएको कुरो उल्लेख गरे पनि आत्मकथाकारको चरित्र हेर्दा उनको बानीकै कारणले आफ्नी पत्नीलाई मन नपराएको हो कि भन्ने आशङ्का गर्न सकिन्छ । यस कुराको पुष्टि उनले आफ्नी पत्नीबाहेक अरूसँग पनि यौनसम्बन्ध राखेको कुराको स्वीकारोक्तिले गर्छ । कुरा यौन विचलनको हो । आत्मकथाकार भन्छन् : "बरु यस्ता एकाध विचलनका घटना भइहालेमा त्यसको प्रायश्चित्त मैले पत्नीको न्याय बेन्च सामु आत्मस्वीकृतिको रूपमा प्रस्तुत गरेको छु । यस बारेमा पछि उल्लेख गरुँला ।" (पृ. १८१) । आफ्नो पत्नीबाहेक अरूसँग आफ्नो यौनसम्बन्ध रहेको कुरा स्वीकार गर्दै आत्मकथाकारले त्यसबारे पछि उल्लेख गर्ने बताए पनि यस कुराको उल्लेख यस आत्मकथामा भएको पाइँदैन । आलोच्य आत्मकथाकारले आफ्नो प्रेमसम्बन्धी कुराहरूमा सम्बन्धित व्यक्तिको नाम किटेर निर्भीकता देखाएका छन् तर आफ्नो यौनसम्बन्धी प्रसङ्गमा उनले त्यसो गरेका छैनन् । आफूसँग सम्बन्धित व्यक्तिको परिचयलाई गोप्य नै राखेका छन् । आलोच्य आत्मकाथाकारमा दोधारे मनस्थिति देखिन्छ ।

यस आत्मकथाको आत्मकथाकारको स्वीकारोक्ति अर्को महत्त्वपूर्ण पक्ष हो । जस्तै : आफू सानोमा बिग्रेको (पृ. २६), लुकीलुकी भाङ खाने, बुबाको बगलीको पैसा चोर्ने, मधेश जाँदा आमाको तीन तोलाको सुनको श्रीबन्दी चारेको । आफूलाई सबैभन्दा ठूलो ठान्ने, घरबाट भागेर कलकत्ता गएपछि मामाकहाँ गएको तर मामाले रुचि नदेखाएपछि उनी मामासँग रिसाएका, आफूले आफ्ना बाबुका कारण राणाहरूको चाकरी गरेको (पृ. २१४) इत्यादि प्रसङ्गमा ।

यस आत्मकथामा आत्मकथाकारको हक्कीपन पर्याप्त देख्न सकिन्छ । जस्तै : आफ्नी पत्नी एवम् विधवा दिदीबीचको वैमनस्य, हरमणि दीक्षितले केवल जवाफ दिएको आरोप लगाएर परीक्षा फल प्रकाशित नगरेको (पृ. १०९), माहिला गुरुज्यू हेमराज पाण्डे विद्यार्थी दमनको नाइके भएको (पृ. १४८), **शशीप्रभा** उपन्यास चन्द्रनाथ ढुङ्गानाले पचाइदिएको (पृ. ९९) जस्ता कुराको उल्लेख भए पनि रेडियो नेपालमा सङ्गीत परीक्षा दिन जाँदा खिसी उडाउने पुराना दिग्गजहरूको नाम नभनेबाट अलि खल्लो अनुभव हुन्छ ।

यस आत्मकथाको भाषा निकै कलात्मक छ । कतैकतै लामा वाक्यहरू भए तापनि आलङ्कारिक भाषाको प्रयोग भएको पाइन्छ । सङ्क्षिप्तताले गर्दा अस्पष्टता पैदा भएको छ। जस्तै : एक प्रसङ्गमा हजुरबुबाले चित्त नबुझेर आत्मकथाकारकी पत्नीलाई माइत पठाएको कुरो उल्लेख छ (पृ. ९८) मा, तर पछि मैतालु दिदीको प्रेम थाहा पाउने मेरी पत्नी नै भइन् भन्दा तिनी कहिले माइतबाट फर्किन् यस बारेमा केही जानकारी पाइँदैन । त्यस्तै आत्मकथाकारका विधुर हजुरबुबा र डल्लीमाईको बीचको कुत्सित सम्बन्धको सङ्केत अरूहरूले गर्थे भन्दा लेखकको हजुरबुबा विधुर भएको थाहा हुन्छ तर हजुरआमाको मृत्यु कहिले भयो भन्ने कुरा उल्लेख गरेको पाइँदैन । यसरी सङक्षिप्तताले गर्दा कतैकतै अस्पष्टता देखिए पनि प्रस्तुत आत्मकथा रोचक रहेको छ ।

यस आत्मकथाको समाप्ति नाटकीय किसिमको भएको छ । यसको अन्तिममा आत्मकथाकारले पूर्वार्ध खण्ड समाप्त भएको जानकारी दिँदै उत्तरार्द्ध खण्ड फेरि प्रकाशित हुने कुराको जानकारी दिएका छन् । आत्मकथा प्रकाशित भएको पाँच वर्ष भइ सक्दा पनि अर्को खण्ड प्रकाशित भएको जानकारी पाइएको छैन तर आत्मकथाकार जीवित रहेकाले अर्को खण्ड प्रकाशित हुन सक्ने सम्भावना प्रवल नै छ ।

## ३.१५ हर्षध्वज राई 'बितेका बेलीविस्तार' (२०६०, गेसो)

यो नेपाल प्रहरीका भू. पू. एस्. पी. हर्षध्वज राईको आत्मकथा हो । आत्मकथा लेख्ने काम साह्रै गाह्रो हुने कुरालाई इङ्गित गर्दै आत्मकथाकार यसो भन्छन् :

"लेख्ने काम असाध्य कठिन गाह्रो त हुन्छ नै तैँमाथि आफ्नो जीवन वृत्तान्त । खास चरित्र व्यक्त गर्न साह्रै मुस्किल पो हुँदो रहेछ । लेखकले आफ्नो कसुर गुनाहालाई ओझेलमा राखेर लुकाउने भरसक प्रयास गर्दछ तर यहाँ आरम्भदेखि आखिरीसम्म जाली कपटपूर्ण व्यवहार गरिएको छैन । जो लेखिएका सम्पूर्ण सत्य छन् ।

सत्यताको पूर्ण निर्वाह गरिएको कुरो उल्लेख गर्दै सुरु भएको यस आत्मकथामा आत्मकथाकारको आफ्नो जन्मस्थान एवम् मातापिताको सङ्क्षिप्त चर्चा गरेका छन् । आत्मकथाकारको जन्म सन् १९१४ मा बर्मामा भएको थियो । मूलतः यस आत्मकथालाई दुई खण्डमा विभाजन गर्न सकिन्छ जसमध्ये पूर्वार्द्ध खण्डमा उनको जन्मदेखि नेपाल आगमनसम्मका

घटनाहरू समावेश गर्न सकिन्छ भने उत्तरार्द्ध खण्डमा नेपाल आएदेखि आत्मकथा लेख्दासम्मको समयावधिलाई लिन सकिन्छ ।

आत्मकथाकारको जन्म हुने बित्तिकै पिताको जमदार पदमा पदोन्नति भएपछि सबै बन्धुबान्धवहरूले आत्मकथाकारलाई लच्छिन, भाग्यमानी भएको ठान्दछन् तर आत्मकथाकारको जीवनलाई हेर्ने हो भने त्यहाँ भाग्यको अंश कम र दुर्भाग्यको अंश ज्यादा देखापर्दछ । पिता युद्धमोर्चामा रहँदा उनको मृत्युको खबर आएपछि परिवारले आत्मकथाकारलाई अभागी ठान्दछन् तर यिनका पिताको मृत्यु भएको थिएन । छिट्टै नै आत्मकथाकारका पिता घर फर्किए । मातापिताको प्रेममा अलि हुर्कँदै गरेको बेला उनमा मातापिताबीच झगडा भयो । यिनका पिताले बदला लिने उद्देश्यले दसैंको बहाना बनाएर आफ्नो परिवारलाई नेपाल ल्याए । नेपालबाट फर्कँदा यिनकी आमालाई नेपालमै छोडी अर्की ठिटी लिएर बर्मा फर्कें (पृ. २-२२) । कलिलै उमेरमा आत्मकथाकारले मातृवियोगको पीडा खप्नुपर्दछ । एकातिर मातृवियोग अर्कोतिर सौतेनी आमा आएपछि पितृप्रेमबाट पनि वञ्चित हुन पुगे । आफ्नो नातिको विजोग देख्न नसकेर हजुरबा, हजुरआमाले आत्मकथाकारलाई आफैँसँग पाल्न लागे । दुर्भाग्यवश यिनकी हजुरआमाको पनि छिट्टै मृत्यु भयो र उनी फेरि एक्लिए । यिनका पिताले आत्मकथाकारलाई स्कुलमा भर्ना गरिदिए तर यहाँ पनि दुर्भाग्यले यिनको पिछा छोडेन । आत्मकथाकारको पिताको पनि मृत्यु भयो । सौतेनी आमाले पढ्ने खर्च नदिँदा स्कुल छोड्न बाध्य भए (पृ. २५) । दिनदिनै सौतेनी आमाको कचकच खप्न नसकेर यिनी कामको खोजीमा दलवीर शर्मासँग रङ्गुनतिर लागे (पृ. २८) । रङ्गुनमा यिनी दलवीर शर्माको सहायताले केशरवाग पुगे । त्यहाँ केही समय यिनले काम गरे र विमाताको आग्रहमा आफ्नी बहिनीको बिहेमा घर फर्के । घरमै भएको समयमा यिनको भेट चन्द्रीसँग भयो र प्रेम बसेपछि घरबाट भागेर बिहे गरी रङ्गुनतिर लागे (पृ. ५६) । घरपरिवारको छाक टार्न आत्मकथाकार ब्रिटिस सेनामा भर्ती भए र युद्ध मोर्चामा खटिए । युद्धबाट बचेर घर फर्कँदा यिनकी पत्नीले आत्मकथाकारलाई कुरिरहेकी थिइन् । उनको बच्चासमेत मरिसकेको थियो (पृ. ११७) । बर्मामा युद्धको आतङ्कको छाया मडारिए पछि आफ्नो ज्यान बचाउन आफ्नो श्रीसम्पत्ति छोडी नेपालतिर भागे ।

बर्मा छोडेर नेपाल आएपछि यस आत्मकथाको उत्तरार्द्ध खण्डको सुरुआत भएको पाइन्छ । यहाँ पनि उनको दुर्भाग्यले उनलाई छोडेन । तीन सन्तान भएपछि आत्मकथाकारकी

पत्नीको मृत्यु भयो । उनी राणाविरोधी आन्दोलनमा लागे र प्रजातन्त्र आएपछि उनी नेपाल प्रहरीमा भर्ती भए (पृ. १४०) । आत्मकथाकारले प्रहरीसेवामा जागिर खाँदाका आफ्ना आपद्‌विपद्‌हरूलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन्, त्यो सराहनीय छ । त्यसबेला काम गर्न कति गाह्रो थियो । प्रहरीको कुनै कार्यालय नभएको, तलब पनि थोरै, बिना कुनै प्रशिक्षण, थोरै हातहतियारले डाँकाहरूसँग लड्नुपर्ने हरिबिजोग अवस्था, त्यसमाथि भाँडभैलोको शासन पद्धतिमा बफादार अफिसर हाकिमहरूको हैकमवादी अहम्पूर्ण हप्कीदप्की खप्नुपर्ने कुरालाई निकै राम्ररी वर्णन गरेका छन् । पहिली पत्नीको मृत्यु भएपछि दोस्रो पत्नीसँग पनि सम्बन्धविच्छेद भयो । उनले तेस्रो विवाह गरे र तिनै पत्नीले आत्मकथाकारको घरपरिवार व्यवस्थित गरिन् । प्रहरीको व्याज, टोपी बनाउने एवम् विभिन्न स्थलमा मूर्ति बनाउने काम गरेको कुरा उल्लेख गर्दै प्रस्तुत आत्मकथाको अन्त्य भएको छ ।

आत्मकथाकारले आफ्नो प्रेम र यौनसम्बन्धी कुराहरूलाई पनि निर्धक्क भएर प्रस्तुत गरेका छन. । आफ्नी पहिली पत्नी चन्द्रीसँगको प्रथम भेट, त्यसैबेला उसको कम्मर समातेको एवम् आफ्नो बिहेपछिको पहिलो रातको बारेमा वर्णन गरेका छन् तर त्यो वर्णन श्लील नभई अलि अश्लील किसिमको छ । प्रथम पत्नीको मृत्यु भएपछि द्वितीय पत्नीको खोजी गरेको तर छिट्टै नै दोस्री पत्नीसँग विछोड भयो । त्यति हुँदाहुँदै पनि आफू उपत्यकाको कमिनी छटेउलीको फेला परेर दिनरात नभनी कामातुरको वशमा परेको एवम् साथीभाइको नजरमा पतीत बन्न पुगेको कुरो उल्लेख गरेका छन् (पृ. १४५) ।

प्रस्तुत आत्मकथामा उल्लिखित कुराहरूमै पनि केही जिज्ञासाहरू बाँकी नै रहन्छन् । उदाहरणको लागि : उनका पिताले उनकी आमालाई नेपालमै छोडेर अर्की ठिटी लिएर बर्मा गएका थिए । नेपालमै छोडिएकी आमाको पछि के भयो ? तिनी कहाँ बसिन्, नेपाल आएपछि आत्मकथाकारले उनलाई खोज्ने प्रत्यत्न किन गरेनन् ? (पृ. २२) । केशरबागमा रहँदा आत्मकथाकारकी बिमाताले उनलाई खोज्दै त्यहाँ आएर बहिनीको विवाहका लागि घर जान आग्रह गरिन् भन्ने कुरा उल्लेख गरेका छन् तर उनकी बिमाताले उनी केशरबागमा बसेको कुरो कसरी थाहा पाइन (पृ. ४३) । बहिनी भनेकी ती कस्ती बहिनी हुन्, पुस्तक पढ्दा ती सौतेनी आमाकी छोरी हुन भन्ने बुझिए पनि तिनको बारेमा केही उल्लेख पाइँदैन । आत्मकथाकार पूर्वाञ्चलबाट काठमाडौं सरुवा हुँदा आफ्ना तीन छोरालाई साथै लिएर र छोरीलाई भाइबुहारीमा

जिम्मा लगाएर काठमाडौँ आएको थाहा हुन्छ तर ती भाइबुहारी को हुन् ? तिनको परिचयको बारेमा केही जानकारी पाइँदैन । आत्मकथाकारकी सानी छोरीको के भयो भन्ने कुराको जिज्ञासा बाँकी नै रहन्छ ।

प्रस्तुत आत्मकथाको भाषाशैली अलि भिन्नै खालको छ । कतै लेखक आफै पराइ बनेर कहीँ म, कही तँ भएर सम्बोधन गर्दै गद्यमा पद्य समावेश गरेर प्रस्तुत गरेको देखिन्छ । यसमा भरमार हिन्दीका शब्दहरूका साथै अङ्ग्रेजी शब्दको पनि प्रयोग गरिएको छ । वाक्यगठनका दृष्टिले हेर्दा कतै लामालामा त कतै पूरा नभएका वाक्यहरूको प्रयोग भएको छ । यसको अन्त्य नाटकीय पाराले भएको छ । अन्त्यमा दुई पङ्क्ति कविता टाँसेर आत्मवृत्तान्त समाप्त गरिएको छ ।

## ३.१६ बुलु शर्मा 'छुटेका पाइला' (२०६०, नइ प्रकाशन)

यो नारी साहित्यकार बुलु शर्माको आत्मकथा हो । आफ्नो कुरो सनाउँदा साथीभाइले यस बारेमा किताब लेख्नुपर्दछ भनेर सुझाव दिएपछि पछि यस कृतिको सुरुआत भएको बताउँदै आत्मकथाकार लेख्छिन् :

"भन्थे..दिदी लौ न यस विषयमा किताब लेख्नुहोस् न, कति नौला दिलचस्प घटनाहरू हुनेछन् । हाम्रो समाज, हाम्रो संस्कार पहिले कस्तो थियो भन्ने कुरा आजभोलिको नयाँ पुस्तालाई राम्रो उपहार हुनेछ । उनीहरूले भनेका कुरा ठीक हो जस्तो लाग्यो । मलाई लाग्यो आजभोलिका ठिटाठिटीले थाहा पाउन् हाम्रो देशको मुख्य चलन बसाइँ कस्तो थियो, खास गरेर कट्टर बाहुनको घर कस्तो थियो ।"

आजभोलिका नयाँ पुस्तालाई पुरानो समयको बारेमा जानकारी दिने उद्देश्यले लेखिएको प्रस्तुत आत्मकथामा २००७ सालभन्दा अगाडि प्रवासी नेपाली समाजको स्थिति के थियो, देशको सामाजिक स्थिति, चालचलन कस्तो थियो भन्ने कुराको यथार्थ वर्णन गरिएको छ । लेखिकाको जन्म भदौ महिनामा भारतमा भएको थियो । दुई दाजुभाइ बीचकी एक्ली बहिनी भएर मायाप्रेममा हुर्के पनि उनी पढ्नबाट वञ्चित भइन् (पृ.५-१९) । कारण थियो, प्रवासी नेपाली नै भए पनि रुढिवादी मानसिक विचारधारा हुनु (पृ. १९) । छोरीलाई शिक्षादीक्षा भन्दा जातपात, खानदान तथा रूपैयाँ हेरेर बिहे गरिदिने चलनअनरूप लेखिकाका पिताले आफू पटनामा नै बसे पनि गु. पू. (गुरु पण्डित) लेख्न पाइन्छ भन्ने रहरले छोरीको बिहे नेपालमा गरिदिए । उनी

दरबारका गुरु पण्डितको रूपमा उपाधि भएको कट्टर बाहुन परिबारकी बुहारीको रूपमा नेपाल भित्रिइन् (पृ. ४७), माइतीको खुला परिवेशबाट आएकी लेखिकालाई कट्टर बाहुनको परिवारमा भिज्न निकै समय लाग्दछ ।

प्रस्तुत आत्मकथामा उल्लेख भएका कतिपय कुराहरूबाट त्यस समय एवम् समाजको चालचलनको बारेमा जानकारी हुन्छ । जस्तै : चोलो फुकालेर भात खानुपर्ने, बुहारीले बिहान छिट्टै उठ्नुपर्ने (पृ. ५०), पात गाँस्न नआउँदा सबैले मजाक उडाएर उनले गाँसेको पातलाई अलग्गै राखिदिएको (पृ. ६९), माइत जान साइत र समय हेराएर मात्र पाइने, जर्साबका रानीसाहेब भन्दा साधारण जनताले राम्रो लुगा लगाए अपमान हुने (पृ. ७२), बिरामी भए औषधी उपचार नगरेर झारफुक मात्रै गर्ने, दूध फाटेर छेनाको तरकारी बनाउँदा सबैले छिः छिः गरेको (पृ. ८१), काँक्रोको राइतो बनाउँदा भूत मन्साउने जस्तो भन्दै कसैले पनि नखाएको (पृ. ८८), आँखा कमजोर भए पनि चस्मा लगाउन नपाइने (पृ. ८९), बिहे भएको ३/४ वर्ष भए पनि सन्तान नभएको हुँदा सन्तानको लागि झारफुक गराएको (पृ.९५), गर्भवती अवस्थामा आलुप्याजको तरकारी र पुरी खान खोज्दा धर्मभ्रष्ट हुन्छ भनेर पतिले खान नदिएको (पृ.९८), बच्चा जन्माउन सुँडिनीको सहयोग लिँदा अनेकौं विरोध सहनुपरेको कुराले तत्कालीन स्थितिको रोचक झझल्को दिन्छ । जुन उद्देश्यले प्रस्तुत आत्मकथा लेखिएको हो त्यो उद्देश्यको निर्वाह पूर्ण रूपमा भएको छ ।

पहिलो छोरो जन्मँदा नै कमजोर जन्मेकोले माइत लगेर उपचार गरेको, त्यहीँबाट लेखिकाले आई. ए. पास गरेको खबर सुन्दा घरबाट पुरस्कारस्वरूप गाली पाएको, पिताको प्रेरणाले लेखिकाले बी. ए. पास गरेको कुरा उल्लेख गरेपछि आत्मकथाले अर्कै मोड लिएझैं लाग्छ । त्यसमा अरूणको प्रसङ्ग आउँछ । ती अरूण को हुन् तिनको यस आत्मकथासँग के सम्बन्ध छ भन्ने प्रश्न उठ्छ तर त्यो कुरा निकै पछि गएर मात्र थाहा हुन्छ, जसमा अरूण र उनकी साथी सेफालीको प्रेम र विवाहको प्रसङ्गको बारेमा उल्लेख गरिएको छ (पृ. १२१) । निकै लामो त्यो प्रसङ्ग सिद्धिन नपाउँदै उनको जेठो छोराको मृत्यु भएको प्रसङ्गबाट लेखिका निकै मर्माहत भइन् । अनेकौं वर मागेर पाएको जेठो छोरोको मृत्युबाट लेखिकालाई ठूलो बज्रघात पऱ्यो (पृ. १८८) ।

आफ्नो जेठो छोराको मृत्युपछि छोराको सम्झनामा गरेका आलापविलाप, ईश्वरको पुकाराले निकै पन्नाहरू ओगटेका छन् । अगाडिका सेफूका प्रसङ्गमा र छोराको सम्झनामा खर्चेका अलि बढी नै पानाहरूले यसको संरचनालाई खल्बल्याउने काम गरेका छन् । ईश्वर पुकारा एवम् छोराको सम्झनामा वर्णन गरेका लामालामा प्रसङ्ग हेर्दा आत्मकथाको कथावस्तु समाप्त भएको हो कि भन्ने शङ्का उठ्छ तर त्यसो भएको पाइँदैन । बुहारी र आफूलाई बज्रघात परे पनि समयले सब ठीक पारेको, नातिहरू ठूला अनि बिग्रदै गएका, ज्वाइँको मृत्युको पीडा नबिर्सदै आफ्ना पतिको मृत्यु भएको प्रसङ्ग उल्लेख गर्दै प्रस्तुत आत्मकथाको अन्त्य भएको छ (पृ. २९०) ।

लेखिकाले आफ्नो मनको चिन्तालाई पनि यथार्थ रूपमा पोखेकी छिन् । जस्तै : जेठो छोराले शाह परिवारकी छोरी बिहे गर्न खोज्दा आफूलाई चिन्ता लागेको, जेठा छोराका नातिहरू बिग्रदै गएका, बुहारीले घरभन्दा बढी बाहिर ध्यान दिन थालेकी इत्यादि । तर आफ्नो किताब प्राध्यापकलाई उपहार दिँदा त्यस किताबलाई माध्यम बनाएर लेखी प्रचारप्रसार गरे पनि लेखिकाको नाम नदिने को को हुन्, तिनको नाम उल्लेख भएको पाइँदैन । यस आत्मकथामा नाटकीयताको ज्यादा आभास हुन्छ । जस्तै :आफूले बी. ए. पास गरेपछि किताब लेख्ने प्रतिज्ञा गरेको कुरो भन्नलाई कल्याणीलाई आफ्नो मुख पात्रको रूपमा प्रस्तुत गर्नु (पृ. १२१), कल्याणी आफ्नो अन्तिम अवस्थामा छोरीसँग लेखिकाको बारेमा कुरा गर्दै रहेको समयमा लेखिका टुप्लुक्क त्यही पुग्नु (पृ. २५०) एवम् आफ्नो प्रशंसा गर्नकै लागि सेफालीलाई पात्रको रूपमा प्रस्तुत गर्नु नाटकीय लाग्छ । प्रस्तुत आत्मकथाको भाषा सरल छ । यसमा हिन्दी भाषाका शब्दहरूको प्रयोग बढी मात्रामा देखिन्छ । यसको अन्त्य पनि नाटकीय किसिमले भएको पाइन्छ । जस्तै : “अब मेरो अवसानपछि कसैले यसमा दुई लाइन थपिदिएर इतिश्री गरिदिऊन् यही चाहना छ ।”

## ३.१७ धर्मनारायण प्रधान ‘म र मेरो अनुभूति’ (२०६१, चन्द्रलेखा पाण्डे)

यो वि. सं. १९१७ मा जन्मेका धर्मनारायण प्रधानको आत्मकथा हो । यस आत्मकथालाई तीन खण्डमा विभाजन गरेर प्रस्तुत गरिएको छ । पहिलो खण्डलाई ‘म’ शीर्षक,, दोस्रो खण्डलाई, ‘अनुभूति’ शीर्षक र तेस्रो खण्डलाई ‘परिशिष्ट’ शीर्षक दिइएको छ । यसको पहिलो खण्ड ‘म’ मा उनले आफ्नो आत्मकथा प्रस्तुत गरेका छन् भने दोस्रो खण्ड ‘अनुभूति’ मा आफ्ना कविताहरू प्रस्तुत गरेका छन् । तेस्रो ‘परिशिष्ट’मा अन्य लेखहरू राखेका छन् ।

मूलतः आफू खर्साङमा बसे पनि आफ्नो परिवारको चालचलन अरूभन्दा भिन्दै भएको, आफूलाई नेपाल विशेष मन परेको, आफ्ना पुर्खाहरू दोलखाका प्रधानहरू भएको कुरो थाहा पाएपछि आफूलाई निकै खुसी लागेको र आफू नेपाली भएकोमा गर्व लागेको कुरो उल्लेख गर्दै आत्मकथाको प्रारम्भ भएको छ । एस्. एल्. सी. सकेर चिनियाँ फौजमा भर्ना हुन चाहे पनि दाजुको आज्ञाले गर्दा बी. ए. पढ्नतिर लागेको, बी. ए. पास गरेपछि दाजुसँग आसाममा गएर आत्मकथाकार काम गर्न थाले । त्यही समयमा उनको भेट इला नामकी केटीसँग भयो । केही समयपछि आत्मकथाकारले इलालाई भगाएर बिहे गरे । घरजम गरेपछि आर्थिक सङ्कट टार्न ठाउँठाउँमा काम गरे । त्यसै समयमा कलकत्तामा हिन्दु मुसलमान दङ्गा भयो । फलस्वरूप आत्मकथाकारले नेपाल रिलिफ सोसाइटी खोलेर सेवा पुऱ्याए र त्यहीँबाट उनी अखिल भारतीय लिगसँग सम्बद्ध भए । यस घटनापछि आत्मकथाकारको राजनीतिक जीवनको प्रारम्भ भयो ।

राणाहरूको अन्याय-अत्याचारबाट देशलाई बचाउने प्रण लिएर उनी नेपाल आए । विराटनगर जुट मिलको हड्ताल गर्ने क्रममा उनी पक्रिए तर पत्नीको मरणासन्न अवस्थाको कारणले दिल्लीस्थित नेपाली राजदूताबासको दबाबले जेलबाट मुक्त गरिए । २००७ सालको आन्दोलन सफल भएपछि उनी प्रधानमन्त्रीको निजी सचिव बने । राजा त्रिभुवनसँग सम्पर्क हुँदै जाँदा कलकत्ताको कन्सुलेट जनरलको पद पाए । २०१७ सालको संविधान आएपछि उनको सरुवा घरेलु विभागको निर्देशकमा भयो । सरकारी जागिरबाट अवकाश हुन नपाउँदै उनकी पत्नीको मृत्यु भएपछि नेपाल छोडी कलकत्ता उडेबाट यो आत्मकथा समाप्त भएको पाइन्छ ।

प्रस्तुत आत्मकथा अत्यन्त सङ्क्षिप्त छ । सङ्क्षिप्तताले गर्दा घटनाहरू स्पष्ट रूपमा बुझिँदैनन् । यसको लघु आकारको पनि यो कृति आकर्षक बन्न सकेको छैन । यसको भाषा सरल र वर्णनात्मक छ । आत्मकथाकारका आत्मिक भावनाको अभाव देखिन्छ ।

## २.१८ सुबसेन 'मेरा कथाहरूका कथा' (२०६१ कार्तिक, सुयशप्रताप सेन)

पञ्चायत कालका विवादास्पद व्यक्तिका रूपमा चर्चित सुबसेनको आत्मकथाको रूपमा प्रकाशित भएको कृति हो **मेरा कथाहरूको कथा** । १३०० पृष्ठको बृहत्तर स्वरूपको यस कृतिलाई २१ वटा प्रकरणहरूमा विभाजन गरिएको छ ।

आफ्नो जन्मको विवरण दिँदै सुरु भएको यस आत्मकथामा लेखक भन्दछन् : "आफ्नोबारे लेख्दा पारिवारिक पृष्ठभूमि पनि लेख्नुपर्ने हो तर यो इतिहासको विषय हुनाले लेखिएकै र जति लेखिए पनि लेख्न बाँकी नै रहने हुनाले यसमा लेखिरहन आवश्यक लागेन र जन्मका कुराहरू छोएर अगाडि बढ्ने विचार गरेँ ।"

आफ्नो पारिवारिक पृष्ठभूमि लेख्न मन नलागेको केवल जन्मका कुराहरूलाई छोएर अगाडि बढ्ने भने तापनि उनको जन्मको प्रसङ्गमा धेरै पन्नाहरू खर्च भएको छ, जसलाई केवल छोएको मात्र भन्न मिल्दैन (पृ. ५) । यस आत्मकथामा लेखकले धेरैको बारेमा बोलेका छन् । मनका सबै कुराहरू पोखेका छन् । धेरैको चरित्र उदाङ्ग्याएका छन् । जस्तै : पशुपति शमशेर राणाको गलत क्रियाकलाप (पृ. २४४), भू. पू. आपूर्ति राज्यमन्त्री हीरालाल विश्वकर्माको ठगेर खाने नीति (पृ. २७७), विश्वकान्त मैनाली (पृ. ४०३), ब्रह्मानन्द स्वामी (पृ. ४०९) आदि कुनै पनि व्यक्तिका बारेमा राम्रा कुराहरू यहाँ परेका छैनन् । आजका अग्रज पत्रकारहरूमा **नयाँ सन्देश** पत्रिकाका रमेशनाथ पाण्डे (पृ. २५०), पत्रकारद्वय कपुर ज्ञवाली एवम् नेपाल भूषणचन्द्र (पृ. २४५) ले पत्रकारिताको मर्यादालाई बिर्सेर घूस लिएर लेख्न थालेको, शुभ शमशेर राणा र भरत गुरुङले घूस खाने (पृ. २२३) प्रस्ताव राखेको, आफूले फाइदा लिनलाई चन्द्रा शाहको अनुचित दबाब परेका जस्ता कुरा छन् (पृ. २७१) । गिरिजाप्रसाद कोइराला र किसुनजीको बारेमा पनि यहाँ राम्रा कुराहरू परेका छैनन् ।

तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाको घुसखोरी प्रवृत्तिलाई लेखकले यथार्थ रूपमा प्रस्तुत गरेका छन् । "यो देशमा प्रधानमन्त्रीले नै घुस खाए । त्यसैले सबै राजनीतिक कार्यकर्ता भ्रष्ट छन् । सूर्यबहादुर थापाले म करको निर्देशक छदा एकलाख घुस लिएर पचास/पचास हजार बाडौँ भन्नु भएको थियो । (पृ. २४५)

आत्मकथाकारले आफ्नो गल्तीलाई नलुकाइकन प्रस्तुत गरेका छन् । उनी आफ्ना कमी, कमजोरीलाई नढाँटी प्रस्तुत गर्दछन् । जस्तै : काम गर्ने सिलसलामा जनताहरूलाई सात घन्टासम्म कुराएको, गलत सूचनाको कारणले चन्द्रबहादुर पाल्दुङवाकी पत्नीको कमाइखाने स्रोत समाप्त भएको आफ्नै साथीहरूले षड्यन्त्र गरेर आफूलाई गुल्मी जिल्लाको सभापतिको पदबाट हटाएको । (पृ. १२१), पोखरामा काम गर्दा आफ्नै साथी रामप्रसाद श्रेष्ठको षड्यन्त्र (पृ. २१८), आफ्नो साथी ललितबहादुरले षड्यन्त्र गरेर दु.ख पाएको ( पृ. २६४) कुरालाई उल्लेख गरेका

छन् । सानैमा आफूले अनेकौं दु.खकष्ट खपेर भाइहरूलाई पढाएको तर आफूलाई अप्ठेरो पर्दा तिनै भाइहरूले सहयोग नगरेको बरू आफ्ना भाइभतिजाले आफ्नो पैसा खाइदिएको, आफूले रक्सी नखाएको र तडकभडक गर्न नसकेकोले विश्वासिलो साथी जोर्न नसकेको इत्यादि प्रसङ्गमा ।

यस पुस्तकमा केवल लेखकको आफ्नो कथा मात्र नभएर धूर्त नेताहरूको क्रियाकलाप, उनीहरूको शक्तिसङ्घर्ष, सरकारी साधनको चरम दुरूपयोग गर्ने प्रवृत्ति, ठाडो आदेशको भरमा काम गराउने जनताप्रति कुनै उत्तरदायी नभएको सधैंको खिचलो खिचातानीलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । आत्मकथाकार चित्रण गर्दछन् : "आफू खाद्य संस्थानको जी. एम्. भएको बेलामा नियम कानुन भए पनि नेताको ठाडो बोली व्यवहार चल्ने, आफ्नै फाइदा मात्रै हेर्ने, जहाँतहीँ घुस्याहाहरूको जगजगी, अनुचित कामको लागि प्रधानमन्त्री लगायत ठूल्ठूला व्यक्तित्व, नेताहरूको दबाब जस्ता विषयमा लेखकले बोलेका छन् । लेखकले विभिन्न २१ वटा प्रकरणहरूमा आत्मकथालाई विभाजन गरेका छन् । जागिर प्रकरण पढ्दा सबै कुरो लेखेजस्तो लाग्छ, आत्मकथाको कथावस्तु समाप्त भयो भन्ने भान पर्दछ तर त्यो प्रकरण समाप्त भएको पाइँदैन । कतिपय प्रकरणहरू पढ्दा नीरस लागेर आउँछ किनकि यसमा केवल गरिएका कार्यहरूका विवरण दिइएका हुन्छन् । यस्ता प्रकरणमा केवल 'गरे', 'निर्देशन दिए', 'भने', 'गर्न लगाए' जस्ता कुराहरू मात्रै हुन्छन्, जुन पढ्दा निकै पट्यार लाग्दो देखिन्छ । धेरैजसो विवरणमा मिति दिइनुको साथै सम्बन्धित व्यक्तिको यथार्थ नाम पनि उल्लेख गरिएकाले विवरणलाई सत्यताको परिधिमा पुऱ्याइएको छ । यसरी तिथिमितिसहित दिएर प्रस्तुत गरेको हुँदा यो किञ्चित् डायरी साहित्य हो कि भन्ने भान पर्दछ ।

प्रस्तुत आत्मकथामा लेखकले आफूलाई निर्भीक, जनताको सेवा गर्ने भन्दै जति आत्मप्रशंसा गरे पनि त्यो केवल आत्मश्लाघा मात्रै हो भन्ने कुरा बुझिन्छ । जसरी उनले ठूलठूला व्यक्तिहरूको चरित्रको बारेमा बोलेका छन्, त्यो सबै आत्मश्लाघा मात्रै हो । प्रसङ्ग नमिता, सुनिता, मीरा, चुडामणि हत्याकाण्डको हो (पृ. ६२६) । हत्याकाण्डको समयमा उनी जिम्मेवार व्यक्तिको हैसियतमा कार्यरत थिए । उनलाई त्यस हत्याकाण्डको बारेमा अनुसन्धान गर्ने अभिभारा सुम्पिएको थियो तर आफूलाई जति बहादुर, निर्भीक भने पनि उनले त्यो काण्डको बारेमा केही रहस्य खोलेका छैनन् बरु बकमफुसे कुराहरू ल्याएर अझै रहस्यमय

बनाइदिएका छन् । नमिता, सुमिता काण्डका नाइके स्व. धीरेन्द्र हुन् । जुन कुराको उल्लेख रक्तकुण्डमा गरिएको छ : "रक्साहा र स्त्रीलम्पट हुनु श्री ५ अधिराज्यकुमार धीरेन्द्र सरकारको युवा अवस्थादेखिकै कमजोरी हो । उहाँमा हजुरबुबा त्रिभुवन सरकार र काका बसुन्धरा सरकारको स्वभाव ठ्याक्कै सरेको थियो । सहरका हरेक राम्रा केटी उहाँलाई चाहिन्थ्यो । नमिता, सुनिता काण्ड त बाबुले सुनिसक्नु भएकै होला ।"[३२] यसरी आत्मकथाकारले जति नै निर्भीकता, इमानदारिताको धक्कु लगाए पनि सही कुरा नभनी गुपचुपमै त्यत्रो हत्याकाण्डलाई पचाइदिएका छन्, जुन कुराले उनको आत्मकथाको विश्वसनीयता गुमेको छ ।

प्रस्तुत आत्मकथाको भाषा सरल छ । यसमा सरकारी क्षेत्रमा प्रयोग हुने भाषाको प्रयोग भएको छ । निकै लामालामा वाक्यहरू यसमा प्रयोग भएका छन् । कतैकतै शब्दलाई लेखकले आफ्नो अनुकूलले लेखेका छन् । जस्तै : पाल्पा हुनुपर्ने गाउँमा पालपा लेखिएको पाइन्छ । यस कृतिमा कर्तव्य पालनका सिलसिलामा थुप्रै ठाउँको भ्रमण गरेको कुरा उल्लेख भए तापनि आत्मकथाकार भ्रमण वृत्तान्तको वर्णन भन्दा आफ्नै पुरुषार्थको वर्णन गर्नमै तल्लीन छन् ।

यस आत्मकथाको अर्को सराहनीय पक्ष हो अनुक्रमणिकाको व्यवस्था । यसको अभावमा नेपाली आत्मकथाहरूबाट चाहिने बेलामा आवश्यक प्रसङ्ग पढ्न ज्यादै कठिनाइ परिरहेको पाइन्छ । वि. सं. २०३४ सालमा केदारमणि आचार्य दीक्षितको आत्मकथामा पनि अनुक्रमणिकाको व्यवस्था भएको पाइन्छ । केही कमीकमजोरीहरू देखिए पनि यस आत्मकथाले मात्रै अनुक्रमणिकाको प्रयोग गरेको छ । यो कृति पढ्दै जाँदा अगाडि के आउँछ, कसरी टुङ्गिन्छ भन्ने जिज्ञासाले पाठकलाई तान्न सफल भएको छ । वस्तुतः यो कृति विशालकाय स्वरूपको भएकाले र यसमा जागिर, राजनीतिजस्ता अनेकौं प्रसङ्गको बारेमा उल्लेख भएकाले यसलाई आत्मकथा भन्दा पनि निजामती ग्रन्थ भने हुन्छ ।

## ३.१९ प्रकाशमान सिंह 'मेरो जीवन : मेरो अनुभूति' (२०६१, फागुन जुनबाबा प्रज्वलमान प्रधान)

यो कृति वि. सं. १९८३ मा जन्मेका मी. सु. प्रकाशमान सिंह प्रधानको आत्मकथा हो । प्रस्तुत कृति किन लेख्नुपर्‍यो भन्ने विषयमा आत्मकथाकार भन्दछन् :

[३२] कृष्ण अविरल, **रक्तकुण्ड**, काठमाडौं : कल्पना खनाल भट्टराई, २०६३, पृ. ९२ ।

"मैले यो जीवनी लेखेको र पुस्तकारकामा प्रकाशित गरेको मेरो कुनै विशेष प्रतिभा र विलक्षण योगदानले भरिएको जीवन चरित्रको गाथा सम्झेर पटक्कै होइन । मैले आफ्ना पूर्वज सन्तानदर सन्तानको लागि इतिहासमा आफ्नो साधारण अस्तित्वबोध अङ्कित गराउने एक सरल र अबोध प्रयास मात्र गरेको हुँ ।"

यसमा आफ्ना जागिरे जीवनका कुरालाई बढी समेटिएको भन्दै "म त भन्छु मेरो जीवन एक सङ्घर्षशील अपुरो, अधुरो केही गरी देखाउँ भन्ने भावनायुक्त जागिरदार युवकको कुण्ठित जीवन वृत्तान्त हो ।"

यस आत्मकथालाई आत्मकथाकारले आफ्नो उमेरवृद्धि अुनसार तीन खण्डमा विभाजन गरेका छन् । उनले आफ्नो जन्मदेखि २५ वर्षको अवधिलाई वाल्य र यौवनका चञ्चलताका दिनहरू, त्यसपछिको खण्डमा २५ देखि ३२ वर्षसम्म काम गरेको जागिरे जीवनलाई समेटेका छन् भने ५८ वर्षमा अवकाश पाएदेखि आत्मकथा लेख्दासम्मको जीवनलाई तेस्रो खण्डमा समेटेका छन् । पहिलो खण्डमा उनका बाजेले दुई पत्नी बिहे गरेका र तीमध्ये जेठा उनका बुबा र आफ्नो बाबुको जेठो छोरोको रूपमा आफ्नो जन्म भएको कुरा उल्लेख गर्दै आत्मकथाको सुरुआत गरेका छन् ।

आफू घरको जेठो छोरो भएकाले पढ्नमा ध्यान नदिएको, बल्लतल्ल बनारस गएर एस्. एल्. सी. पास गरेको (पृ. १-५), त्रिचन्द्र कलेजमा आई. ए. पढ्न थालेको कुरो उल्लेख गरेका छन् । आई. ए. त्रिचन्द्रमा पढे पनि बी. ए. उनले कहाँबाट पढे, कुन श्रेणीमा उत्तीर्ण भए इत्यादि कुराको बारेमा कुनै जानकारी पाइँदैन (पृ. ७) ।

दोस्रो खण्डको सुरुआत जागिरे जीवनसँगै भएको छ । उनी २००८ सालमा रेडियो नेपलामा काम गर्न थाले (पृ. ९), त्यसबेला रेडियो नेपालको भरखर स्थापना भएको थियो, उनी त्यहाँ काम गर्दै जाँदा डाइरेक्टर बने (पृ. ४१, केही वर्षपछि प्रचारप्रसार मन्त्रालयमा काम गरे । त्यहाँबाट गृहमन्त्रालयमा सरुवा भए (पृ. ४३) । उनलाई अञ्चलाधीशको जिम्मेवारी दिइयो (पृ. ४७) । उनी त्यहाँबाट पनि सरुवा भएर बाँसवारी जुत्ता कारखाना पुगे । (पृ. ६९) । यही उनको बढुवा पनि भयो । त्यसपछि नेसनल ट्रेनिङ्गका अध्यक्ष र महाप्रबन्धकमा नियुक्त गरिए (७९) र सहसचिब बन्न पुगे (पृ. ८०) । दुई वर्षपछि मुख्य सचिवको हकदार भइकन पनि वञ्चित भए र कर्मचारी सञ्चय कोषमा खेदिए जसलाई उच्च पदाधिकारीहरू फाल्नु पदार्थ थन्काउने डम्पिङ्ग

साइट भनिन्थ्यो । यहीबाट वि. स. २०३९ मा ५६ वर्षको उमेरमा अवकाश पाएपछि उनको दोस्रो खण्ड पनि समाप्त हुन्छ ।

आत्मकथाकारले अवकाश पाएपछि तेस्रो खण्डको सुरुआत हुन्छ; जसमा उनले जागिरे जीवनबाट निवृत्त भएपछि गरेका क्रियाकलापहरू, सामाजिक व्यवहार र भ्रमणहरूलाई समेटेका छन् । उनले आफ्ना नातिनातिनाका अन्तर्वार्ताहरू, फोटोहरू राखेर आत्मकथाको अन्त्य गरेका छन् ।

आलोच्य आत्मकथा मूल रूपमा आत्मकथाकारको उमेर वृद्धिक्रमको पृष्ठभूमिमा जीवनचक्रलाई विभिन्न उपशीर्षकहरूमा विभक्त गरे तापनि विभिन्न उपशीर्षकहरूसँग सम्बद्ध कुराको चर्चा गर्ने सिलसिलामा उमेरवृद्धिअनुसारको क्रम खजमजिएको पाइन्छ । जस्तै पहिलो खण्डमा जन्मदेखि २५ वर्षसम्मको बाल्य तथा युवा चञ्चलताका दिनमा उनले आफ्नो पारिवारिक पृष्ठभूमि, बिहे, शैक्षिक योग्यता आदि सबै कुराको वर्णन गरेर सिध्याइ सकेर र दोस्रो खण्डमा जागिरे जीवन सुरु गरिसकेपछि आफ्नो पुर्खाहरूको विस्तृत परिचय दिन पुगेका छन् (पृ. ३४) ।

लेखकले आफ्ना मनका कुरालाई नढाँटीकन प्रस्तुत गरेका छन् । जस्तै : तारिणी बाबुको गलत काम विरोध गर्दा आफ्नो तलबको रकम घटेको (पृ. ११), आफ्नो साथी नारायण अर्जेलको षड्यन्त्रले गर्दा नेसनल ट्रेनिङ्गमा सरुवा हुनुपरेको (पृ. ७१), जस्ता प्रसङ्गमा उनको हक्कीपन देखिए तापनि रेडियो नेपालमा नेतृत्वको तानातानीले हाकिमहरू अस्थायी भइदिँदा ठोस कार्य गर्न नसकेको भनेका छन् । ती कोको हुन् (पृ. १२), प्रचार मन्त्रालयमा का. मु. सचिवमा काम गरे पनि विरोधीले गर्दा गृहमन्त्रालय जानुपरेको कुरा उल्लेख गरेका छन् । ती विरोधी को हुन् यस बारेमा केही उल्लेख पाइँदैन (प. ४३) । यसबाट आत्मकथाकार हच्केको प्रस्टै हुन्छ । प्रस्तुत आत्मकथाको भाषा सरल छ ।

### ३.२० रुकु कार्की 'आफ्नै जीवन र अनुभूति' (२०६२, राजेश कार्की)

यो वि. सं. २०१५ मा जन्मेकी रुकु कार्कीको आत्मकथा हो । यस कृतिलाई उनले आत्मकथा नभनी संस्मरण सङ्ग्रह भन्ने नाम दिएकी छिन् । उनले यसलाई संस्मरण माने पनि यो आत्मकथा नै हो ।

वास्तवमा यो आत्मकथा एउटा सङ्घर्षको कथा हो, एउटा सङ्घर्षमय नारीको जीवन वृत्तान्त हो । कसरी मान्छेले परिश्रम गरेर प्रतिकूल स्थितिलाई अनुकूल बनाउन सक्छ भन्ने कुराको उदाहरण हो ।

लेखिकाको जन्म धादिङमा भएको थियो । उनका पिताको व्यापारमा राम्रै आर्जन भएकाले आर्थिक स्थिति ठिकै भए पनि विस्तारै उनका पिताको व्यापार खस्कदै गयो । उनीहरूलाई खानलाउनको लागि धौधौ परेको समय पनि आयो । दिनहुँ दुई कोस टाढा गएर डोकामा पानी ल्याउनु, घट्ट चलाउनु र खेतबारीको सम्पूर्ण काम गरेर आत्मकथाकारले जसोतसो एस्. एल्. सी पास गरिन् । त्यसपछि उनी गजुरीको माध्यमिक विद्यालयमा प्राइमरी सेक्सनमा काम गर्न थालिन् । नचाहँदानचाहँदै घरपरिवारको करले उनको बिहे भयो र बिहेपछि उनी आफ्नो घर गइन् । उनको सङ्घर्ष यहाँ सिद्धिएन बरु सुरुभयो ।

आफ्नो माइती भन्दा घरको आर्थिक स्थिति खराब थियो । एकातर्फ आर्थिक अवस्था नराम्रो थियो भने अर्कोतर्फ कामधन्दाको चटारोको कारण स्याहारसुसार नपाएर उनी टी. बी. जस्तो गम्भीर रोगबाट आक्रान्त भइन् । विवाहपछिको जीवन ज्यादै कष्टकर भएकाले उनले जीविकोपार्जनका लागि कुखुरापालन देखि बाखापालन सबै गरिन् । परिवारका लागि रातदिन खटेर परिश्रम गर्दा पनि केही नभएकाले विक्षिप्त जस्तै हुन पुगिन् तर काम त गर्नु नै पर्दथ्यो । उनले नयाँ ढङ्गले व्यवसाय सुरु गरिन् । प्रजा जातिले बनाएका डोका, नाम्ला, भकारी आदि सामान किनेर व्यापार गर्दै जाँदा त्यससँगै तोरी, फापर, कोदोजस्ता खाद्यसामग्री किनेर लोथर बजारमा बेच्न सुरु गरिन् । डोकाभरि सामान बोकेर कहिले झरी बादल त कहिले सूर्यको प्रचण्ड तापले निधारमा खलखली पसिना चुहाँउँदै अनकन्टार जङ्गलको बाटो एक्लै उकालीओराली पनि गरिन् । सगोलबाट छुट्टिएर मनोहारीमा बसाइँ गरेपछि किराना पसल खोली व्यापार गर्दा फाइदा भएपछि छोरालाई काठमाडौँ राखी पढाइन् । अब सुखको एक झिल्का देखिए जस्तो लागे पनि त्यसो भएन । उनका पति बिरामीले गर्दा मृत्युको मुखमा परे । दुईपटक शल्यक्रिया गर्दा पनि निको नभएपछि अन्तिम पल्टको शल्यक्रियामा बाँच्न सफल भए । त्यसपछि व्यापार राम्रो हुँदै गयो र प्रगति गर्दै काठमाडौँमा जग्गा किनी घर बनाएर बस्न सफल भइन् ।

यही क्रममा उनले साहित्य नै 'जीवनमा शीर्षक'अन्तर्गत मकवानपुरको निकै लामो वर्णन गरेकी छिन् । जुन आत्मकथाकारको कथावस्तुबाट विमुख रहेको छ । वर्णन लामो भए पनि विवरणात्मक किसिमको छ । यसमा भ्रमण वृत्तान्तहरू पनि रहेका छन् । उनले आफ्नो भारत र अमेरिका भ्रमणको रोचक वर्णन निकै रोचक पाराले गरेकी छिन् जुन पढ्दा रमाइलो लाग्छ । यस आत्मकथामा निकै सरल भाषाको प्रयोग गरिएको छ । एउटा साधारण महिलाको आत्मकथा भए पनि रोचक छ र पढूँपढूँ लाग्छ । कतैकतै शब्दलाई आत्मकथाकारले आफ्नो अनुकूल लेखेकी छिन् । जस्तै : अस्ट्रियाको राजधानी भियनालाई भेना लेखिएको पाइन्छ । कतैकतै सङ्क्षिप्तताले गर्दा अस्पष्टता पनि सिर्जना गरेको छ । उदाहरणको लागि आत्मकथाकारले २०२७ सालमा काठमाडौंको शान्ति निकुञ्जमा आठ कक्षा पढे भनेकी छिन् र फेरी गजुरी हाइस्कुलबाट टेस्ट पास गरेँ भनेकी छिन् । उनी कहिले काडमाडौंबाट गजुरी आइन्, केही थाहा पाइँदैन । एक प्रसङ्गमा आत्मकथाकारले बच्चालाई स्कुलको साटो घरमा पढाएको कुरा उल्लेख गरेकी छिन् तर पछि स्कुल गएको थाहा नदिएर एक्कासि हिमालय विद्या मन्दिर पढाएको कुरो उल्लेख गरेकाले भ्रम सिर्जना गर्दछ । यस आत्मकथामा बीचबीचमा कविताहरू पनि राखिएका छन् । प्रस्तुत आत्मकथा निकै रोचक छ ।

## ३.२१ दयानन्द बज्राचार्य 'वैज्ञानिक गोरेटोमा' (२०६२, रत्न पुस्तक भण्डार)

यो वि. सं. २०२२ सालमा जन्मेका दयानन्द बज्राचार्यको आत्मकथा हो । उनी नेपालका प्रसिद्ध वैज्ञानिक हुन् । आफ्नो आत्मकथा लेख्नुको कारण खोतल्दै आत्मकथाकार भन्छन् :

"मैले कतिपय वैज्ञानिकहरूको जीवनी र आत्मवृत्तान्त पढेको थिए । त्यसले हुन सक्छ, मनको अचेतनको कुनै कुनामा एउटा इच्छा बनेर बास गरेको होस् तर त्यो इच्छा मेरो चेतनासम्म आउन सकेको थिएन । एक दिन केही मित्रहरूले सुझाव दिए । जीवनका अनेक उकालीओराली हिँडेर बटुलेका तपाईंका यात्रा अनुभव अरूका लागि उपयोगी हुनेछन् । त्यसकारण त्यस्तो एउटा पुस्तक लेख्नुपर्‍यो । त्यसमाथि नेपालमा वैज्ञानिकको आत्मकथाको अभाव भएकाले यसले त्यो अभावको पनि पूर्ति गर्ने छ । यी कुराहरूले मलाई हौस्यायो र मैले यो पुस्तक लेख्ने अठोट गरेको हुँ ।

आफ्ना बाजे र बुबाको परिचय दिँदै सुरु भएको यस आत्मकथामा उनका बाबु बेदानन्द बज्राचार्यको छैटौँ सन्तानको रूपमा आत्मकथाकारको जन्म भएको थियो । घरमा आमाको कडा अनुशासन भएकाले बाहिर खेल्न जाँदा बिग्रेलान् भन्ने डरले आत्मकथाकारलाई खेल्न पाइँदैन थियो । उनलाई आफ्नै दाजुले घरैमा पढाए । त्यही पढाइको भरमा उनी कक्षा नौ भर्ना भए र १२ वर्षकै उमेरमा एस्. एल्. सी. पास गरे । आई. ए. सकेपछि उनको जीवनमा एउटा नयाँ मोड आयो । त्यो थियो वैज्ञानिक बन्ने मोड । जान वा अञ्जान मै भए पनि उनले गोविन्दमान प्रधानको सल्लाहले १५ वर्षको उमेरमै आई. एस्सी पढी सिध्याए । त्यहीँ बेला एम् बी. बी. एस. पढ्न कोलम्बो प्लान नामक छात्रवृत्तिका लागि आवेदन दिएका दिए तर आवश्यक शैक्षिक योग्यता भए पनि उमेर नपुगेका कारण उनी कोलम्बो प्लानबाट वञ्चित भए र बी. एस्सी. पढ्न गोखरपुर विश्वविद्यालयतर्फ लागे । वास्तवमा कोलम्बो प्लान नपाउनुलाई आत्मकथाकारले आफ्नो जीवनको दोस्रो मोड मानेका छन् । वैज्ञानिक हुनको लागि दोस्रो खुड्किलो । गोरखपुरबाट आफ्नो अध्ययन सकेर नेपाल फर्केपछि उनी यहाँ जागिरे हुन पुगे तर उच्च शिक्षाको लगाव यही सिद्धिएन । आत्मकथाकार उच्च शिक्षा आर्जन गर्ने उद्देश्यले जर्मनीतिर लागे । त्यहाँको अध्ययन समाप्त भएपछि उनी आफ्नै देश फर्की काम गर्न थाले । यहीबाट आत्मकथाकारको सङ्घर्षपूर्ण दिनको सुरुआत भयो । त्रिभुवन विश्वविद्यालयको प्राध्यापकबाट सुरु भएको उनको जागिर यात्रा अगाडि बढ्दै जाँदा उनी विज्ञान सङ्कायका विभागीय प्रमुख, रेक्टर हुँदै रोनाष्टका उपकुलपति भएपछि समाप्त भयो । उनले विभिन्न पदहरूमा रहेर काम गर्दा त्यहाँको वातावरण, नेतृत्ववर्गको अदूरदर्शिता, सत्तासङ्घर्षलाई निकै सशक्त ढङ्गले वर्णन गरेका छन् ।

यसमा आत्मकथाकारको हक्कीपन पनि पर्याप्त देख्न सकिन्छ । जस्तै : रक्सीले टन्न मातेर आफ्नी केटी सहपाठीको कोठामा सुत्न गएको, दुर्घटनामा परेर औँला नचलेपछि आफू नेपाल फर्कन चाहेको, आफूले ब्रायोफाइट कल्चरका प्रोफेसरलाई झुटो बोलेको, आफू रोनास्टको उपकुलपति बन्न चाहेको र त्यसका लागि विश्ववन्यजन्तु कोषमा अनुसन्धानकर्ताबाट पाइने ६० हजारको तलबको मतलब नराखेको, तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको लापरवाही, सहपाठी भए पनि उपेन्द्र देवकोटा र बाबुराम भट्टराईको चिसो व्यवहार, रोनास्टका प्राज्ञ केदारलाल श्रेष्ठको नराम्रो व्यवहार इत्यादि प्रसङ्गमा । यसरी कतिपय ठाउँमा सत्य

अङ्कनका निम्ति आत्मकथाकारले निष्कपटता र निर्भीकता देखाए पनि कतिपय ठाउँमा व्यक्तिका नाम वा परिचय लुकाएर आफ्नो सत्य कथनको निर्भीक साहसलाई मत्थर तुल्याएको पाइन्छ । जस्तै : पी. एच् डी. गरेर मानसिक सन्तुलन गुमाउन पुगेका ती मित्र को थिए (पृ. ६२), नोबेल पुरस्कार बिजेता बोरलाओ नेपाल आएको बेला हरिहर भवनमा व्याख्यान दिन लगाउँदा जस नदिने विभागीय प्रमुख को थिए (पृ.७१), आत्मकथालाई होच्याउने प्राणीशास्त्रका प्राध्यापक को थिए (पृ. ७८), उनको प्रशंसामा असन्तुष्टि व्यक्त गर्ने वनस्पतिशास्त्रकै गुरु को थिए (पृ. ७९), पैसा नदिँदा ब्ल्याकमेल गर्न खोज्ने पत्रिका कुन हो (पृ. १४२), यस्तै उदाहरण पृ. १४९, १५०, १६५, १६९, १७६, १४४ आदि ठाउँमा पनि पाउन सकिन्छ । यद्यपि कतिपय कुराहरूलाई उल्लेख गर्दा नामै किटेर प्रस्तुत गरेको कुरालाई सराहनीय मान्नुपर्दछ । जस्तै इलाहावादका प्रोफेसर डा. अमर सिंहले आफ्नो कुराहरू चोरेर किताब छपाएका, जर्मनको प्रयोगशालामा काम गर्दा आफ्ना गुरुको लागि कुर्सी ल्याइदिन आग्रह गर्दा महिला सहकर्मीले आफ्नो अपमान ठानेको इत्यादि ।

आफ्नो पढाइको सिलसिलामा थुप्रै देशको भ्रमण गरेको भए तापनि त्यस ठाउँका बारेमा वर्णन गरिएको पाइँदैन । प्रस्तुत आत्मकथामा उल्लिखित कतिपय कुराहरूमा आत्मकथाकारले स्वाङ पारेको जस्तो देखिन्छ । जस्तै : आफू जर्मनीमा हुँदा नेपालको विश्वविद्यालयको शिक्षक भन्न लाज लागेको, जर्मनीबाट आएपछि फोहोरले गर्दा आफ्नो घर बस्न नसकेको बरू होटेलमा गएर बसेको इत्यादि प्रसङ्गहरूमा हेर्दा आत्मकथाकारले स्वाङ पारेको जस्तो लाग्छ । प्रस्तुत आत्मकथामै उल्लिखित कपितय कुराहरूमै केही जिज्ञासा बाँकी रहन्छन् । जस्तै : सन् १९९० मा पत्नी र छोरालाई लिएर रिसर्च गर्न जर्मनी जाँदा छोरीलाई कहाँ छोडेर गए भन्ने जिज्ञासा उठ्छ । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले राजाका अगाडि गरेका प्रस्ताव उपेक्षा किन गरेजस्ता कुराहरू जिज्ञासामै सीमित रहेका छन् ।

यो एउटा विशुद्ध आत्मकथा हो तथापि यस आत्मकथाले एउटा व्यक्तिको मात्रै नभएर सिङ्गो नेपाली समाज, राजनीति र नेपाली परिवेशलाई समेत बुझ्न सक्ने परिस्थितिको सिर्जना गरेको छ । प्रस्तुत आत्मकथाको विशेषता पनि यही हो ।

## ३. २२ बासुदेव शर्मा 'तुफान' 'मेरो कथा' (२०६२, असार, मङ्गला शर्मा)

यो वि. सं. १९८८ मा जन्मेका वासुदेव शर्मा 'तुफान' को आत्मकथा हो । प्रस्तुत आत्मकथालाई आत्मकथाकार आफैले लेखेका होइनन् । आँखाको कमजोरीले गर्दा उनले आफैले नलेखी अरूबाट लेखाएका हुन् । आत्मकथा लेख्नुको कारण खोतल्दै आत्मकथाकार भन्छन् :

"यस्तैमा एकाध साथी र मान्यजनहरूले आफ्नै बारेमा लेख्ने तथा लेखाउने गरेको देखियो । त्यसैले, मैले पनि आफ्ना सन्तानले भोलि हेर्लान् भनेर ती सबै कुराहरूलाई एक पुस्तकका रूपमा समेटेर यहाँ राखिदिने विचार गरेको हुँ । आफैले लेखेको भए अझ राम्रो स्तरीय र क्रमबद्ध रूपमा निस्कन्थ्यो होला । आँखाको कमजोरीले त्यो सम्भव भएन र अरूलाई लेखाएको हुँ । यस किताबमा उल्लेख गरिएका प्रसङ्गहरूलाई क्रमबद्ध रूपमा निकाल्न नसक्दा मेरो पूर्ण सन्तुष्टि हुन सक्ने स्थिति भने छैन वा रहेन ।"

आफ्नो जन्मथलो सिस्नेरीको वर्णन गर्दै सुरु भएको यस आत्मथामा आफ्नी बज्यैको एउटै छोरा उनका बाबु र आफ्ना बाबुको एउटै छोराको रूपमा आफ्नो जन्म भएको कुरा उल्लेख गर्दै आफूले घरपरिवारको ज्यादै माया पाएर चकचके भएको कुरो उल्लेख गरेका छन् । पढ्न मन नगरे पनि घरमा बुबाबाटै पढ्न सुरु गरेको पछि तीनधारा पाठशालामा पढ्न गएको बेला उनी जयतु संस्कृतम् आन्दोलन जेल परे । जेलमा निकै कुटाइ खाएर बिरामी भएपछि उपचार गराउन उनी चीनतर्फ लागे । यहीबाट उनको जीवनमा नयाँ मोड आयो । चीनबाट उपचार गराएर फर्केपछि उनी पुनः ६ वर्षको लागि अध्ययन गर्न चीनमै गए । चीनमा बस्दा उनी चिनियाँ एवम् तिब्बती भाषाको जानकार भए, त्यसबाट उनलाई निकै फाइदा भयो । नेपालमा त्यसबेला चिनियाँ भाषाको जानकार मान्छे नभएको हुँदा उनी नेपालमा आएर उच्चपद प्राप्त गर्न सफल भए । मूलतः यो आत्मकथा भग्न व्यतिरेक संरचनामा रहेको छ । आत्मकथाकारले यो कृति भरि नै चीन तिब्बतको निकै लामो वर्णन गरेका छन् । त्यहाँको रीतिस्थिति, चालचलन, रहनसहन, संस्कारहरूको निकै लामो वर्णन गरिएको छ । त्यसैले यो आत्मकथा नभई यात्रा वृत्तान्तको बढी नजिक हुन पुगेको महसुस हुन्छ ।

आत्मकथाकारले चीन तिब्बतको रीतिस्थिति, चालचलनको निकै राम्रो वर्णन गरेका छन् । तिब्बतमा प्रचलित बहुपति प्रथा, तिब्बती जनताको दलाई लामाप्रतिको अति आस्था,

दलाई लामाको मात्रै नभएर उनीका समकक्षका अधिकारीहरूको मलमूत्र खायो भन्ने जुनसुकै रोग पनि निको हुन्छ भन्ने विश्वास भएकाले उनीहरूको मलमूत्रलाई पनि पवित्र ठान्ने प्रवृत्ति, दाह संस्कारको अनौठो प्रचलन, मान्छे मरेपछि लासलाई ताछेर टुक्राटुक्रा बनाई गिद्धलाई खुवाउने, गिद्धलाई त्यहाँको भगवान मान्ने लगायत गिद्धले मान्छेको लास खाएन भने त्यो मान्छे पापी ठानिने आदि जस्ता आङसिरिङ हुने प्रसङ्गहरू प्रस्तुत गरेका छन् । आफूले लेखेका कुराहरूको सत्यता प्रमाणित गर्न कतिपय सन्दर्भमा फोटो समेत प्रस्तुत गरेका छन् । यी वृत्तान्त पढ्दा र फोटो हेर्दा आश्चर्य लाग्नुको साथै डर पनि लाग्छ ।

प्रस्तुत आत्मकथाको भाषाशैली सरल र प्रभावशाली छ । कतैकतै सङ्क्षिप्तताले गर्दा अस्पष्टताहरू पनि सिर्जेका छन् । जस्तै : एक प्रसङ्गमा आत्मकथाकारले बुबा र काकाहरूबाट मलाई घरमै अक्षरारम्भ गराइयो भनेका छन् तर पृ. ६ मा उनका बाबु आफ्नी आमाको एक्लो छोरो भएको कुरा उल्लेख भएको पाइन्छ भने ती काकाहरू को हुन् ? उनले यस कृतिमा आफ्नो विवाह, पत्नी, छोराछोरीको बारेका केही उल्लेख गरेका छैनन् । तर अन्तिम पृष्ठमा यिनको दुई विवाह भएको र छोराछोरीहरू भएको कुरो उल्लेख छ । आत्मकथाकारले आफ्नी पत्नी मङ्गलाकी फुपू सावित्रीसँग पनि बिहे गरेका थिए । किन फुपू र भदैसँग बिहे गर्नु पऱ्यो, सावित्रीबाट सन्तान छन् कि छैनन् भन्ने कुराको कुनै जानकारी पाइँदैन । सङ्क्षिप्तताले गर्दा अस्पष्टता सिर्जना भएको कुरा यसरी प्रस्टिन्छ :

"छोरी १०-१२ मिनेट बाँच्दैन जस्तो भइसकेकी थिई तापनि मैले के विचार गरेँ भने कमसेकम बाँची भने यसलाई देखाउन हुन्छ भनेर पोताला दरबारको पृष्ठभूमिमा गाडी भित्रै फोटो खिचेर लगे, त्यो फोटो नदेखाउने भनेर पछि छोरीले लुकाइ दिई ।" (पृ. ७३) ।

यस्ता केही अस्पष्टता देखिए पनि प्रस्तुत आत्मकथा रोचक नै छ ।

## ३.२३ धनमाया तामाङ 'धन' (२०६३, आशबहादुर तामाङ)

यो वि. सं. १९८७ मा जन्मेकी धनमाया तामाङको आत्मकथा हो । ७२ वर्षको उमेरमा लोकगीत रेकर्ड गराउने उनी पहिली लोकगायिका हुन् । यस कृतिकी धनमाया तामाङ निरक्षर हुन् । उनले एक शब्द पनि पढेकी छैनन् । त्यसैले यो आत्मकथा उनी आफैँले लेख्न सक्ने कुरा थिएन । उनका छोरा आशबहादुर तामाङको भनाइअनुसार जीवित हुँदा नै उहाँले आफूले

सम्झेका कुराहरू जति टिपाउनु भएको हो तर यसको प्रकाशन हुन नपाउँदै २०६१ साल पुष १ गते मृत्यु भयो र प्रस्तुत आत्मकथा उनको मृत्यु भएको २ वर्षपछि अर्थात् २०६३ सालमा प्रकाशित भएको छ ।

आत्मकथा लेख्नुको उद्देश्यको बारेमा उल्लेख गर्दै छोराको भनाइमा आशबहादुर तामाङ लेख्छन् : **धन** आत्मकथा प्रकाशन गर्नुको मुख्य उद्देश्य निरक्षर, सङ्घर्षशील, पौरखी, कुनाकन्दराकी महिलाको जीवनमा भोग्नुपरेको कथाव्यथा र उहाँको जीवनको उत्तरार्द्धमा लोकगीतको जगेर्ना गर्नु भएको देशलाई उजागर गरी भावीपुस्तालाई प्रेरणाको स्रोत बन्न सकोस् भन्ने रहेको छ ।”

आत्मकथाकाको जन्मदेखि प्रारम्भ भएको यस आत्मकथामा अति निम्न वर्गीय नेपाली ग्रामीण जीवनको हृदयविदारक चित्रण छ । वस्तुतः यो आत्मकथा जन्मेदेखि अति दारुण दुःखमा पिल्सेकी महिलाको करुणाजन्य आत्मकथा हो । लेखिका जन्मने बित्तिकै एक दिदी र दाइलाई छाडेर उनकी आमाको मृत्यु भयो, आमाको मृत्युपछि बाबु आफ्ना छोराछोरीलाई एक्लै छाडेर बैरागीजस्ता भए जसको कारणले उनका दाजु , दिदीले आफ्नो पेट पाल्न सानै उमेरमा गोठालो भएर बस्नुपऱ्यो । तर कामको भुक्तमान खप्न नसकेर कलिलो उमेरमै उनका दाजु र दिदीको मृत्यु भयो । उनी बाँच्न सफल भइन् । केही समयपछि उनका बाबुले अर्को बिहे गरे । खेतबारी भए पनि त्यहाँको उब्जनीले ६ महिना खान पुग्दैनथ्यो । भात वर्षमा १ पल्ट खान पाउनुपनि उनीहरूका निम्ति अहोभाग्यको कुरा हुन्थ्यो । दिनरात नभनी मेलापात गर्दा कोदोको ढिँडो मात्र खान पाइन्थ्यो । कहिले उनका बाबुले काम नपाएको खण्डमा भने कैयौँ रात भोकभोकै निदाउनुपर्ने कुरा उनीहरूका लागि सामान्य थियो । दारिद्र्यको पराकाष्ठामा गुज्रिरहेको यस परिवारमाथि अझ दुःख थपिँदा आत्मकथाको करुण प्रवाहलाई अझ तीव्र तुल्याएको छ । घरको उब्जनीले ६ महिना खान नपुग्ने परिवारमा झन् बच्चाहरू जन्मदै जाँदा घरको स्थिति निकै खराब हुँदै गएको थियो । लेखिकाले राम्रोसँग खाना खान नपाएको हुनाले उनी दुब्ली, पातली थिइन् । केही समय उनका बाबुले काम पाएनन् जसको फलस्वरूप घरमा विकराल स्थिति सिर्जना भयो । भोक खप्न नसकेर ढुसी परेको पिना खाँदा घाँटीमा अड्केको प्रसङ्गको यथार्थ चित्रणले गरिब, हतभागी र अकिञ्चन नेपालीहरूको दयनीय जीवनको स्पष्ट रूप उदाङ्ग पारिएको छ । ठूली भएपछि उनको बिहे भयो तर बिहे पछि पनि उनको स्थितिमा कुनै फरक

आएन । बिहे पछि उनका पतिको आर्थिक स्थिति झन् कमजोर भएको थाहा पाइन् । पति गीत गाउन भनेर बाहिर हिँडिदिएपछि घरमा खानेकुरो नपाएर रोइन् । त्यसपछि उनी अब आफै काम गर्न थालिन् । त्यही दुःखसुखपूर्वक काम गर्दै जाँदा आफूले भाका टिप्न थालेको कुरो उल्लेख गरेकी छिन् । पतिले पहिले मिहिनेत नगरे पनि पछि बच्चा भएपछि मद्दत गरे । तर पनि जटिल परिस्थिति सामान्य भएन । आफू ६ महिनाकी गर्भवती हुँदा ७ दिन हिँडेर ठोरीबाट नुन ल्याउनु पर्थ्यो, जसको कारणले उनको ६ महिनाको गर्भ खेर गयो । बच्चाहरू अलि हुर्केपछि पतिको पनि जागिर भएको र उनैले दुःखपूर्वक काम गरी घर बनाई छोराछोरी हुर्काए । तर एक छोरा र एक छोरीलाई उनको टाउकोमा छोडेर पतिको पनि मृत्यु भयो । दुःखजिलो गरेर आफ्नो कर्तव्य पूरा गरेपछि छोराको जागिर काठमाडौँमा भएपछि त्यहाँ गएर ७२ वर्षको उमेरमा आफ्नो पहिलो एल्बम निकालेको प्रसङ्ग दिँदै प्रस्तुत आत्मकथा समाप्त भएको छ ।

प्रस्तुत आत्मकथामा सरल भाषाको प्रयोग पाइन्छ । यसमा वस्तु डिँगाजस्ता केही पहाडी शब्दहरू पनि देख्न सकिन्छ । यो गद्यमा लेखिए पनि ठाउँठाउँमा रोइला, असारे गीत, दाइँ गीत आदि प्रस्तुत गरिएको छ । लेखिकाले आफ्ना पतिको वर्णन गर्दा उनको बिहे अघिका घटनालाई रहेछन्, रे, रहेछ, होलान् आदि क्रियापदको प्रयोग गरेकी छिन् । आत्मकथाको पाँच भागमध्ये एक भाग उनले आफ्ना पतिको प्रशंसामा खर्च गरेकी छिन् । जुन उद्देश्यले यो आत्मकथाको प्रकाशन भएको हो, त्यो पूरा भएकै देखिन्छ । अन्त्यमा सबैलाई धन्यवाद दिँदै आत्मकथा समाप्त भएको छ ।

## ३.२४ धनमाया प्रसाईं 'मेरा जीवनका अनुभूति' (२०६३, बनिता प्रकाशन)

यो विं सं. १९८३ मा जन्मेकी धनमाया प्रसाईंको आत्मकथा हो । आत्मकथाकार निरक्षर भएकीले यो आत्मकथा उनी आफैले लेखेकी होइनन् । उनले भनेका कुरालाई टिपेर कृतिको स्वरूप दिने काम लक्ष्मी उप्रेतीले गरेकी हुन् । लक्ष्मी उप्रेतीको भनाइ अनुसार :

"ठूलेमा आफ्नो जीवनमा भोगेका विगतका आरोहअवरोह भन्दै जानुहुन्थ्यो । म लेख्दै गए । जम्मा दस दिन जति जाँदै लेख्दै गरेर यो पुस्तकको खाँका तयार भयो ।"

जय गुरु ब्रह्मा गुरु विष्णु बाट लेख्न प्रारम्भ गरिएको यस आत्मकथामा लेखिकाले आफ्नो करुण जीवन कहानीलाई प्रस्तुत गरेकी छिन् । आफू मातापिताको आठौँ सन्तान भएकी,

माइतीको स्थिति खराबै नभए पनि छोरीले काम गर्नु नै पर्ने, १० वर्षको उमेरमा उनको बिहे भएको देखिन्छ । पहिलो सन्तान गर्भमा छँदा बिरामी भएर माइतीमा आराम गर्न गएको बेलामा पतिले आत्मकथाकारलाई थाहा नदिएर दोस्री पत्नीलाई बिहे गरे । पतिको दोस्रो बिहेबाट उनी निकै आहत भइन् । वि. सं. २००१ सालमा जेठो छोराको जन्म भए पनि एक वर्ष नपुग्दै उसको मृत्यु भयो । दोस्रो सन्तान छोरा नै भए पनि जन्म लगत्तै उसको पनि मृत्यु भयो । २००४ मा तेस्रो सन्तान ध्रुवको जन्म भयो र २००६ मा चौथो सन्तान जन्मेपछि उसको पनि मृत्यु भयो । आन्दोलनका कारण रातारात घरसम्पत्ति छाडेर उनले मधेश तिर भाग्नुपर्‍यो । आन्दोलन साम्य भएपछि उनी पुनः घर फिर्ता आइन् । घरमै उनको पाँचौ सन्तान विष्णुको जन्म भयो तर बचेको तेस्रो सन्तान ध्रुवको मृत्यु भएको पाइन्छ । २००९ सालमा उनलाई पितृशोक परेको समयमा छोरीको जन्म भए पनि छिट्टै नै मृत्यु भएको समयमा उनका पतिले पुनः तेस्री पत्नी बिहे गरे । यसबाट आत्मकथाकारमा ठूलो दुःख पर्दछ । २०१३ सालमा छोरीको जन्म भएपछि उनको जीवनमा केही खुसीको लहरहरू देखिन थाल्यो । पुनः २०१५, २०१७, २०१९ मा क्रमशः तीन छोरी र २०२२ मा कान्छा छोरा दीपकको जन्म भयो । कान्छा छोरा दीपकको अनुरोधमा अमेरिका घुमेर आए पछि आत्मकथा समाप्त भएको छ ।

यस आत्मकथामा आत्मकथाकारले आफ्नो जन्म मितिका बारेमा केही उल्लेख गरेकी छैनन् । आत्मकथा सुरु हुनु अघि धनमाया प्रसाइँ सङ्क्षिप्तमा शीर्षकअन्तर्गतको उनको जन्ममिति दिइएको छ तर त्यो लेख कसले लेख्यो, त्यसको बारेमा केही जानकारी पाइँदैन । यस आत्मकथाको भाषा सरल र वर्णनात्मक छ । वर्णनात्मकता ज्यादा भएकाले आत्मकथाकारको आत्मिक भावनाको चित्रणमा अभाव देखिन्छ । एक प्रसङ्गमा वि. सं. २०९० सालको भुइँचालोमा भत्किए पछि भन्ने लेखिएको छ, जुन भुकम्प वि. सं. १९९० मा आएका थियो तर यो गल्ती आत्मकथाकारको नभएर प्रकाशनमा भएको हुनसक्छ । केही सानातिना गडबड भए पनि प्रस्तुत आत्मकथा साधारण छ ।

## ३.२५ अलका आत्रेय चूडाल 'बाल्यकालसँग लोभिँदै बाल्यकालमा' (२०६३, असार, रुद्रप्रसाद चूडाल)

प्रस्तुत कृति रेडियो नेपालकी प्रथम संस्कृत समाचार वाचिका अलका आत्रेय चूडालको आत्मकथा  हो । यसमा केवल उनका बाल्यकालसम्बन्धी घटनाहरू मात्र प्रस्तुत गरिएका छन्;

जुन कुराको पुष्टि यस किताबको नामले गरेको छ । आफ्नो जन्मभन्दा अघिको प्रसङ्गबाट सुरु भएको यस आत्मकथामा आत्मकथाकारले आफ्नो जन्मको चित्रण निकै कलात्मक पाराले गरेकी छिन् ।

आफ्नो खुट्टा जन्मिँदै अलि बाङ्गो भएकाले उनकी आमा माइतको सट्टा काठमाडौँ आइन् र त्यहीबाटबाट नै उनको पढाइ सुरु भयो । बहिनीको जन्मभएपछि उनकै नामअनुरूप बहिनीको नाम आभा राखियो । उनका बाबु बनारसमा जागिरे भएकाले उनका परिवार बनारसमै बस्न पुगे । कान्छी बहिनीको नाम उनका बाबुले इला राखे पनि उनका बाबुको मनमा कतै अ देखि आ सम्मको छोरीको लाइन लाग्ने हो भन्न शङ्का लाग्छ । त्यसैले उनका बाबुले कान्छी छोरीको नाम इलाबाट बदलेर प्रीति राखे । छोरी जति भए पनि एउटा छोरा अवश्य हुनुपर्छ भन्ने मानसिकताबाट उनका बाबु पनि अछुतो थिएनन् । उनका आमाबाबुलाई छोरा नभएकोमा साह्रै चिन्ता लागेको थियो । छोराको लागि उनका आमाबाबु चारधाम दर्शन गर्न गए र नभन्दै आत्मकथाकारको भाइ पनि जन्मियो । आत्मकथाकारलाई पढ्नका लागि मालवीय शिशु विहारमा भर्ना गरियो तर हिन्दी नबुझ्ने भएकाले उनलाई निकै समस्या पर्दछ । त्यसको केही समयपछि उनका बाबुले घरमै पढाउने निधो गरी उनलाई स्कुलबाट निकाले । उनलाई घरमै संस्कृत पढाउन थालियो । बाबुको उर्दीअनुरूप घरमा खाँदा, बस्दा, बोल्दा संस्कृत नै बोल्नुपर्ने नियम थियो । उनले छोटो उमेरमै संस्कृतमा विद्वत्ता हासिल गरिन् तर पनि स्कुल जान नपाएको कुराले उनलाई साह्रै दुःख परेको थियो । अर्को भाइको जन्मपश्चात् उनका बाबुआमा नेपाल फर्के । बाबु र आमा दुवैको जागिर भएकाले र आफूपछिका भाइबहिनीहरू सानासाना भएकाले उनी आफू एक्लो भएको अनुभव गर्छिन् । यत्तिकैमा प्रस्तुत आत्मकथाको कथावस्तु समाप्त भएको छ । वस्तुतः यो आत्मकथाको अन्त्य अधुरो रहेको छ । अब के होला भन्ने जिज्ञासा पूरा नहुँदै आत्मकथा समाप्त भएको देखिन्छ ।

यस आत्मकथामा आत्मकथाकारको मानसिक भावनाको चित्रणमा कमी देखिन्छ । आफ्ना बाबुआमाले छोराको लागि उत्कट इच्छा प्रकट गरेको, छोराकै लागि चारधाम पुगेको कुरा थाहा पाएपछि उनका मनमा केकस्ता भावहरू उठे, मानसिक स्थिति कस्तो भयो इत्यादि कुराहरूको चित्रण यसमा पाइँदैन ।

यस आत्मकथामा ठाउँठाउँमा यात्रा वर्णनका प्रसङ्गहरू छन्; जुन निकै रोचक लाग्दछ । जस्तै : चारधामाको यात्रा वर्णन, आफ्नो मामाघर अर्घाखाँचीको यात्रावर्णन आदि । यस आत्मकथाको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो : भाषाको कलात्मकता । वास्तवमा यस आत्मकथाको भाषामा निकै मोहक साहित्यिक सौन्दर्य पाइन्छ । भाषाकै मिठासले गर्दा यो कृति पढ्दै जाँदा आत्मकथाकारको बाल्यकालको सेरोफेरोभित्र आफै पनि बाल्यकालमा पुगेर रमाउन थालिन्छ । भाषिक मिठासले यस आत्मकथाको संरचना प्रबल बनाएको छ । उदाहरणको लागि :

"नीमको रुख त मेरो गिज्याइले झनक्क रिसाउँथ्यो । गर्मी याममा बुबाले हाम्रा लागि हरियो नीमको पात पिसेर लड्डु बनाउँदा त्यो नीम आफूमा अझ तीतोपना थपेर मसँग त्यस गिज्याइको बदला लिन खोज्दथ्यो । तर म आँखा चिम्लिएर एकै पटकमा नीमको लड्डु क्वाप्प मुखमा हालेर गिलासको पानीले त्यसलाई हतारहतार पेटभित्र बगाइदिन्थे ।" (पृ. ६३) ।

अर्को उदाहरण :

"बिहान घामले ढोकाबाट सुटुक्क पसेर मलाई झकझकायो । उसैले सिरकबाट निकालेर मलाई बाहिर सम्म डोऱ्यायो । म पनि उसले देखाएको बाटो हुँदै बाहिर सम्म आएँ । म बाहिर आएपछि खुसी भएर घामले मसँग आँखा जुधाउन खोज्यो तर सहन नसकेर मैले मेरा साना हत्केलाले आँखा छोपेँ ।" (पृ. ५२) ।

यस आत्मकथाको अन्त्य नाटकीय पाराले भएको छ । अर्थात् २ पूरा वाक्य र १ आधा वाक्यबाट समाप्त भएको छ : "तर मानिसहरूको कोलाहलले भरिएको काठमाडौंले मेरो अनुरोध सुनेन । पशुपतिनाथ बहिरा भए । बाग्मतीलाई बग्दैमा फुर्सद थिएन ।"

## ३.२६ श्यामकृष्ण श्रेष्ठ 'मेरो जागिरे जीवन' (२०६३ कार्तिक, जुही प्रकाशन)

यो साहित्यकार श्यामकृष्ण श्रेष्ठको आत्मकथा हो । यसमा उनले आफ्नो जागिरे जीवनसँग सम्बन्धित कुराहरू मात्र प्रस्तुत गरेका छन् । उनी भन्छन् : "पुगनपुग चालीस वर्षको आफ्नो जागिरे जीवनका तीतामीठा अनुभवहरूलाई लिपिबद्ध गरी प्रवुद्ध पाकवर्गसमक्ष प्रस्तुत गर्नु अघि जागिरप्रतिको आकर्षण, जागिर खानुपर्ने बाध्यता र तत्कालीन घरेलु र सामाजिक परिवेशका विषयमा सङ्क्षिप्त उल्लेख गर्नु नै प्रासङ्गिक होला जस्तो मलाई लाग्छ ।"

यस आत्मकथाको प्रारम्भ आत्मकथाकारको जन्म वा बाल्यकालबाट नभएर जागिरप्रतिको आकर्षणबाट सुरु भएको छ । आफ्ना मातापिताको सङ्क्षिप्त परिचय दिने आत्मकथाकारले यसमा आफ्नो जन्मको तिथिमिति उल्लेख गरेका छैनन् । आफ्नो जागिरप्रतिको आकर्षणको बारेमा चर्चा गर्दै आत्मकथाकार आफू लप्टनको सानबाट प्रभावित भएको कुरो उल्लेख गरेका छन् । काम नगरीकनै मानसम्मान पाइने, आफ्नै किसिमको धाक र प्रतिष्ठा हुने र राम्रैसँग पैसा पनि कमाउन सकिने देखेर आत्मकथाकार लप्टनको जागिर प्रति आकर्षित भए (पृ. २) । उनी लप्टन सोमध्वजलाई सङ्गीत सिकाएर जागिरे बन्न पुग्दछन् (पृ. ३) । उनले केही काम गर्नु पर्दैन थियो, केवल लप्टनलाई सङ्गीत मात्र सिकाए हुन्थ्यो । लप्टन सोमध्वजको सरुवा भएपछि त्यस ठाउँमा आएका अर्का लप्टन विर्खबहादुर थापालाई पनि हारमोनियम सिकाएर आफ्नो जागिर कायम राखे (पृ. १५) । विर्खबहादुर थापाको कृपाले उनले अमिनीमा लेखनदास सिक्टरको पद पाए (पृ. १७) । लेखनदास भएर पनि अङ्ग्रेजी नजानेको भनेर मन्टुसरले हेपेपछि उनी जागिर छोडेर पढ्नको लागि धरान गए (पृ. २९) । त्यहाँ आफ्नो पढाइ राम्रो नहुने देखेर एस्. एल्. सी. को लागि आत्मकथाकार काठमाडौँ आए । बाहिर पढ्नको निम्ति छात्रवृत्तिको लागि आवेदन दिँदा एस्. एल्. सी. तेस्रो श्रेणीमा पास भएकाले उनी त्यस छात्रवृत्तिका लागि योग्य थिएनन् (पृ. ४२) । तर उनी द्वितीय श्रेणीमा पास भएको कुरो आफ्नो मार्कसिट हेरेर थाहा पाए तर ढिलो भैसकेको थियो । यही कुराले बाध्य भएर आत्मकथाकार स्कुलमा जागिर खान थाले । यही नै आत्मकथाकारको जागिर खानुपर्ने बाध्यता थियो ।

स्कुलमा काम गर्दागर्दै बडाहाकिमको आदेशले गर्दा आत्मकथाकार बडाहाकिमसँगै काम गर्न थाले तर उनलाई सरकारी जागिर खाने रहर थियो । आफ्नो त्यही रहर पूरा गर्न उनी काठमाडौँ आए । समाज शिक्षा आयोजकसँग सम्बद्ध भएर तालिम पनि लिए र फिक्कलमै पदस्थापन भएर आए (पृ. ८३) तर त्यहाँको सुरक्षा स्थिति कमजोर भएकाले आत्मकथाकार त्यहाँको जागिर छोड्न बाध्य भए । पुनः त्यही स्कुलमा काम गर्दै स्नातकको अध्ययन पूरा गरे ( पृ. ९७) । जीवन धान्नको लागि जागिर जरुरी थियो, त्यसैल उनी २०२२ मा पुनः काठमाडौँ आएर भारतीय राजदूतावासमा काम गर्न थाले (पृ. ११३) । त्यहाँ खटपट भएपछि जागिर छोडी लोकसेवा परीक्षामा सामेल भए र अर्थमन्त्रालयमा अधिकृतको पदमा नियुक्ति पाउन सफल भए । (पृ. १४१) । वि. सं. २०३४ सालमा आत्मकथाकार भन्सारमा सरुवा भए पनि त्यहाँ

नगएर मालपोतमै बसे (पृ. १५५) । वि. सं. २०४२ सालमा प्राविधिक शिक्षा परिषद्मा काम गरी जागिरबाट अवकाश लिए । त्यसपछि आत्मकथाकारको खास कथावस्तु सिद्धिएझैँ अनुभव हुन्छ  किनकि आत्मकथाकारले यसपछि आफ्ना सम्झनाहरू प्रस्तुत गरेका छन् । यसमा यात्रावृत्तान्तहरू पनि रहेका छन्; जुन पढ्दा रमाइलो छ । वस्तुतः यस आत्मकथामा कालक्रमिकताका अनुसार घटनाहरू परेका छैनन् । त्यसैले यस आत्मकथा पढ्दा केही गन्जागोल जस्तो प्रतीत हुन्छ ।

यस आत्मकथामा आत्मकथाकारको हक्कीपन पनि पर्याप्त देख्न सकिन्छ । जस्तै : आमाको थैलीबाट एक मोहर चोरेको (पृ. १२), आफू र दाजु मिलेर टुहुरे कान्छाको घरबाट राती कुखुरा चोरेको (पृ. ७), मन्टु सरले हेपेको (पृ. १९), अमेरिकाका लागि नेपालका तत्कालीन राजदूत विश्वप्रधानको लोभीपन (पृ. ३९), बडाहाकिम सन्तवीर लामासँग काजमा जानुपर्ला भनेर डरले विराटनगर भागेको (पृ. ५५), कर कार्यालयमा बहिदार विश्वनाथको षडयन्त्र (पृ. १८७), अन्चलाधीश छिरिङ तेन्जिङ लामाको व्यवहार (पृ. १६३) इत्यादि प्रसङ्गलाई लिन सकिन्छ । यसरी कतिपय ठाउँमा सत्य अङ्कनका निमित्त आत्मकथाकारले निष्कपट र निर्भीकता देखाए तापनि कतिपय ठाउँमा नाम वा परिचय लुकाएर आफ्नो सत्य कथनको निर्भीक साहसलाई मत्थर तुल्याएको पाइन्छ । जस्तै : आफूले पढाउँदा हातमा टोक्ने ती केटी जो अहिले त्रिभुवन विश्वविद्यालयमा छिन्  तिनको नाम के हो ? (पृ. ४०), तलब लिन गएको कर्मचारीले पैसा लुटियो भनी नाटक गरेर सबै पैसा आफैले लगेको थियो, त्यो को हो (पृ. ८७) । यस्तै उदाहरणहरू पृ. १४२, १६७, १६८, १७५, १८१ आदि ठाउँमा पनि पाउन सकिन्छ ।

प्रस्तुत आत्मकथाको भाषा सरल छ । कालक्रमिकता नमिलेकोले केही अस्पष्टताहरू देखिन्छ । जस्तै : एक प्रसङ्गमा आत्मकथाकार मामाघर गएको कुरो उल्लेख छ तर कुन बेला फर्के केही थाहा हुँदैन । आत्मकथाकारले आफ्नो पढाइको बारेमा केही उल्लेख नगरेर स्कुलमा पढाउन थालेको कुरो बताएका छन् (पृ. ३०) । उनले कति पढेका थिए, नपढीकन त पक्कै स्कुलमा पढाउन सकिन्नथ्यो । त्यस बारेमा केही जानकारी पाइन्न । त्यस्तै आत्मकथाकार धरान गएर पढ्दा कति कक्षासम्म पढे त्यो केही थाहा पाइँदैन (पृ. २८) तर पृ. ४० मा एस्. एल्. सी. गरेको थाहा हुन्छ ।

## २.२७ डा. बाबुराम पोखेल 'भएगरेका कुरा' (२०६३, दिनेशचन्द्र पोखेल)

यो कृति वि. सं. १९९३ मा जन्मेका प्रा. डा. बाबुराम पोखेलको आत्मकथा हो । आत्मकथा लेख्नुको उद्देश्यको बारेमा आत्मकथाकार भन्छन् :

"अतः हाम्रो भावीपुस्ताले आफ्ना पूर्वजहरूलाई चिनुन् । उनका क्रियाकलाप बुझ्न र असल आचरण ग्रहण गर्न सकून, स्वयं कर्तव्यपरायण बनून । आफ्नो नातागोता, इष्टमित्र, बन्धुवर्गसँग अनभिज्ञ नरहून् भन्ने उद्देश्यले यो सानो प्रयासतर्फ लागेको हुँ ।

आफ्नो मित्रको प्रेरणाले आत्मकथा लेख्न सुरु गरेको कुरा उल्लेख गर्दै आत्मकथाकार भन्दछन् :

"महेन्द्र संस्कृत विश्वविद्यालय सेवाबाट निवृत्त भएको २ वर्षपछि मेरा मित्र प्राध्यापक आनन्ददेव भट्टजीसँग डिल्लीबजार कालिकास्थानमा भेट भयो र भन्नुभयो : यहाँले अब आफ्ना अनुभवहरू लेख्नुपर्दछ । भट्टजीको प्रेरणाले मेरो विचारमा सूक्ष्म स्पन्दन ल्याई रहेको थियो । अरू मेरा सहृदयी मित्रहरू पनि मसँगै यस्तै कुरा गर्थे । मेरो परिवारको पनि स्मृतिस्वरूप केही काम भए हुन्थ्यो भन्ने आकाङ्क्षाले घच्घच्यायो । यसप्रति अरूको जिज्ञासा हुन्छ वा हुँदैन त्यसतर्फ मेरो विचारको पहुँच छैन ।"

आफ्ना मित्रको प्रेरणाले र नयाँ पुस्ताले आफ्ना पूर्वजहरूलाई चिनून् भन्ने उद्देश्यले प्रस्तुत आत्मकथा रचिएको पाइन्छ । आफ्नो पुर्खाको बारेमा व्यापक रूपमा वर्णन गर्दै सुरु भएको यस आत्मकथामा आत्मकथाकारले आफ्ना पिता, पितामहको लामो चर्चा गरेका छन् । आफ्ना पिताभन्दा पनि पितामहको विशेष चर्चा यस आत्मकथामा पाइन्छ । आत्मकथाकारका पितामह सन्त स्वभावका थिए । आत्मकथाकारलाई निकै माया गर्ने, केही कमजोरी भए पनि बुहारीलाई गाली गर्ने प्रवृत्तिका थिए । आत्मकथाकारको पितामा पनि आफ्नै पिताको गुण सरेको थियो । उनले आफ्नो पुर्ख्यौलीको वर्णनमा निकै पन्ना खर्चेका छन् । वंशचर्चाको त्यो शैली नीरसलाग्दो छ (पृ. ४६) ।

आत्मकथाकारलाई त्यसबेलाको चलनअनुरूप हरिहर पाठशालामा संस्कृत पढाइन्छ । आत्मकथाकारलाई पाठशालाको अध्ययन समाप्त भएपछि अङ्ग्रेजी पढ्न भने तापनि उनी अङ्ग्रेजी पढ्दैनन् बरू बनारस गएर संस्कृतको अध्ययन गर्दछन् । आफ्नो अध्ययन समाप्त गरेर

आत्मकथाकार नेपाल फर्केर तम्घासको हाइस्कुलमा नेपाली विषय पढाउन थाले । स्कुलमा हुँदा उनले गर्नुपरेको अनेकौँ कामहरू, भोग्नुपरेका अनेक दुःख र षड्यन्त्रको बयान आत्मकथाकारले गरेका छन् । त्यहाँको कुत्सित वातावरणबाट वाक्क भएर आत्मकथाकार पढ्न र जागिर खान भनी काठमाडौँ आए । यहाँ आएर रुद्रराज पाण्डेको कृपाले त्रिभुवन विश्वविद्यालयमा प्राध्यापकको जागिर पाउन सफल भए । त्यही काम गर्दागर्दै पदोन्नति भई महेन्द्रविश्वविद्यालयमा सरुवा भएर र त्यहीबाट नै आत्मकथाकारले आफ्नो विद्यावारिधि पूरा गरे । अन्त्यमा छोराको प्रसङ्ग ल्याएर प्रस्तुत आत्मकथाको कथावस्तु समाप्त भएको देखिन्छ । यस आत्मकथालाई आत्मकथाकारले जम्मा १० वटा खण्डमा विभाजन गरेका छन् । उनले 'पदोन्नति' र 'दाङको बसाइँ' खण्डमा शिक्षाध्यक्ष पदमा कार्यरत हुँदा आफूले गरेका कामहरूको विवरणात्मक वर्णन गरेका छन् ।

यस आत्मकथामा प्रशस्त भ्रमणवृत्तान्तहरू पनि रहेका छन्, जुन पढ्दा रोचक छ । आत्मकथाको अन्तिम पृष्ठमा आत्मकथाकारले नेपालका चाडपर्व, आफ्नो वंशावलीदेखि लिएर छोरा दिनेशचन्द्रको मावलीको वंशावली प्रस्तुत गरेका छन् जुन आत्मकथाको प्रसङ्गबाट विमुख देखिन्छ ।

सानामा आफू निकै चकचके भएको, आफ्नो हात दुइपल्ट भाँचिएको (पृ. ३३), काहिँलाबाले गर्दा पिताजीहरू छुट्टिएको (पृ. ५२), काउली चोर्दा आफू पक्रिएको (पृ. ६०), खाने कुरामा आफू कट्टर भएको, हिन्दी बोल्न नआउने (पृ. ७६), संस्कृत पढे पनि पौरोहित्यमा रुचि नराखेको (पृ. ९३), स्कुलमा पढाउँदा विद्यार्थी यज्ञप्रसादले अरूको उक्साहटमा लागेर अपमान गरेको, तुलसी भट्टराई र रूपानन्द बजगाईंले लेखकको अपमान गरेको (पृ. ९३), डा. हरिदेव मिश्रले धोका दिएका कुरालाई हाकाहाकी भनेका छन् । सम्बन्धित व्यक्तिको नामै लिएर आफ्नो निर्भीकताको उदाहरण दिए तापनि तालेघर निर्माण गर्दा एकजना बन्धु जसले मुखियासमक्ष कुरा लगाएका थिए, तिनको नाम उल्लेख नगरेबाट अलि खल्लोपनको आभाष हुन्छ (पृ. १०) ।

यस आत्मकथामा सरल नभई प्रौढ भाषाको प्रयोग गरिएको छ जसलाई साधारण पाठकले हतपत बुझ्न सक्दैनन् । भाषामा कुनै आकर्षण पाइँदैन । निकै लामालामा वाक्यहरूको प्रयोग भएको यस आत्मकथामा संस्कृत श्लोकहरू पनि राखिएका छन्; जसलाई नेपालीमा

उल्था गरिएको छ । कहीँकतै शमशेर, समशेरमा 'श' र 'स' भएको पाइन्छ । यो कृति विवरणात्मक भएकाले मानसिक भावनाको चित्रणमा अभाव देखिन्छ । कतैकतै अस्पष्टताहरू पनि देखापर्दछन् । जस्तै : पहिले आफू खानामा निकै कट्टर भएको, माछामासु नखाने भन्ने कुरा उल्लेख गरेका छन् (पृ ७६) भने पृ. ११५ मा 'हामी प्रायः बिहान मासु खान्थ्यौँ' भनेका छन् । अन्तिममा आफ्नो वंशावली दिएर यस आत्मकथा समाप्त भएको देखिन्छ ।

## ३. २८ कृष्णचन्दसिंह प्रधान, जिन्दगीका टिपोटहरू (२०६३, रत्न पुस्तक भण्डार)

यो प्रसिद्ध साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको आत्मकथाको दोस्रो भाग हो । उनको आत्मकथाको पहिलो भाग **नफर्कने ती दिनहरू** हो जसको प्रकाशन २०५९ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट भएको पाइन्छ । यो दोस्रो भागको प्रकाशन रत्न पुस्तक भण्डारबाट भएको हो । यसको बारेमा उल्लेख गर्दै आत्मकथाकार भन्छन् :

"सोचेँ दोस्रो खण्ड लेख्नुपर्ला । जिन्दगीका टिपोटहरू त्यही आत्मवृत्तान्तको बाँकी अंश हो । यसलाई नफर्कने ती दिनहरूको रहलपहल भन्दा हुन्छ । यसभित्र व्यक्तिगत जीवनसँग सम्बन्धित केही सामान्य घटनाहरू पनि छन् । जिन्दगीका टिपोटहरू भनेर यसलाई स्विकारेको हुँ । त्यहाँबाट गुज्रेका क्षण, दिन, विगतहरू राम्रो मानेर भन्दा त्यो एउटा वास्तविकता हो, जहाँ आफ्नै वृत्तको यथार्थ र परिवेश भएर दिग्दर्शन हुन्छ ।

"दोस्रो खण्डको रूपमा लिँदा पनि हुन्छ, नलिँदा फरक पर्दैन किनभने यो आफैमा क्रमबद्ध छैन । जीवन वृत्तान्तको परम्परामा आवृत्त नभएको घटनावलीको यो एक सिलसिला हो । यसैको क्रमिकतालाई दुवैले पछ्याएको छ ।"

यस आत्मकथाको प्रारम्भ ९० सालको भुइँचालको विभीषिकाको वर्णनद्वारा गरेका छन् । आत्मकथाकार ८ वर्षको हुँदा आएका त्यस भूकम्पबाट धर्ती चिराचिरा परेको एवम् थुप्रै नोक्सान भए पनि उनी घरभन्दा बाहिर रहेकाले बाँच्न सफल भए । कुखुरे बैंसले छोपेपछि आत्मकथाकारलाई स्वप्नदोष भएकाले डराएको तर काठमाडौँ आएपछि त्यस कुराबाट मुक्त भएको (पृ. १-७), कुरा उल्लेख गरेका छन् । आफू भारतमा भ्रमणमा गएको बेला त्यहाँको आजन्ता गुफा र  एलोराको मन्दिरबाट निकै प्रभावित भएको, त्यहाँबाट फर्केपछि कान्छी छोरीको मृत्युबारे केही थाहा नभएको, घरमा दुई दिनसम्म छोरीलाई नदेखे पनि मतलब नगरेको

र पछि मात्रै छोरीको मृत्यु भएको कुरो थाहा पाएका थिए । भाउज्यूको रुखो व्यवहारबाट आहत भएर उनी पत्नीले घर छोड्न बाध्य हुनुपरेको कुरा उल्लेख गर्दै आफ्नो बिर्सने बानीको बारेमा निकै हाँसोलाग्दो प्रसङ्गहरू उल्लेख गरेका छन् । आफू उल्टो सुरुवाल लगाएर गएको (पृ.९), एकपल्ट मान्छेसँग परिचय गरेपछि बारम्बार परिचय गर्नुपर्ने, पत्नीको हालखबर बुझ्न फोन गर्दा बिर्सेर घरको नभई बारम्बार स्कुलकै नम्बर डायल गरेको, केदारमान व्यथितको छोरीको बिहेको भोजमा बिर्सिएर बिहे सिद्धिएको दोस्रो दिन पुगेको कुराहरू हास्यास्पद लाग्दछन् । त्यसपछि कुरो गम्भीर हुँदै गएर पत्नी बिरामी भएकी, अल्जाइमर्स रोग लागेको एवम् ज्यान रोगबाट पीडित भएर २०६३ सालमा पत्नीको मृत्यु भएको, आफ्ना कृतिको बारेमा कुरा गर्दै प्रस्तुत आत्मकथा समाप्त भएको छ । आत्मकथाकारले भनेझैँ यो जीवन वृत्तान्तको परम्परामा आवृत्त भएको घटनावलीको सिलसिला हो । त्यसैले यसमा छुट्टाछुट्टै प्रसङ्ग दिँदै समाप्त गरिएको छ । यसमा क्रमबद्धता कमै पाइन्छ । त्यसैले यो संस्मरणसँग नजिक भए पनि तापनि आत्मकथाकारकी पत्नी बिरामी भएको प्रसङ्गबाट क्रमबद्धता सुरु भएको छ । त्यसैले यो कृति आत्मकथा नै हो भन्न सकिन्छ ।

यस कृतिमा आत्मकथाकारले आफ्नो प्रेम र यौनसम्बन्धी कुराहरू पनि प्रस्तुत गरेका छन् । आफ्नो प्रेम एक अपरिचितासँग परेको, त्यो बिस्तारै बढ्दै गएको एवम् उनकी पत्नीलाई पनि थाहा भएको कुरो उल्लेख गर्दै त्यो सम्बन्ध उनकै पत्नीको कारण समाप्त भएको कुरो प्रस्तुत गरेका छन् । उनकी पत्नीले उनको प्रेमसम्बन्धी कुरा थाहा पाएपछि उनले यस कुराको दोष आफ्नी पत्नीको अनुपस्थितिलाई दिएका छन् । आत्मकथाकार भन्छन् : “विवशतामा मान मन पनि तन मान्दैनन् । तनको तिर्खा मनले मेट्न सक्दैन । मनको भोक तनले बुझाउँदैन ।” (पृ. ४०) ।

यस आत्मकथामा आत्मकथाकारको हक्कीपन पर्याप्त देख्न सकिन्छ । जस्तै : भारत जाँदा घरको जिम्मा दिएको शम्भुराम श्रेष्ठले छोरी मर्दा सान्त्वनाको शब्द नदिएर पैसा मात्रै पढाइदिएको (पृ. २८), मनमोहन अधिकारीको रुखो व्यवहार (पृ. ३१), कवि वीरेन्द्र सुब्बाको असन्तुलित मानसिकता इत्यादि । तर आफूले प्रेम गरेकी ती प्रेमिकाको नाम उल्लेख भने यहाँ गरिएको पाइँदैन ।

यस आत्मकथाको भाषा कलात्मक छ । जस्तै : आत्मकाथकारले अपरिचितताको प्रेममा पर्नुको कारण उनकी पत्नीलाई बनाएपछि उनकी पत्नीले जवाफ दिएको प्रसङ्गलाई लिन सकिन्छ ।

"लोग्नेको अनुपस्थितिमा उसका प्रति स्वास्नीको नैतिक जिम्मेवारी हुन्छ । त्यस्तै स्वास्नीको गैरहाजिरीमा पनि लोग्नेको नैतिक कर्तव्य हुन्छ । कसैका लागि कोही नहुँदैमा वेश्या वा गुन्डा हुने हो भने केको लोग्नेस्वास्नी ? उसो भए तपाइँ नहुँदा मैले नाठो खेलाए भो ।" (पृ. ४५) ।

यो भाग उनको आत्मकथाको पहिलो भागभन्दा निकै रोचक छ । अगाडिको भाग पढ्दा अलि गम्भीरताको अनुभव हुन्छ भने यो भाग पढ्दा हाँसो लाग्दछ तर उनकी पत्नीको विरामीको प्रसङ्गपछि यसमा पनि गम्भीरता नै पाइन्छ ।

## २.२९ गणेश रसिक 'दसगजमा उभिएर' (२०६३, रत्न पुस्तक भण्डार)

यो कृति वि.स २००४ सालमा जन्मेका गणेश रसिकको आत्मकथा हो । यसलाई आत्मकथाकारले संस्मरण भनेका छन् तर यो कृति संस्मरण नभई आत्मकथा हो । यो संस्मरण हो वा आत्मकथा हो भन्ने बारेमा निक्यौंल गर्दै इन्द्रबहादुर राई भन्दछन् :

"यसलाई संस्मरणको सङ्ग्रह मात्र भन्नु, जस्तो रसिकजीले भनेका छन् न्यूनोक्ति हुने छ । यसलाई आत्मकथा भन्नुपर्दछ । अब आत्मजीवनीहरू निर्बन्ध विषयवस्तु र रूपका लेखिँदैछन् ।"

यस आत्मकथाको प्रस्तुतीकरण अन्य आत्मकथाको भन्दा भिन्नै छ । धेरैजसो आत्मकथाहरूको प्रारम्भ पुर्ख्यौलीको परिचय वा जन्मको परिचय दिँदै सुरु भएको देखिन्छ भने यसमा त्यस्तो केही पाइँदैन । आत्मकथाकारले प्रारम्भका दुई शीर्षकहरू आफ्ना भाइ प्रजु अनि श्यामको वर्णनमा खर्चेका छन् । दुःखान्त घटनाको वर्णन गर्दै थालिएको यस आत्मकथाबाट आत्मकथाकारको दुःखद जीवनको सङ्केत मिल्छ (पृ. १-१०) । आत्मकथाकार जन्मेको १४ महिनापछि नै उनकी बहिनीको जन्म भएपछि उनी दुध कटुवा हुन पुगे । त्यसको केही समयपछि उनकी आमाको मृत्यु भएपछि आत्मकथाकारको दुःखपूर्ण दिनहरू सुरु भयो (पृ. २०) । आफ्नी जेठी पत्नीको मृत्युपछि उनका पिताले दोस्रो विवाह गरे । त्यसको केही समयमै

तेस्रो बिहे पनि गरे । आत्मकथाकारकी माहिली आमाले खास दुःख नदिए पनि उनकी कान्छी आमा चन्चला थिइन् । कान्छी आमाको आफ्नै सन्तान भएकाले आत्मकथाकारलाई माया गर्दैन थिइन् । त्यसपछि आत्मकथाकारका दुःखपूर्ण दिनहरू झन् बढ्दै गए (पृ. ५०) । कान्छीआमाको माइतीका सम्पूर्ण सदस्यहरू आत्मकथाकारको घरमा बस्न आए (पृ. ६३) । अब आत्मकथाकारलाई आफ्नै घरमा बस्न पनि गाह्रो हुन थाल्यो । घर छोडेर मामाघर बस्न गए पनि माइजूको रुखो व्यवहारले गर्दा त्यहाँ पनि बस्न सकेनन् (पृ. ६७) । आफ्नै खुट्टामा उभिने उद्देश्यले उनी लाहुरमा जानको लागि प्रयत्नरत हुन्छन् तर अङ्ग्रेजी कमजोर भएकाले उनी त्यस जाँचमा फेल भए (पृ. ६८) । फेरी चुक्टाङ मामाको सल्लाहमा भारतीय फौजमा भर्तीको लागि जाँदा हिँड्न नसकेर दोस्रो सपनामा पनि तुषारापात भयो (पृ. ७४) । काम पाउन उनले निकै सङ्घर्ष गर्नुपऱ्यो तर केही नलागेपछि जे. टी. ए. तालिम लिन आत्मकथाकार काठमाडौँ आए । तालिम सिद्धिए पछि उनको जागिर पनि भयो । जागिर भए पनि काम एकातर्फ र रुचि अर्कोतर्फ भएकाले उनलाई सामन्जस्य गर्न निकै गाह्रो पऱ्यो (पृ. १०१) । कतिपय दिन उनले भोकभोकै काटे भने खाना नपाएर २-३ वटा उसिनेको आलुमा पनि चित्त बुझाउनुपर्ने अवस्था आयो । राष्ट्रिय नाचघरमा जागिर भएपछि डेराको जीवन सङ्घर्षपूर्ण नै थियो (पृ. १९९) । ससुरालीबाट आएको पैसाले घर बनाएर घरबेटी बने तापनि परिस्थितिले गर्दा त्यो घर पनि बेच्नुपऱ्यो । अन्त्यमा घर बेचेर उनी फिक्कलतिर लागे । मान्छेले सोचेजस्तो जीवन नहुने, नसोचेको आइलाग्ने भन्दे घुम्दै फिर्दै रुम्जाटार भनेझैँ नियतिले फेरि डेरामा बस्न बाध्य तुल्याएको कुरो उल्लेख गर्दै आत्मकथाको समाप्त भएको छ ।

आत्मकथाकारले आफ्नो गल्तीलाई स्पष्ट रूपमा प्रस्तुत गरेका छन् । आफूले अन्जानमै आफ्नो भिनाजु शरदचन्द्र शर्मालाई हटाउन हड्ताल गरेको (पृ. ५३), भैरव रिसालले ढिपी गरे पनि आफू घुम्न नभएको (पृ. ७९), जवाहरलाल श्रेष्ठको नराम्रो व्यवहार (पृ. ८४), आफूसँगै जागिर खाने रमेश शास्त्रीले आफ्नो पैसा पचाइदिएको (पृ. ८५), डा. प्रकाशचन्द्र लोहनीको प्रसङ्ग (पृ. १४३) लाई लिन सकिन्छ । तापनि लखनऊ विश्वविद्यालयका प्राध्यापक जुन अनुचित क्रियाकलापमा लागेका थिए, ती व्यक्ति को हुन् (पृ. ७९), राल्फामा हुँदा अमिलो व्यवहार गर्ने को हुन् ? (पृ. १०५), यी सबै कुराको बारेमा केही जानकारी यस कृतिमा पाइँदैन ।

यस आत्मकथाको भाषा सरल र वर्णनात्मक छ । यसमा आत्मकथाकारको आत्मिक भावनाको चित्रणमा अभाव देखिन्छ । यस आत्मकथामा उल्लेख गरिएका कुरामै कतिपय जिज्ञासा बाँकी नै रहन्छ । जस्तै : राजविराज जाँदा भाइ प्रजुलाई जान नमिल्ने भएकाले मामाकहाँ छोडेर गएका थिए (पृ. ८१), त्यसपछि उनको भाइका के भयो ? त्यसबारमेमा केही जानकारी पाइँदैन । उनको घरमा कान्छी आमाका माइतीहरू आएर बसेका थिए तर कान्छी आमा नै पोइल गएपछि तिनीहरू कहाँ गए, उनको बाबुको के भयो (पृ. ६३) भन्ने प्रश्नको उत्तर छैन । यस आत्मकथामा सुरुमा आत्मकथाकारले आफ्नो जन्मको तिथिमिति उल्लेख गरेका छैनन् तर पृ. ७४ मा मात्रै आफ्नो जन्मको तिथिमिति बारेमा बताएका छन् । त्यस्तै आत्मकथाकारले पहिले आफ्नी पत्नीको वर्णन गरिसकेपछि मात्रै आफ्नो बिहेको कुरा उल्लेख गरेका छन् ।

यस आत्मकथामा प्रसङ्गहरू उमेरवृद्धि क्रममा आएका छैनन् । वस्तुतः यो आत्मकथा आफूले जन्मेदेखि अन्तिमसम्म दुःख भोगेको व्यक्तित्वको जीवनवृत्तान्त भएकाले करुण र मार्मिक छ ।

## ३.३० होराप्रसाद जोशी, 'नबिर्सने ती दिनहरू' (२०६३, श्रीमती जमुनाबाबा जोशी)

यो एक राजनीतिक व्यक्तिको आत्मकथा हो । उनी नेपाली काङ्ग्रेसका कार्यकर्ता हुन् । आफ्नो परिवारको प्रेरणाले आत्मकथा लेख्न सुरु गरेको कुरो उल्लेख गर्दै आत्मकथाकार भन्छन् :

"जब मैले कतिपय देशभक्त र त्यागी व्यक्तिहरूका तथा मेरा बारेमा समेत टीकाटिप्पणी गरेर बजारमा वृत्तान्त, जीवनी, जर्नल आदिका नाममा विभिन्न चर्चापरिचर्चा भएको थाहा पाएँ, अनि मलाई लाग्यो, वास्तविकता जनसमक्ष पुऱ्याउनुपर्छ मैले । र विगतको सत्य घटनालाई नेपाली जनताको सामु प्रस्तुत गर्नुपर्दछ ।"

यस आत्मकथालाई मूल रूपमा आत्मकथाकारको उमेरवृद्धि क्रमको पृष्ठभूमिमा जीवनचक्रलाई 'परिवार', 'शिक्षा', 'राजनीति', 'जीवनका अन्य पक्ष', 'परिशिष्ट र चित्रावली' जस्ता ६ खण्डमा विभाजन गरिएको छ । विभिन्न खण्डहरूसँग सम्बन्धित कुराहरूको चर्चामा कुनै खजमज भएको छैन । 'परिवार' खण्डबाट आत्मकथाको कथावस्तुको प्रारम्भ भएको छ । जसमा उनले आफ्नो जन्मको प्रसङ्गबाट सुरुआत गरेका छन् । आफ्नो बाजेको सङ्क्षिप्त चर्चा

गर्दै आत्मकथाकारले आफ्ना बाजे निकै प्रतिभाशाली भएका र आफूमा भएको चेतनाको बीज जति विकास भयो, त्यो बाजेकै देन हो भनेका छन् तर यसभन्दा माथि उनले आफ्ना बाजेको बारेमा केही भनेका छैनन । आफ्नो आमाबाबुको चरित्रबाट आफू प्रभावित भएको कुरो उल्लेख गर्दै 'परिवार' खण्ड समाप्त भएको देखिन्छ (पृ. १-२५) ।

'शिक्षा' खण्डअन्तर्गत उनले आफू सानैदेखि उदण्ड भएकोले पढाइलाई भन्दा खेलकुदतर्फ बढी ध्यान दिने गरेको तर गोपालदास श्रेष्ठले अङ्ग्रेजीका शब्द भनेर पुरस्कार पाएपछि पढ्न ध्यान दिन थालेको कुरो उल्लेख गरेका छन् । त्यसबेला कालिकाप्रसाद गुरुले उनका बाबुसँग लेखकलाई पढाइदिने प्रस्ताव राखे । त्यहीबाट नै आत्मकथाकारको पढाइ सुरु भयो तर त्यसबेलाको समाजमा अङ्ग्रेजी विषय पढ्नुलाई नराम्रो दृष्टिले हेरिन्थ्यो । उनका बाबुआमा पनि छोराले अङ्ग्रेजी विषय पढेकाले रिसाएका थिए । पछि सबै ठीक हुँदै गयो र आत्मकथाकारले त्रिचन्द्र कलेजबाट आई. एस्सी सम्मको अध्ययन गरे (पृ. २५-२६) । यहीबाट यो शिक्षाखण्ड पनि समाप्त भएको पाइन्छ । 'राजनीति' खण्डअन्तर्गत उनको राजनैतिक जीवन कसरी सुरु भयो भन्ने कुराको जानकारी प्राप्त हुन्छ । शिवरात्रीको बेला पशुपतिनाथमा स्वयम् सेवा गर्दै उनी राणाविरोधी आन्दोलनमा सरिक हुन पुगे । त्यस खण्डमा उनले राणाहरूसँग सम्बन्धित नयाँ विचार प्रस्तुत गरेका छन् । राणाहरूको बारेमा जुन हल्ला फिजाइएको छ, त्यसलाई आत्मकथाकारले सत्य मानेका छैनन् । उनी आफ्ना साथी नर शमशेर खराब नभएको कुरो स्पष्ट गरेका छन् । क्रान्ति गर्ने उद्देश्यले उनी भारततर्फ लागे । त्यहीँ गएर उनी नेपाली काङ्ग्रेससँग आबद्ध भए तर त्यहाँ पार्टी नेतृत्वसँग उनको कुरो मिलेन । विचारमा मतभेदहरू देखापर्न थाले । यसै क्रममा उनले आफ्नो मेल मातृकाप्रसाद कोइरालासँग भएको र वी. पी. सँग कुरो नमिलेको बताएका छन् । २००७ सालमा देशमा प्रजातन्त्र आयो । उनी मन्त्रीमण्डलको सदस्य पनि भए तर नेताहरूको घीनलाग्दो चरित्रबाट वाक्क भएर राजनीति छोडेर वकालततिर लागे । यत्तिकैमा आत्मकथाको विषयवस्तु सिद्धिएको झैं लाग्दछ किनकि यसपछि उनले आफ्ना गुनासाहरूलाई प्रस्तुत गरेका छन् (पृ. ३७-१०५) ।

यस आत्मकथामा आत्मकथाकारले सबैलाई गाली मात्रै दिएका छन् भने आफ्नो प्रशंसा गर्न कतै पनि चुकेका छैनन् : जस्तै : "म भनेको काङ्ग्रेसको आडमा प्रजातन्त्र ल्याउन सकिन्छ कि भन्ने खालको मान्छे हुँ ।" (पृ. ७८) ।

“ग्राउन्ड रियालिटी जति मलाई थाहा थियो, अरूलाई थाहा थिएन । म त जनताको घरआँगनमा बसेर तिनको पीरमर्का बुझेको मान्छे हुँ । अरू केन्द्रमा बसेर डीँग हाँक्थे ।” (पृ. ७१) ।

आत्मकथाकारले गरेको आफ्नो राजनीतिक जीवनको विवरण एवम् माथि उल्लिखित कुराबाट आत्मकथाकारको आत्मश्लाघाको पर्दाफास भएको छ  साथै यसबाट उनको चरित्रको विश्लेषणका लागि आधार पनि खडा भएको छ । आत्मकथाकारले आफूलाई सच्चा क्रान्तिकारी, जनताको दु:खसुख बुझ्ने एवम् प्रजातन्त्र ल्याउन खोज्ने व्यक्तित्वका रूपमा चित्रण गरेका छन् तर बिडम्बना के भने जनतालाई दु:ख दिने, अन्याय अत्याचार गर्नेलाई नै उनी राम्रो भन्न पनि पछि हट्दैनन् । उनले नर शमशेरलाई राम्रो मान्छेको रूपमा चित्रण गर्दै उसले दशरथ चन्द र गङ्गालाललाई गोली नहानेको कुरा स्पष्ट पारिसकेको छ भन्दै बचाउ गरेका छन् । एकातर्फ आफूलाई सच्चा क्रान्तिकारी भन्ने अर्कोतर्फ सहिदद्वयलाई यातना दिई मार्ने र अनेकौं दु:ख दिई अन्तिम अवस्थासम्म माफी मगाउन षड्यन्त्र गर्ने नरशमशेरकै बचाउ गर्ने प्रयत्न किन भयो बुझ्न सकिँदैन । निश्चय नै नर शमशेरले मैले मारेको होइन भनी पश्चात्ताप गर्नु गोहीको आँसु बगाउनु जस्तै हो किनकि नयाँ व्यवस्था आइसकेपछि त्यहीअनुसारको भाषा बोल्नु स्वभाविकै हुन्छ र नरशमशेरले त्यसो भन्नु त्यही नयाँ व्यवस्थाअनुसारको भाषा बोल्नु मात्रै हो । त्यही भएर नै उनका समकक्षी साथीले उनी माथि विश्वास नगरेका हुन् कि भन्ने अशङ्का गर्न सकिन्छ । वी. पी. कोइरालाले केदारमान व्यथितसँग उनको परिचय बुझ्न खोज्दा उनी वी. पी. प्रति नै नकारात्मक धारणा राख्दछन् । निश्चय नै क्रान्तिको समयमा सबैलाई आँखा चिम्लेर विश्वास गर्न सक्ने वातावरण हुँदैन त्यसैले केदारमान व्यथितले उनीमाथि विश्वास नगरेका होलान् भन्ने आशङ्का गर्न सकिन्छ । त्यसैले होला आत्मकथाकारले यो कृतिमा वी. पी. कोइराला र केदारमान व्यथितको सत्तोसराप मात्रै गरेका छन् ।

आत्मकथाकारले आफूलाई मातृकाप्रसाद कोइराला मन परेको उल्लेख गरे तपानि उनी मातृकाको पार्टीमा भने लाग्दैनन् । उनले आफूलाई पञ्चायती व्यवस्था मन नपरेको कुरो उल्लेख गरेका छन् भने अर्कोतिर पञ्चायती व्यवस्था लागू गर्ने महेन्द्रको कदमलाई सही ठहऱ्याउँछन् । यो कस्तो दोहोरो मापदण्ड हो आत्मकथाकारको ? चुपलाग्नु भनेको यथास्थितिलाई स्वीकार गर्नु हो भनेझैँ पञ्चायती व्यवस्था मन नपरेको भने पनि त्यसको विरोध

नगरेबाट आत्मकथारको आत्मश्लाघा एवम् स्वाङ्गी चरित्र झल्कन्छ । वस्तुतः माथि उल्लिखित कुराहरू पढ्दा के अनुमान गर्न सकिन्छ भने उनी धेरै ठूलो परिवर्तन र क्रान्ति नचाहने, शान्ति र समन्वय चाहने एवम् यथास्थितिमा सबै मिलेर बसौँ भन्ने सोच भएका व्यक्ति थिए ।

आत्मकथाकारले 'शिक्षा' खण्डअन्तर्गत एक प्रसङ्गमा आफूले सिलाइबुनाइ विषय लिएर म्याट्रिक गरेको बताउँदै चाहे साहित्य होस् वा राजनीतिशास्त्र होस् या इतिहासमा पी. एच्. डी. गरेको होस्, हाल यस्तै हो, परिवार पाल्न सकिन्न भनेर अनावश्यक लामो गन्थन गरेका छन् । यति सानो कुराको लागि यत्रो भन्नुपर्ने केही जरुरी थिएन । केवल आफूले सिलाइबुनाइ जस्तो प्रचलनमा नरहेको विषय पढेकाले त्यसैको औचित्य दर्साउनका भनेका हुन् भन्न  सकिन्छ ।

केही सामान्य कमीकमजोरीहरू देखिए तापनि प्रस्तुतीकरणको दृष्टिले आत्मकथा सामान्य नै छ ।

## चौथो परिच्छेद

## नेपाली आत्मकथा साहित्यको मूल्याङ्कन

### ४.१ नेपाली आत्मकथा साहित्यको प्रारम्भ

नेपाली साहित्यको प्राथमिक कालमा सचेत रूपमा आत्मकथा लेखिएन किनभने यस समयमा गद्य साहित्यले त्यति विकसित रूप प्राप्त गरिसकेको थिएन । आत्मकथा गद्य साहित्यअन्तर्गतको नव्य विधा भएकाले त्यस समयमा परिपक्व आत्मकथा नपाइनु स्वाभाविक कुरो हो तर "नेपाली प्रौढ र बुढापाकाहरूका माझ आत्मकथात्मक अभिव्यक्तिको प्रचलनको सङ्केत पृथ्वीनारायण शाहको दिव्योपदेशले नै दिए तापनि सचेत रूपमा आत्मकथा लेख्ने काम माध्यमिक कालमा मात्र भयो ।"[३३]

यसरी पृथ्वीनारायण शाहको **दिव्योपदेश**लाई आत्मकथाको प्रारम्भ मान्न सकिए तापनि नेपाली आत्मकथाको क्षेत्रमा सचेत रूपमा आत्मकथालेखनको थालनी गर्ने श्रेय चिरञ्जीवी शर्मा पौड्याल (वि. सं. १९३४-१९९७) लाई जान्छ । शर्माको **आफ्नु कथा**ले (रचना वि. सं. १९७४, प्रकाशन काल २०१४) नेपाली आत्मकथाको क्षेत्रमा सचेत लेखनीको थालनी गर्दछ । यसमा पनि कतिपय कमीकमजोरीहरूफेला पार्न नसकिने होइन, तापनि शर्मामा आत्मकथासम्बन्धी सचेतता थियो भन्ने कुरा कृति बाटै थाहा पाउन सकिन्छ । यस आत्मकथाको प्रारम्भ लेखकको वंश, परिचय र जन्मबाट भएको छ । आत्मकथाकार सुरुमा आफूलाई तृतीय पुरुष शैलीमा प्रस्तुत गर्दछन् ।

"१९२४ साल आश्विन ४ गते नन्दकुमारीका गर्भ देषी चिरंदेवी नाम भयाका पुत्र १ पैदा भये सर्कारको बाकी बुझाउदा र ठूलाठूला भयाकाले घरद्वार छाड जादा अनाथ बालकहरूको आधार केही नहुदा निज चिरंजीवीलाई मातामह षरिदार जयनाथले पालनपोषण गरी राषे.... । चिरंजीवीलाई पनि आमाले आफै बोकी बाबुका साथ काशी प्रयाग पुऱ्याई प्रयागराजमा विधिपूर्वक चूडा गराइ ल्याइन ।" (पृ. ३) ।

[३३] भिक्टर प्रधान, पूर्ववत्, पृ. २८६ ।

"श्रावण १५ गते सल्ल्याना पुगी ४ मन्हा वाहा बसी मार्ग १५ गते सल्ल्यानाबाट १२ कोश पूर्व दक्षिण दाङ भन्ने भित्री मधेश लगे ताहापनी ४ मैन्हा बिताइ गर्मी चढेपछी फेरी सल्ल्याना गत्र्यौ, ३१ सालको प्रवेश भयो वाहापछी फेरी पूर्ववत् दाङ आई चैत्रमा सल्ल्याना मंसीरमा फेरी दाङ, दाङ्गबाट गयापछी सल्ल्याना व्रतबन्ध भयो मातामहले गायत्री श्रवण गराउनु भयो .... ।"[३४] (पृ. ४) ।

यसरी आत्मकथाकारले विस्तारै प्रथम पुरुषको वहुवचन क्रियापद प्रयोग गरी आफूलाई आकर्षक शैलीले प्रस्तुत गरेका छन् । आत्मकथागत दृष्टिले यसको बाह्य रूप बिलकुल शुद्ध छ तापनि लेखकले आफ्नो जीवनका अन्य पक्षलाई भन्दा पनि जीवनभर गरेका सानाठूला यात्राहरूको विवरण, आएगएका ठाउँ र नीतिको अङ्कन गर्ने हिसाबले सूत्रात्मक शैलीको प्रयोग गरेका हुनाले यो आत्मकथा किञ्चित अलिनो अलिनो भ्रै अनुभव हुन जान्छ । लेखकको जीवन बढी नै यात्रामयी भएकाले यसमा यात्रासम्बन्धी कुराहरूबढी परे तापनि उनी बिलकुल यायावर मात्रै त थिएनन्, त्यसैले कुनै पनि ठाउँमा रहँदाबस्दा घटेका कुराहरूपनि उत्तिकै मात्रामा यसमा भएको भए यसका केही दोषहरू घट्ने थिए । वास्तवमा यात्राबाहेक उनको जीवनका कतिपय महत्वपूर्ण घटनाहरूको अङ्कन पनि यहाँ हुन सकेको छैन ।

"यसको सूत्रात्मक शैलीले कतै अलिनोपनको सृष्टि गरे पनि समग्रमा यसले आत्मकथात्मक रूप यथेष्ट लिएको छ"[३५] तर दुःखको कुरो यो आत्मकथा तत्काल प्रकाशित हुन सकेन, यसको प्रकाशन वि. सं. २०१४ मा आएर मात्र भएको देखिन्छ । त्यसैले यस कृतिले नेपाली आत्मकथाको विकासमा योगदान दिन पाएन ।

## ४.२ माध्यमिक कालमा नेपाली आत्मकथा साहित्यको स्थिति

वि. सं. १९७४ सालको चिरञ्जीवी शर्मा पौड्यालको **आफ्नु कथा**ले नेपाली आत्मकथा साहित्यको पहिलो आत्मकथा हुने सौभाग्य पाए पनि त्यसले नेपाली आत्मकथाको क्षेत्रमा कुनै योगदान दिन सकेन । कारण थियो यसको प्रकाशन ढिलो हुनु । यो आत्मकथाको लेखन वि. सं. १९७४ मा भए पनि त्यस कुराको ज्ञान नेपाली साहित्य जगत्मा तत्काल हुन नसकेकाले आत्मकथाको क्रमिक विकासको निम्ति शर्माको **आफ्नु कथा** प्रेरणाको स्रोत बन्न सकेन । "यो

---

[३४] कमल दीक्षित, 'चिरञ्जीवीको कलम', **आफ्नू कथा**, ललितपुर : श्रीमती विद्यादेवी आ. दी., २०३१, पृ. ४ ।

[३५] भिक्टर प्रधान, पूर्ववत्, पृ. २८९ ।

आफै कुनै दुर्गभित्र पुरातात्विक वस्नु बनेर रह्यो ।"[३६] नेपाली आत्मकथाको क्षेत्रमा लेखनको दृष्टिले पहिलो आत्मकथा **आफ्नु कथा**लाई मानिए तापनि प्रकाशनका दृष्टिले पहिलो आत्मकथा हुने सौभाग्य अज्ञात लेखकको **तपस्वीको अनुभव**ले पायो । परन्तु यसभन्दा अघि अर्को आत्मकथाको पनि जन्म भएको पाइन्छ । काशीनाथ आ. दी. को **भएका कुरा** (रचना वि. सं. १९८८, प्रकाशन २०३१) नामक आत्मकथाले पनि शर्माकै आत्मकथाको जस्तो नियति भोग्नुपऱ्यो । यसले तत्काल प्रकाशन हुने अवसर पाएन । यसको प्रकाशन वि. सं. २०३१ मा आएर मात्रै भएकाले नेपाली आत्मकथाको विकास क्रममा यसले पनि कुनै महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकेन र पहिलो आत्मकथा बन्ने सौभाग्य अज्ञात लेखकको **तपस्वीको अनुभव**ले पायो । "यद्यपि राणा शासकहरूसँग नजिक सम्बन्ध भएका व्यक्तिको यस **भएका कुरा** आत्मकथामा तात्कालिक दरबार र राजकाजसम्बन्धी कुराहरू पर्याप्त मात्रामा पाइनाका साथै यसले प्रारम्भमै नेपाली आत्मकथाको समृद्ध रूपको पहिचान पनि दिएको छ ।"[३७] यसरी माध्यमिक कालको प्रारम्भमै उत्कृष्ट खालका आत्मकथाहरू रचिएर पनि माध्यमिक कालमा आत्मकथागत गतिविविध दरिद्र प्रायः रह्यो किनभने प्रारम्भका यी दुई रचना तत्काल प्रकाशित हुन सकेनन् र आत्मकथाको प्रथम प्रकाशन अत्यन्त ढिलो वि. सं. १९९३ मा मात्र भयो जुन बेला नेपाली गद्य साहित्यका प्रमुख विधाहरू आधुनिक कालमा प्रवेश गरिसकेका थिए । यस्तो परिवेशमा आत्मकथाको प्रकाशन पहिलो भए पनि यसले आधुनिकतम रूप चाहिँ देखाउन सकेन । "वस्तुतः आत्मकथागत संरचना, सङ्गठन, प्रस्तुतीकरण र भाषिक अर्वाचीनता प्रभृत्ति सबै दृष्टिले वि. सं. २०१६ मा इन्द्रसुन्दासद्वारा अनुदित **सङ्क्षिप्त आत्मकथा**बाट आधुनिक कालको प्रारम्भ भएको मानिन्छ ।"[३८] त्यसभन्दा अगाडिको अवधिलाई माध्यमिक कालको रूपमा चर्चा गर्न सकिन्छ । यसरी (वि. सं. १९७४-२०१५) सम्मको समयावधि ओगटेको माध्यमिक काल भरि प्रत्येक दशकमा एकएक वटाका दरले आत्मकथा लेखिएको पाइन्छ । तीमध्यै सबैभन्दा पहिलो चिरञ्जीवी शर्मा पौड्यालको **आफ्नु कथा** (वि. सं. १९७४), काशीनाथ आ. दी. को **भएका कुरा**, (वि. सं. १९९८), अज्ञात लेखकको **तपस्वीको अनुभव** (वि. सं १९९३), कृष्णकुमारीको **एक अवलाको शोकमयी जीवनी** (वि. सं. २००६) इत्यादि हुन् । तर पनि ती दुई

[३६] ऐजन, पृ. २९० ।

[३७] ऐजन ।

[३८] ऐजन ।

अप्रकाशित आत्मकथाहरूजति पनि स्तरयुक्त आत्मकथा माध्यमिक कालभरि अरू अन्य रचिएनन् । यद्यपि त्यसपछि प्रकाशित भएका अन्य आत्मकथाहरूमा नवीन भाषाशैली, कुतूहल र नाटकीयक्षणको सृजनामा केही सचेतता अवश्य पाइन्छ ।

नेपाली आत्मकथा साहित्यमा प्रथम प्रकाशित आत्मकथा बन्ने सौभाग्य पाएको आत्मकथा हो अज्ञात लेखकको **तपस्वीको अनुभव** । "बारम्बार सन्यास ग्रहण गर्न खोजेर अनेक साधनाद्वारा ईश्वरत्व प्राप्त गर्न खोज्ने एक दुःखी गृहस्थी तपस्वीको यो आत्मकथाका रचनाकार नाम छद्म रूपमै एक प्रच्छन्न रहन चाहेका मात्र होइनन् उनलाई भएका देवतासम्बन्धी अनुवभका कुरा लेख्न सङ्कोच लाग्नाका साथै ज्ञान र पारमार्थिक अनुभव गुप्त राख्नामा नै वेश ठानेको हुनुपर्छ । वस्तुतः यी नै कारणहरूले गर्दा यसमा आत्मकथाको मूलभूत प्राणतत्त्व नै समावेश नभएको प्रतीत हुन्छ ।"[३९] त्यसैकारणले यो आत्मकथालाई आत्मकथात्मक संरचनाका दृष्टिले प्रबल मान्न सकिन्न भने यसको अन्त पनि अचानक भएको छ । माथि भनिएझैँ यसका रचनाकार नायक छद्म रहन चाहेकाले बाल्यकालसम्बन्धी केही कुरा आए पनि जन्म आदिका कुरा छैनन् ।

यसपछि देखापरेको अर्को आत्मकथा हो कृष्णकुमारीको **एक अवलाको शोकमयी जीवनी** (वि. सं. २००६) । यसमा "लेखिकाले आफ्ना पापकर्म जगत्का सामु प्रकट गऱ्यो भने पापनाश हुन्छ भन्ने विश्वासमा सकेसम्म आफ्नो जीवनको यथार्थता खोल्न चाहेका तर अवलाहरूका जिन्दगीमा अनेक कुरा गोपनीय नै राखे पढ्ने सुन्ने दुवैलाई कल्याण हुने हुँदा त्यस्ता कुरा सङ्क्षेप र गुप्त तरिकाले सुक्ष्म रूपमा भनिए तापनि त्यतिले नै जानकार र चतुर मानिसले धेरै बुझ्न सक्ने कुरा उल्लेख गर्दै लेखिकाले जीवनको खास कुनै पापकर्म सुनाएझैँ प्रतीत हुँदैन ।"[४०]

बाबुटोकुवा हुनु, आमाबाबुको प्रेम नपाएकीले उपद्रयाही र इखालु हुनु, भक्तिमार्गमा लाग्न नसक्नु नै पाप हो भन्न सकिँदैन । एउटा भलो आदमीको सुनको पिँजडामा थुनिएपछि के भयो ? उर्लँदो जवानी र विश्वमोहनप्रतिको प्रेमले गर्दा उनले केकस्ता पापकर्म गरिन् भन्ने कुरा यहाँ गुप्त नै राखिएको छ भने अर्कोतिर नायिकाको प्रायश्चित्तमूलक भावनात्मक तरङ्गहरूर रहस्यमय असंयमित आलाप-विलाप बहुलताले आत्मकथात्म संयमित र स्पष्टवादी रूप

---

[३९] ऐजन, पृ. २९१ ।

[४०] ऐजन, पृ. २९२ ।

संरचनालाई बाधा पुऱ्याएको छ । यसको पूर्वार्ध निकै सुन्दर भए पनि मूलतः उत्तरार्धको खुकुलो लेखाइले गर्दा नै यसले माध्यमिक कालको कठवारलाई नाघ्न सकेन ।

यस आत्मकथा प्रकाशन भएको लामो समयसम्म अरू आत्मकथाहरू देखा परेनन् । २००७ देखि आधुनिक कालको सुरुआत हुने बेलासम्म केवल एउटा मात्र आत्मकथा देखापऱ्यो । त्यो हो : खिद्मत सुब्बा र प्रभाकर गुरुङद्वारा अनूदित **ढुङ्गाको देवता** (वि. सं. २०१२) । मूलतः यो आत्मकथा भए पनि "यसमा आत्मकथाको पूर्णता पाइँदैन साथै यसको गालीगलौज पूर्ण राजनीतिक प्रचारात्मक उद्देश्यले पनि यसलाई साहित्यिक गरिमाबाट परै राखेको पाइन्छ ।"[४१] वास्तवमा भन्ने हो भने माध्यमिक कालमा आत्मकथाको नितान्त अभाव रहेको देखिन्छ ।

## ४.३ नेपाली आत्मकथा साहित्यमा आधुनिक कालको थालनी

नेपाली आत्मकथा साहित्यमा आधुनिकताको थालनी इन्द्र सुन्दासद्वारा अनूदित महात्मा गान्धीको **सङ्क्षिप्त आत्मकथा** (वि. सं. २०१६) बाट भएको पाइन्छ । वास्तवमा शैली, संरचना र अन्य दृष्टिले आधुनिक भन्न सुहाउने पहिलो आत्मकथा यो नै देखिन्छ तर यो कृति अनूदित भएकाले मूल कृतिमा संरचनासङ्गठन प्रस्तुतीकरण जस्तो छ अनुवाद पनि त्यहीअनुसार हुने भएकाले यस्तो अनूदित कृतिलाई के नेपाली आत्मकथाको आधुनिकताको प्रथम पदचिह्न मान्नु उपयुक्त हुन्छ भन्ने प्रश्न पनि नउठ्ने होइन तर जहाँ अन्य गद्यविधाले आधुनिक कालमा प्रवेश गरिसकेका थिए । त्यसबेलासम्म नेपाली आत्मकथा साहित्यमा आत्मकथाले परिपक्व स्वरूपको आत्मकथा पाउन सकेको थिएन । वि. सं. २०१५ सम्म आइपुग्दा नेपाली आत्मकथा साहित्यमा आत्मकथागत अभिव्यक्ति प्रायः दरिद्र नै रहेको पाइन्छ । यसरी के भन्न सकिन्छ भने त्यस समयसम्म आत्मकथाको वास्तविक खाका निर्मित वा प्रकाशित हुन नसकिरहेको "नेपाली साहित्यमा विश्वका अन्य भाषामा चर्चित आत्मकथाको अनुवादद्वारा नै भए पनि यसको स्वस्थ रूपको पहिचान दिलाउने काम भएको छ र अनुवादकले पनि नेपाली सन्दर्भमा सुहाउने गरी यस आत्मकथामा आधुनिकताको जलप लगाएका छन् ।"[४२] अनूदित नै भए पनि "यसमा आत्मकथाकारको अनुभव र भावनाहरूको यथार्थ चित्रण सत्याङ्कन प्रतिको सुझाव र

[४१] ऐजन, पृ. २९५ ।

[४२] ऐजन, पृ. २९६ ।

अनुवादको प्रस्तुतीकरण र भाषाशैली आदिको आधारमा **सङ्क्षिप्त आत्मकथा**लाई आधुनिक नेपाली आत्मकथाको प्रथम पदचिह्न मान्नु पर्दछ ।"[४३]

## ४.४ आधुनिक कालमा नेपाली आत्मकथा साहित्यको गतिविधि

नेपाली आत्मकथा साहित्यमा आधुनिक कालको सूत्रपात अनूदित आत्मकथाबाट भएको पाइन्छ । त्यसपछि नेपालीमा थुप्रै अनूदित आत्मकथाहरू देखापरे । सूर्यविक्रम ज्ञवालीद्वारा अनूदित बुकर टी. वासिङ्टनको **पारे धर्तीको पुरुषार्थ** (वि. सं. २०१८) । अज्ञात अनुवादकद्वारा अनूदित जवाहरलाल नेहरूको **जवाहरलाल नेहरूको आत्मकथा** (वि. सं. २०१९), अनुवादक अज्ञात रहेको महात्मा गान्धीको **आत्मकथा** अथवा **मेरो सत्यको प्रयोग** वि. सं. २०१९), माधवलाल कर्माचार्यद्वारा अनूदित रवीन्द्रनाथ ठाकुरको **जीवन स्मृति** -वि. सं. २०२२) र अज्ञात अनुवादक अनुवादकबाट अनूदित जवाहरलाल नेहरूको **मेरो कथा** (वि. सं. २०२३) । आत्मकथाको आधुनिक कालको यस **प्रथम प्रहर** (वि. सं. २०१६-२०२३) मा झाँक्री रनवीर सेवा बोखिमको **मैले ईश्वर कसरी पाएँ** (वि. सं. २०१९) एउटा बाहेक अरू सबै अनूदित कृति मात्र देखापरे । यी अनूदित रचनाहरूले नेपाली आत्मकथाको विकासको निम्ति निकै हौस्याउने काम गरेको पाइन्छ । "२०२३ सालसम्म पनि नेपाली आत्मकथाले निश्चित डोरेटो पकड्न नसकेको अवस्थामा धेरैजसो भारतीय साहित्य एउटा चाहिँ अङ्ग्रेजी साहित्यको) का प्रसिद्ध आत्मकथाहरूको लगातार अनुवादले आत्मकथा रचनाको स्वस्थ रूपपरम्परा र महत्ताको पहिचान नेपाली साहित्यजगत्‌लाई दिइरहे झैं हुन गएको छ ।"[४४]

यसै अनुवादक कालको लहरको माझमा देखापरेको मौलिक आत्मकथा हो रनवीर सेवा बोखिमको **मैले ईश्वर कसरी पाएँ** (वि. सं. २०१९) । यो आत्मकथा मौलिक भएर पनि यसले नेपालीका अनूदित आत्मकथालाई माथ गर्ने सामर्थ्यधारण गरेको पाइँदैन । यो अत्यन्त रोचक जीवन भएको मान्छेको आत्मकथा भए पनि यसको अति सङ्क्षिप्त रूप र धर्मप्रचारको अभीष्ट आशयले यो उत्कृष्ट आत्मकथा हुन सकेन ।

नेपाली आत्मकथाको क्षेत्रमा अनुवादको लहरलाई टुङ्गोमा पुऱ्याउन खोजेझैं गरी बालकृष्ण समको **मेरो कविताको आराधना उपासना १** (वि. सं. २०२३) देखापऱ्यो । यसको

---

[४३] ऐजन, पृ. २९७ ।

[४४] ऐजन, पृ. २९७ ।

द्वितीय खण्ड वि. सं. २०२९ मा प्रकाशित भयो । "यस आत्मकथाले नेपालीका आत्मकथालाई अनुवादको भुमरीबाट उठाएर स्वदेश र स्वजातिको परिवेशमा पुनः ल्याइदियो यद्यपि यसमा अधुरोपन र घटनाको घटितकालीन भावको यथार्थङ्कनको अभावजस्ता कमजोरीहरू छन् ।"[४५] शोकमयी जीवनको बाँकी जीवनीले आफ्नो अघिल्लो रूपको जति पनि सौरभ प्राप्त गर्न सकेन भने **आफ्नोबारे** (१) ले पृष्ठभूमिमा भारतको दार्जिलिङ क्षेत्रमा नेपाली भाषाको शैक्षिक विकासको इतिहास समेटेको भए पनि आत्मकथात्मक दृष्टिले खास उत्कर्ष हासिल गर्न सकेको छैन । वास्तवमा भन्ने हो भने **मेरो कविताको आराधना**ले सिर्जेको लघुमोडको अवधि वि. सं. २०२३-२९ चाहिँ नेपालीका आत्मकथाको विकासको निम्ति अभूतपूर्व अवधि हो । यस अवधिमा गोपालदास श्रेष्ठद्वारा अनूदित जाँज्याक रुसोको **कन्फेक्सन** (वि. सं. २०२९) प्रकाशित भयो र यो नै आजसम्म प्राप्य नेपाली आत्मकथाहरूमध्येको सर्वोत्कृष्ट रूप हो । यसको कथात्मक गुम्फन, चरित्रचित्रण, घटना, वर्णन, भावविस्तार, वातावरण (देशकाल, परिस्थितिको समायोजन, कुतूहलता, द्वन्द्व, सङ्घर्ष र यथा सत्यात्मकताको भरपर्दो दाबीले यसलाई अत्यन्त सुन्दर र उत्कृष्ट आत्मकथात्मक रूप संरचना प्रदान गरेको छ ।"[४६]

यसपछि सङ्ग्रह प्रकाशनबाट थुप्रै आत्मकथाहरू प्रकाशित भएका पाइन्छन् । देवीप्रसाद शर्माको **हवल्दार देवीप्रसाद** (वि. सं. २०३०), हरिहर शास्त्रीको **हरिहर शास्त्री** (वि. सं. २०३०), शङ्कर कोइरालाको **शङ्कर कोइराला** (वि. सं. २०३०), शङ्कर लामिछानेको **शङ्कर लामिछाने** (वि. सं. २०३२), साम्बभक्त सुवेदीको **साम्बभक्त सुवेदी** (वि. सं. २०३२), धरणीधर कोइरालाको **धरणीधर कोइराला** (वि. सं. २०३३), नरपति शर्माको **नरपति शर्मा पोखरेल** (२०३५), भरतराज पन्तको **भरतराज पन्त** (वि. सं. २०३८), अलि मियाँको **अलि मियाँ** (वि. सं. २०३८), दमनराज तुलाधरको **दमनराज तुलाधर** (वि. सं. २०३९) र मुक्तिनाथ तिमसिनाको **मुक्तिनाथ तिमसिना** ( वि. सं. २०४०) आदि हुन् । "सङ्ग्रहको प्रकाशनले नेपाली आत्मकथा साहित्यको निकै सङ्ख्यात्मक वृद्धि गरे पनि यसका अधिकांश आत्मकथाहरू खोज्दा कुनै न कुनै रूपमा दुर्घटित छन् । कवितासङ्ग्रहको प्रकाशन गर्न खोज्दा **हवल्दार देवीप्रसाद**मा पत्रात्मक लघु आत्मकथा पनि छापिन पुग्नु एउटा संयोग मात्र थियो भने आत्मकथा नै भनेर छापिएको **हरिहर शास्त्री** को

[४५] ऐजन, पृ. २९९ ।

[४६] ऐजन, ३०० ।

सङ्क्षिप्त रूपले गर्दा यो अपर्याप्तताको दोषले युक्त छ जसले गर्दा यो जीवनवृत्त बायोडाटा मूलक मात्र बन्न गएको छ ।"[४७] **शङ्कर कोइराला**, **शङ्कर लामिछाने**, **साम्बभक्त सुवेदी**, **अलि मियाँ**, आदि आत्मकथा लघु कायले गर्दा नै दुर्घटित हुन पुगेका छन् भने **धरणीधर कोइराला**ले पनि कसिलो सम्प्पादनको अभावमा गतिलो संरचना प्राप्त गर्न सकेन । "नरपति शर्मा पोखरेल, छविलाल पोखरेल र मुक्तिनाथ तिमसिनाको भग्नक्रमका भावनाविहीन खुकुलो विवरणात्मकताले साहित्यिक साजसज्जा गुमाएको छ भने झ्वाट्ट हेर्दा प्रत्यक्षतः केही सुन्दर प्रतीत हुने दमनराज तुलाधरको अति आत्मश्लाघा र उत्तरार्द्धको अति विवरणात्मकताले यसलाई पनि साहित्यिक उच्चताबाट विमुख तुल्याएको छ ।"[४८] यस प्रकाशनका आत्मकथाहरूमध्ये **भरतराज पन्त** (वि. सं. २०३८) सफल आत्मकथा  हो ।

सङ्ग्रह प्रकाशनका कृतिलाई पन्छाएपछि यस दशकमा केही उपलब्धिपूर्ण आत्मकथाहरू प्रकाशित भएका छन् । खड्गमान सिंहको **जेलमा बीस वर्ष** (वि. सं. २०३१), केदारमणि आचार्य दीक्षितको **आफ्नै कुरा** (वि. सं. २०३४), दिलबहादुर नेवारको **मेरा बितेका दिनहरू** (वि. सं. २०३४-३९), भुवनलाल प्रधानद्वारा सम्पादित चन्द्रकान्ता मल्लको **मेरो आत्मकथा** (वि. सं. २०३६) र विश्वेश्वरप्रसाद कोइरालाको **आफ्नो कथा** (वि. सं. २०४०) । यी प्रत्येक आत्मकथाहरूका आआफ्नै विशेषताहरू छन् । **जेलमा वीस वर्ष** (वि. सं. २०३१) आत्मकथाले नेपाली आत्मकथालाई नयाँ र सघन विषयवस्तु दिएको छ भने केदारमणि आचार्य दीक्षितको **आफ्नै कुरा**ले पनि विषयवस्तु नवीनता प्रस्तुत गरेको छ । यसले अनुक्रमणिका प्रस्तुत गर्ने प्रयास गरेर नेपाली आत्मकथाहरूको भौतिक अभाव पक्षलाई पनि सङ्केत गरेको छ । दिलबहादुर नेवारको **मेरा बितेकाका दिनहरू** (वि. सं. २०३४-३९) पनि विषयवस्तु र प्रस्तुतीकरणमा बेग्लै रौनक लिएर देखापरेको छ । यस आत्मकथा साहित्यले नेपाली साहित्यमा दुर्लभ विषयवस्तु नै प्रस्तुत गरेको छ भने **मेरो आत्मकथा** ले राणाकालीन नेपाली सामाजिक, पारिवारिक जीवन, नारीहरूको दीनहीन अवस्था, राणावर्गीय कुनियत प्रभृत्ति झल्कने गरी व्यथित नारी-जीवन र सङ्घर्षको चित्रण गरेको छ ।

---

[४७] ऐजन, ३०१ ।

[४८] ऐजन, पृ. ३०४ ।

नेपाली आत्मकथाको विकासमा अर्को महत्वपूर्ण घुम्ती हो । विश्वेश्वरप्रसाद कोइरालाको **आफ्नो कथा** (वि. सं. २०४०) । यसमा औपन्यासिक शैली र संरचना, प्रभावोत्पादकता, भावनात्मकता, चरित्रचित्रण, यर्थार्थाङ्कनप्रतिको सचेतताजस्ता गुण पाईए तापनि यसको अघुऱ्याँइले गर्दा यो आत्मकथा सफल बन्न सकेन । धेरै हदसम्म यो **कन्फेक्सन** सित तुलनीय र समकक्षीय भए पनि सर्वोत्कृष्ट आत्मकथा **कन्फेसन्स** रह्यो ।

## ४.५ २०४० पछिका नेपाली आत्मकथा साहित्यको गतिविधि

वि. सं. २०४० पछि नेपाली आत्मकथा साहित्यमा देखापर्ने प्रथम आत्मकथा हो : वासु पासाको **फर्केर हेर्दा** (वि. सं. २०४४ फागुन) । २०४० देखि तीन साल शून्य रही वि. सं. २०४४ मा यो कृति प्रकाशित भएको पाइन्छ । यस कृतिलाई आत्मकथाकार स्वयम्ले आत्मकथा नभनेर **संस्मरण** भनेका छन् तर यो संस्मरण भनई आत्मकथा हो किनकि यसमा लेखकको जन्मदेखि लिएर बुढ्यौलीसम्मको लामो कालखण्डलाई उमेरवृद्धि क्रमअनुसार चित्रित गरिएको छ । यो एक राजनीतिक व्यक्तित्वको आत्मकथा भएकाले यसमा २००७ सालको जनक्रान्ति, २०१५ सालको चुनावलगायत त्यसै सेरोफेरोका घटनाहरू पाइन्छन् । यस आत्मकथामा आत्मकथाकारले भएनभएको कुरा जोडेर आफूलाई उच्च व्यक्तित्वको रूपमा स्थापित गर्न खोज्दा यसको साहित्यिक गरिमा खस्केको प्रस्टै देखिन्छ । यस आत्मकथाको दोस्रो भाग 'फेरि फर्केर हेर्दा' वि. सं. २०५६ सालमा प्रकाशित भएको पाइन्छ । यसलाई आत्मकथाकारले संस्मरण नै मानेका छन् र यो कृति संस्मरण नै हो किनकि यसमा आत्मकथात्मक स्वरूप देख्न पाइँदैन ।

यसपछि देखापरेको अर्को आत्मकथा हो : हरि श्रेष्ठको **अतीतका स्मृति** (वि. सं. २०४६) । आत्मकथाकारले यो आत्मकथा आफैले लेखेका भए पनि यो आत्मकथा प्रस्तुत गर्दा उनले उषा बहिनीलाई सम्बोधन गरेजस्तो गरी लेखेर नयाँपन थपेका छन् । आत्मकथाकार रेडियोकर्मी हुन् । यसमा नेपालको सञ्चार व्यवस्थाको प्राथमिक अवस्थामा रेडियो नेपालका विभिन्न घटनाप्रतिघटनासँगको सङ्घर्षहरू, महाकवि देवकोटाका अनेक मार्मिक प्रसङ्गहरू प्रस्तुत भएकाले यसको विषयवस्तु चाखलाग्दो छ तर अनेकौं असम्बन्धित प्रसङ्गका कारण यसको अन्त:संरचना कमजोर देखिन्छ भने यसको अन्त पनि अधुरो नै लाग्दछ ।

यस दशकको अन्तिम आत्मकथाको रूपमा भरतराज पन्तको **भरतराज पन्त**(वि. सं. २०४९ असार) देखापर्दछ । यो कृति पन्तको आत्मकथाको दोस्रो संस्करण हो । लेखकको आत्मकथाको पहिलो स्वरूपको प्रकाशन वि. सं. २०३८ मा भएको पाइन्छ । त्यसैमा केही कुराहरू थपथाप गरी यो संस्करण तयार भएको हो । यस संस्करणमा आत्म सङ्कोचको प्रधानता पाइन्छ किनकि पहिलो भागमा उठेका केही प्रश्नहरूको शमन यसमा भएको छैन । जस्तै उनकी छोरीलाई दुईपटक कुमारी आमा बनाउने व्यक्ति को थियो ? छोरीको बिहे भयो कि भएन ? इत्यादि प्रश्नको उत्तर यस संस्करणमा पनि पाइँदैन । भरतराज पन्तलाई पछ्याउँदै शङ्कर कोइराला पनि आफ्नो आत्मकथाको दोस्रो संस्करण लिएर देखापर्दछन् । पहिलो संस्करणमा केही कुराहरू थपथाप गरेर यो संस्करण प्रकाशन भएको पाइन्छ तर कुनै नयाँपन भने पाइँदैन ।

लामो समयपछि नेपाली आत्मकथा साहित्यमा नारी आत्मकथाकारका आत्मकथा देखापर्दछन् । ती हुन् : मङ्गलादेवी सिंहको **नारी सङ्घर्षका पाइलाहरू** (वि. सं. २०५१), शान्ता पोखरेलको **जीवनका डोबहरू** (वि. सं. २०५२) । चन्द्रकान्ता मल्लको **मेरो आत्मकथा** (वि. सं. २०३६) देखि यता लगभग चौधपन्ध्र वर्षको समयावधिसम्म कुनै नारी आत्मकथाकारका आत्मकथा नदेखिएपछि यी दुई कृतिहरू देखापरेका हुन् । मङ्गलादेवी सिंहले आलङ्कारिक भाषाको प्रयोग गरेर आफ्नो आत्मकथालाई निकै आकर्षक बनाएकी छिन् तथापि एउटा स्वाभाविक प्रश्न के उठ्छ भने यस्तो भाषा प्रयोग गर्नका लागि आत्मकथाकार शिक्षित हुनुपर्दछ वा अभ्यास भएको हुनुपर्दछ तर उनले यस कृतिमा आफूले केवल सामान्य रूपमा मात्रै पढ्न पाएको कुरो उल्लेख गरेकी छिन् भने कहीकतै ती लेखिकाले लेखेका अन्य लेख वा सामग्रीहरू बारेमा पनि केही जानकारी पाइँदैन । केवल सामान्य अक्षर मात्र चिन्ने लेखिकाले यस्तो भाषाको प्रयोग गरेर आत्मकथा लेख्नु विश्वसनीय मान्न सकिन्न भने यसको अन्त पनि अचानक भएको छ । यसैसँग देखापरेको अर्को कृति शान्ता पोखरेलको **जीवनका डोबहरू**मा खासै नयाँपन पाउन सकिन्न । यसमा आत्मकथाकारले आफ्नो विगत जीवनका मूलभूत घटनाहरूलाई सम्झेजस्तो किसिमले सरसरती प्रस्तुत गरेकी छिन्; जसले गर्दा यो कृतिले आकर्षण गुमाउन पुगेको देखिन्छ ।

यसै दशकमा देखापरेका अन्य आत्मकथाहरू हुन् भूपालमान सिंह कार्कीको **मेरो जीवन यात्रा** (वि. सं. २०५४), गणेशमान सिंहको **मेरो कथाका पानाहरू** (वि. सं. २०५५) असोज), रामहरि शर्मा नेपालको **आत्मवृत्तान्त** (वि. सं. २०५९ असार), न्हुच्छेबहादुर बज्राचार्यको **मेरा कथाका पानाहरू** (वि. सं. २०५९), कृष्णचन्द्रसिंह प्रधानको **नफर्कने ती दिनहरू** (वि. सं. २०५९० आदि । यी मध्ये **मेरो जीवन यात्रा**, **मेरो कथाका पानाहरू**, **आत्मवृत्तान्त** राजनीतिक व्यक्तिहरूको आत्मकथा हो भने **मेरा कथाका पानाहरू** सामाजिक कार्यकर्ताको आत्मकथा हो । यी आत्मकथामध्ये प्रायः सबैजसो आत्मकथामा धेर वा थोर रूपमै भए पनि वि. सं. २००७ साल अगाडिका प्रशासनिक, सामाजिक गतिविधि, २००७ को जनक्रान्ति र त्यसपछिका केही राजनीतिक क्रियाकलापको अङ्कन भएको छ । भूपालमानसिंह कार्कीको **मेरो जीवन यात्रा** लगभग ६०० पृष्ठ ओगटेको वृहत स्वरूपको आत्मकथा हो । यसभन्दा अघि नेपाली आत्मकथा साहित्यमा यत्रो पृष्ठ ओगटेको कुनै आत्मकथा पाइँदैन । विषयवस्तुको बृहतता, विविधता, उल्लेख्य चरित्रचित्रणजस्ता गुणहरू यसमा रहेका छन् तर उत्तरार्धको विवरणात्मकता र आत्मश्लाघाले यसलाई कमजोर बनाएको छ । गणेशमान सिंहको **मेरो कथाका पानाहरू** र न्हुच्छेबहादुर बज्राचार्यको **मेरा कथाका पानाहरू**मा आत्मकथाको विषयवस्तु चाखलाग्दो नै भए पनि त्यहाँ लुकाउने र छिपाउने प्रवृत्ति नै ज्यादा देखिन्छ । कृष्णचन्द्रसिंह प्रधानको आत्मकथाले सकारात्मक सन्देश दिएको पाइन्छ । दुःख आए पनि मान्छेले धैर्य गर्नु सिक्नुपर्दछ भन्ने सन्देश दिएको छ । रामहरि शर्मा नेपालको **आत्मवृत्तान्त** साधारण भाषाशैलीमा लेखिए पनि पढ्दा चाखलाग्दो छ ।

वि. सं. २०६० मा बुलु शर्माको **छुटेका पाइलाहरू** आत्मकथा प्रकाशित भएपछि नारी आत्मकथाकारका थुप्रै आत्मकथाहरू देखापर्दछन्, जसमा रुकु कार्कीको **आफ्नै जीवन र अनुभूति** (वि. सं. २०६२), अलका आत्रेय चूडालको **बाल्यकालसँग लोभिँदै बाल्यकालमा** (वि. सं. २०६३) हुन् । **छुटेका पाइलाहरू** आत्मकथा विषयवस्तुको प्रस्तुतीकरण र रोचकताका दृष्टिले सफल छ तर उत्तरार्धमा देखापरेका अनेकौं असम्बन्धित प्रसङ्गहरूले गर्दा यसको संरचना कमजोर भएको छ । अलका आत्रेय चूडालको **आत्मकथा** सुन्दर शैली, प्रभावकारी अभिव्यक्ति र भाषिक मिठासको कारण आकर्षक बनेको छ तर रुकु कार्कीको र धनमाया प्रसाईंको आत्मकथामा विवरणात्मकता बढी पाइन्छ जसमा भावको विस्तारमा अभाव देखिन्छ । धनमाया प्रसाईंको **मेरो**

**जीवनका अनुभूति**बाट नेपाली आत्मकथा साहित्यमा नयाँ प्रवृत्तिको सूत्रपात भएको पाइन्छ त्यो हो निरक्षर र नाम नचलेका साधारण व्यक्तिको आत्मकथा प्रकाशित हुनु । **धन**की धनमाया तामाङ्ग र **मेरो जीवनका अनुभूति**की धनमाया प्रसाईं निरक्षर नारी हुन् । जसले सामान्य अक्षर पनि चिन्न सक्दैनन् ।

वि. सं. २०६० देखि २०६३ सालसम्म देखापरेका अन्य आत्मकथाहरू हुन् योगी विकासानन्दको **बाललीला भाग १** (वि. सं. २०६०), हर्षध्वज राईको **बितेका बेलीविस्तार** (वि. सं. २०६०), सुब सेनको **मेरा कथाहरूको कथा** (वि. सं. २०६१), प्रकाशमान सिंह प्रधानको **मेरो जीवन : मेरो अनुभूति** (वि. सं. २०६१), धर्मनारायण प्रधानको **म र मेरो अनुभूति** (वि. सं. २०६१), बासुदेव शर्मा 'तुफान'को **मेरो कथा** (वि. सं. २०६२), दयानन्द बज्राचार्यको **वैज्ञानिक गोरेटोमा** (वि. सं. २०६२), श्यामकष्ण जेष्ठको **मेरो जागिरे जीवन** (वि. सं. २०६२), बाबुराम पोखेलको **भएगरेका कुरा** (वि. सं. २०६३), होराप्रसाद जोशीको **नबिर्सने ती दिनहरू** (वि. सं. २०६३), गणेश रसिकको **दसगजमा उभिएर** (वि. सं. २०६३) ।

**बाललीला भाग १** मा यथार्थङ्कनप्रतिको सचेतता वा निर्भीकता पाइन्छ । **बितेका बेलीविस्तारमा**मा पाइने यौनचारका हक्की चित्रणले नेपाली आत्मकथामा नयाँपन थपेको देखिन्छ भने सुबसेनको **मेरा कथाहरूको कथा**ले पनि विषयवस्तुको नवीनता प्रस्तुत गरेको छ । यसले अनुक्रमणिका प्रस्तुत गरेर नयाँपन देखाएको छ । यसको विपरीत प्रकाशमानसिंह प्रधानको **मेरो जीवन : मेरो अनुभूति** र धर्मनारायण प्रधानको **म र मेरो अनुभूति**मा कुनै नयाँपन पाउन सकिँदैन । आफूले सम्भेका कुराहरूलाई खरखरी लेखेको हुनाले **मेरो जीवन : मेरो अनुभूति**मा कुनै आकर्षण छैन भने धर्मनारायण प्रधानको आत्मकथा सङ्क्षिप्तताले गर्दा कमजोर बनेको छ । वैज्ञानिकको आत्मकथा भए पनि **वैज्ञानिक गोरेटोमा** कतिपय कुराहरूमा आत्मसङ्कोचको प्रबलता पाइन्छ । यस्तै होराप्रसाद जोशीको **नबिर्सने ती दिनहरू** साहित्यिक दृष्टिले सफल छैन । यसको गालीगलौज पूर्ण राजनीतिक प्रचारात्मक उद्देश्यले पनि यसलाई साहित्यिक गरिमाबाट पर राख्दछ । बाबुराम पोखेलको **भएगरेका कुराहरू**मा विषयवस्तु रोचकता नहुने त छँदैछ, प्रस्तुतीकरण पनि निकै अरोचक छ । यसको विपरीत वासुदेव शर्मा 'तुफान'को **मेरो कथा** को विषयवस्तु, प्रस्तुतीकरणका दृष्टिले सुन्दर छ तर यसको संरचना कमजोर भएकोले यो कृति सफल बन्न सकेको देखिन्न । यो आत्मकथा भएर पनि भ्रमण वृत्तान्तको बढी नजिक छ ।

यस अवधिमा केही महत्त्वपूर्ण आत्मकथाहरू प्रकाशित भएका छन् । जस्तै वी. पी. कोइरालाको **विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त** (वि. सं. २०५५), रमेश विकलको **मेरो अविरल जीवनगीत** (वि. सं. २०६०), गणेश रसिकको **दस गजामा उभिएर** (वि. सं. २०६३), श्यामकृष्ण श्रेष्ठको **मेरो जागिरे जीवन** (वि. सं. २०६३) । यी आत्मकथाहरूमध्ये कुनै एउटै आत्मकथाले अति महत्ता वा उत्कृष्टता प्राप्त गर्न नसके पनि कुनैकुनै रचनाले एकआध पक्षमा नौल्याइँ थपेका छन् । जस्तै : वी. पी. कोइरालाको आत्मकथामा यथार्थङ्कनप्रतिको सचेतता वा निर्भीकता प्रशस्त पाउन सकिन्छ तर यसको अधुऱ्याइँले गर्दा यो कमजोर कृति बन्न पुगेको छ ।

रमेश विकलको **मेरो अविरल जीवनगीत**मा पाइने महत्त्वपूर्ण विशेषता हो : आफ्नो यौनभोगको निर्वाध चित्रण र साथै यसको प्रकृति चित्रण पनि उल्लेखनीय छ तर यसमा आत्सङ्कोचको प्रवृत्ति नदेखिने चाहिँ होइन । **मेरो जागिरे जीवन** र **दस गजामा उभिएर** आत्मकथाले नेपाली आत्मकथा साहित्यलाई नयाँ विषयवस्तु दिएको छ, जसमा आत्मकथाकारले तत्कालीन समाज, जागिरे प्रतिको मोह र त्यस सम्बन्धमा देखापरेका अनेकौं समस्यालाई निकै राम्ररी प्रस्तुत गरेका छन् । **दस गजामा उभिएर** आत्मकथा करुण प्रवाहले भरिपूर्ण छ । यसमा सुरुदेखि अन्त्यसम्म दुःख पाएको व्यक्तित्वको करुण कथा छ; जुन पढ्दा निकै मर्मस्पर्शी रहेको छ । कलात्मक भाषा, सुन्दर शैली, भावको विस्तार यसका महत्त्वपूर्ण पक्षहरू हुन् ।

## ४.६ वि. सं. २०४० पछिका नेपाली आत्मकथा साहित्यको मूल्याङ्कन

नेपाली आत्मकथाको सबैभन्दा प्राचीन रूप खोज्दा पृथ्वीनारायण शाहको **दिव्योपदेश**सम्म पुग्नुपर्दछ, जसको रचनाकाल अनुमानित वि. सं. १८३१ तिर मानिन्छ । यद्यपि यो असचेत लेखनी थियो । नेपाली आत्मकथाको सचेत लेखनीको थालनी भने चिरञ्जीवी शर्मा पौड्यालको **आफ्नु कथा** (रचना वि. सं. १९७४, प्रकाशन वि. सं. २०१४) बाट भएको हो । त्यससमयदेखि सुरु भएको नेपाली आत्मकथाले माध्यमिक कालसम्म (वि. सं. १९७४-२०१५) को लामो दूरी पार गरी सक्दा पनि आफ्नो कुनै प्रगति देखाउन सकेन । त्यस समयमा आत्मकथात्मक गतिविधिहरू निकै कम मात्र भए । लगभग चार दशकको समयावधिमा केवल चारपाँचवटा मात्रै आत्मकथाहरू देखापरे । यसरी माध्यमिक कालमा चिप्लेकीराको गतिमा अगाडि बढेको नेपाली आत्मकथा साहित्यले आधुनिक कालमा प्रवेश गरिसकेपछि भ्यागुत्तो उफ्राइको गतिमा आफूलाई अगाडि बढाएको पाइन्छ । भनाइको आशय के हो भने माध्यमिक

कालमा नेपाली आत्मकथा साहित्यमा आत्मकथाको खडेरी परेको जस्तो देखिन्थ्यो । चार दशकमा केवल चारवटा मात्रै आत्मकथा देखापर्नुले पनि यो कुराको पुष्टि हुन्छ । नेपाली आत्मकथा साहित्यले आधुनिक कालमा प्रवेश गरिसकेपछि भने आत्मकथाको बाढी नै उर्लेर आएको जस्तो देखिन्छ । नेपाली आत्मकथाको प्राचीन रूप **दिव्योपदेश**देखि समय निर्धारण गरेर वि. सं. २०४० सालसम्मको लगभग दुई शताब्दी सम्मको लामो समयावधिमा केवल ३३ वटा मात्रै आत्मकथाहरू प्रकाशित भएका देखिन्छन् भने वि. सं. २०४१ देखि २०६२/०६३ अर्थात् दुई दशकभन्दा अलि बेसीको समयावधिमा ३० वटा आत्मकथाहरू प्रकाशित भएका छन् । सुरुको दशकमा तेह्रवटा आत्मकथाहरू प्रकाशित भए । यसभन्दा आश्चर्यजनक एउटा तथ्य के छ भने २०६१-२०६३ को लगभग ३ वर्षको समयावधिमा सबैभन्दा बढी चौधवटा आत्मकथाहरू प्रकाशित भएका छन् । आधुनिक कालमा त्यसभन्दा अझैं वि. सं. २०४० पछि नेपाली आत्मकथा साहित्यको क्षेत्रमा आत्मकथाको बाढी नै आएको कुरो अनुमान गर्न गाह्रो छैन ।

यस समयमा नेपाली आत्मकथाले निकै प्रगति गरेको देखिन्छ । नेपाली आत्मकथा साहित्यले विषयवस्तुमा विविधता, विस्तृतता पनि पाएको छ । लगभग ४८ पेजमा संरचित **शङ्कर कोइरालाको आत्मकथा**देखि लिएर ६०० पृष्ठमा संरचित भूपालमान सिंह कार्कीको **मेरो जीवनयात्रा** मात्र नभई १३०० पृष्ठमा संरचित बृहत् आकार भएको सुबसेनको आत्मकथा **मेरा कथाहरूका कथा** पनि देखापर्दछ । विषयवस्तुमा पनि निकै विविधता देखापरेको छ । चाहे राजनीतिक विषयवस्तु होस्, सामाजिक विषयवस्तु होस् वा जागिरे जीवनको विषयवस्तु नै किन नहोस् सबै विषयवस्तु त्यस समयका आत्मकथाले ओगटेको छ ।

यस समयका आत्मकथाले समाजका सम्पूर्ण वर्गहरूको प्रतिनिधित्व गरेको छ । चाहे एउटा वैज्ञानिकको आत्मकथा **वैज्ञानिक गोरेटोमा** वा साहित्यकारको आत्मकथा **मेरो अविरल जीवनगीत**, **नफर्कने ती दिनहरू** नै किन नहोस् । यस समयमा नेपाली आत्मकथा साहित्यले नेपाली साहित्यका प्रख्यात साहित्यकारलाई आफ्नो साधक बनाएको छ । देशका ठूलाठूला नेताहरू पनि यस समयमा आफ्ना आत्मकथाहरू लिएर देखापरेका छन् । ती हुन : वी. पी. कोइराला, गणेशमान सिंह, मङ्गलादेवी इत्यादि । सामाजिक कार्यकर्ता वा शिक्षक र निरक्षर नारी वा कुटनैतिक व्यक्तित्व इत्यादि सबैको आत्मकथा यस समयमा प्रकाशित भएको पाइन्छ । यस समयमा देखापरेको अर्को महत्त्वपूर्ण पक्ष हो : निरक्षर नारीहरूको आत्मकथा प्रकाशित

हुनु । चाहे त्यो धनमाया तामाङको **धन** होस् वा धनमाया प्रसाईंको **मेरा जीवनका अनुभूति** नै किन नहोस् ।

यस समयमा नारी आत्मकथाकारहरू पनि प्रशस्तै देखापरेका छन् । नेपाली आत्मकथाको प्रारम्भदेखि वि. सं. २०४० अघि केवल दुईजना नारी आत्मकथाकारका आत्मकथा देखापरेको थियो भने अहिलको लगभग २२/२३ वर्षको अवधिमा सातजना नारी आत्मकथाकारका आत्मकथाहरू देखापरेका छन् । नाम नचलेका साधारण व्यक्तिदेखि लिएर राष्ट्रिय जीवनमा निकै ख्याति प्राप्त गरेका आत्मकथाकारका आत्मकथाहरू यस समयमा प्रशस्तै पाइन्छन् ।

यस समयमा देखापरेको अर्को महत्त्वपूर्ण प्रवृत्ति हो : आत्मकथाको सिद्धान्तमा सचेतता । यस समयमा धेरैजसो आत्मकथाकारले (केही अपवादलाई छोडेर) आत्मकथाको सिद्धान्तअनुसार नै आत्मकथा लेखेका देखिन्छन् । यस समयका आत्मकथालाई अध्ययन गर्ने हो भने आत्मकथाको सिद्धान्तमा सचेतता आएको देखिन्छ । व्यक्तिगत गोप्य जीवनको स्वीकारोक्तिमा पनि निर्भीकता देख्न सकिन्छ भने अर्काका बारेमा भन्ने निर्भीकता पनि यस समयका आत्मकथामा पाइन्छ ।

भाषा र शैलीका दृष्टिले हेर्ने हो भने केही आत्मकथा छाडेर धेरैजसो आत्मकथाको भाषामा आधुनिक रूप नै देखापर्दछ । शैलीका दृष्टिले हेर्दा प्रायः आत्मकथामा प्रयोग हुने उत्तम पुरुष प्रधान शैलीको भाषा प्रयोग भएको पाइन्छ । अपवादको रूपमा हरि श्रेष्ठको **अतीतका स्मृतिमा** प्रत्यक्ष शैलीको प्रयोग भएको छैन भने हर्षध्वज राईको आत्मकथा **बितेका बेलीविस्तार**मा पनि त्यही प्रवृत्ति देख्न सकिन्छ ।

यसरी कुनै एउटा आत्मकथाले उत्कृष्टता प्राप्त गर्न नसके पनि केही रचनाले केही न केही पक्षमा नयाँपन थपेका छन् । कुनै पनि आत्मकथा सम्पूर्ण रूपले उत्कृष्ट हुन सकेका छैनन् । आशा गरौं भविष्यमा आउने कुनै नयाँ मौलिक आत्मकथाले सबै कुरामा उत्कृष्टता हासिल गर्न सकोस् ।

# पाँचौं परिच्छेद

## उपसंहार

पहिलो परिच्छेदअन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदअन्तर्गत आत्मकथाको सैद्धान्तिक स्वरूपको बारेमा चर्चा गरिएको छ । साहित्यका श्रव्य, दृश्य र पाठ्य गरी तीन भेद रहेका छन् पाठ्य भेदका पनि गद्य, पद्य र गद्यपद्य मिश्रित गरी तीन उपभेदहरू छन् । आत्मकथालगायत जीवनी, संस्मरण, विवरण, अन्तर्वार्ता, पत्रसाहित्य, शब्दचित्र, रोजनाम्चा आदि विधाहरू त्यही पाठ्य भेदको गद्य उपभेदअन्तर्गत पर्दछन् जसलाई सगोलमा अन्यविधा भन्ने नाम दिइएको छ । भुक्त जीवनकथा, आख्यानात्मकता, गद्यमयता, विकाशील अवस्था आदि यी अन्यविधाका विशेषताहरू हुन् । यसरी केही कुरामा यी अन्यविधामा समानता देखिए तापनि यिनीहरूको तुलना गर्दा असमानताहरू पनि देखापर्दछन् ।

सामान्यतया आफैँले बनाएको आाफ्नै वृत्तान्तलाई आत्मकथा भनिने प्रचलन छ तर साहित्यमा आत्मकथा भन्नाले लेखकले उत्तम वा प्रथम पुरुष शैलीमा आफ्नो जीवनवृत्तान्त लेखेको रचना भन्न बुझिन्छ । अङ्ग्रेजीमा Autobiography भनेर चिनिने यो विधाको नेपालीमा प्रचलित नाम आत्मकथा हो । जसरी प्रत्येक साहित्यिक विधाका् आआफ्नै तत्त्व हुन्छन् त्यसरी नै आत्मकथाको पनि आफ्नै तत्त्व छ, जसको समुच्चय योगबाट यस विधाको स्वरूप निर्माण भएको देखिन्छ । जीवनभोगाइको वर्णन, परिवेश, तटस्थता, पात्र, सुसङ्गठन, भाषाशैली यसका तत्त्व हुन् ।

तेस्रो परिच्छेदअन्तर्गत वि. सं. २०४० सालपछिका नेपाली आत्मकथा ग्रन्थको कालक्रमिक विवरण दिइएको छ । वि. सं. २०४१ देखि २०६३ सालसम्म तीसवटा आत्मकथाहरू देखापरेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । ४० को दशकमा जम्माजम्मी तीनवटा आत्मकथाहरू प्रकाशित भएका छन् । ती हुन् : वासु पासाको **फर्केर हेर्दा** (वि. सं.

२०४४), हरि श्रेष्ठको **अतीतका स्मृति** (वि. सं. २०४६), भरतराज पन्तको **भरतराज पन्त** (वि. सं. २०४९) । त्यसपछिको एक दशकभित्र नौवटा आत्मकथाहरू देखापरेका छन् : शङ्कर कोइरालाको **शङ्कर कोइराला** (वि. सं. २०५०), मङ्गलादेवी सिंहको **नारी सङ्घर्षका पाइलाहरू** (वि. सं. २०५१), शान्ता पोखरेलको **जीवनका डोबहरू** (वि. सं. २०५२), भूपालमानसिंह कार्कीको **मेरो जीवन यात्रा** (वि. सं. २०५४), वी. पी. कोइरालाको **विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त** (वि. सं. २०५५), गणेशमान सिंहको **मेरा कथाका पानाहरू** (वि. सं. २०५५), कृष्णचन्द्रसिंह प्रधानको **नफर्कने ती दिनहरू** (वि. सं. २०५९), रामहरि शर्मा नेपालको **आत्मवृत्तान्त** (वि. सं. २०५९), न्हुच्छेबहादुर बज्राचार्यको **मेरो कथाका पानाहरू** (वि. सं. २०५९) हुन् । वि. सं. २०६० देखि २०६३ सम्मको समयावधिभित्र प्रकाशित भएका आत्मकथाहरू हुन् : योगी विकाशानन्दको **बाललीला भाग १** (वि. सं. २०६०), रमेश विकलको **मेरो अविरल जीवनगीत** (वि. सं. २०६०), हर्षध्वज राईको **बितेका बेलीविस्तार** (वि. सं. २०६०), बुलु शर्माको **छुटेका पाइलाहरू** (वि. सं. २०६०), धर्मनारायण प्रधानको **म र मेरो अनुभूति** (वि. सं. २०६१), सुबसेनको **मेरा कथाहरूका कथा** (वि. सं. २०६१), प्रकाशमान सिंहको **मेरो जीवन : मेरो अनुभूति** (वि. सं. २०६१), रूकु कार्कीको **आफ्नै जीवन र अनुभूति** (वि. सं. २०६२), दयानन्द बज्राचार्यको **वैज्ञानिक गोरेटोमा** (वि. सं. २०६२), वासुदेव शर्मा 'तूफान'को **मेरो कथा** (वि. सं. २०६२), धनमाया तामाङको **धन** (वि. सं. २०६३), धनमाया प्रसाईँको **मेरो जीवनका अनुभूति** (वि. सं. २०६३), अलका आत्रेय चूडालको **बाल्यकालसँग लोभिँदै बाल्यकालमा** (वि. सं. २०६३), श्यामकृष्ण श्रेष्ठको **मेरो जागिरे जीवन** (वि. सं. २०६३), बाबुराम पोखेलको **भएगरेका कुरा** (वि. सं. २०६३), कृष्णचन्द्रसिंह प्रधानको **जीन्दगीका टिपोटहरू** (भाग २, वि. सं. २०६३), गणेश रसिकको **दस गजामा उभिएर** (वि. सं. २०६३), होराप्रसाद जोशीको **नबिर्सने ती दिनहरू** (वि. सं. २०६३) ।

चौथो परिच्छेदअन्तर्गत नेपाली आत्मकथा साहित्यको मूल्याङ्कन दिइएको छ । नेपाली साहित्यको प्राथमिक कालमा आत्मकथा देखिएन । आत्मकथात्मक अभिव्यक्तिको प्रचलनको सङ्केत पृथ्वीनारायण शाहको **दिव्योपदेश**ले दिए तापनि त्यो असचेत लेखनी थियो । माध्यमिक कालमा आएर मात्रै सचेत रूपमा आत्मकथालेखनको थालनी भयो । सेचत रूपमा आत्मकथाको लेखनको थालनी चिरञ्जीवी शर्मा पौड्यालको **आफ्नु कथा** (रचना वि. सं. १९७४, प्रका.

२०१४) बाट भयो र त्यसले नेपाली साहित्यमा कुनै योगदान दिन पाएन । त्यसको लेखनी पहिले नै भए पनि प्रकाशन निकै ढिलो वि. सं. २०१४ मा आएर मात्रै भएको पाइन्छ । प्रथम प्रकाशित आत्मकथा हुने अवसर अज्ञात लेखकको **तपस्वीको अनुभव**ले प्राप्त गऱ्यो । माध्यमिक कालमा  प्रकाशित हुने अन्य आत्मकथाहरूमा काशीनाथ आ. दी.को **भएका कुरा** (रचना वि. सं. १९८८, प्रका. २०३१), कृष्णकुमारी कार्कीको **एक अवलाको शोकमयी जीवनी** (वि. सं. २००६) र खिदमत सुब्बा र प्रभाकर गुरुङद्वारा अनूदित **ढुङ्गाको देवता** (वि. सं. २०१२) हुन् ।

नेपाली आत्मकथा साहित्यमा आधुनिक कालको थालनी इन्द्र सुन्दासद्वारा अनूदित **सङ्क्षिप्त आत्मकथा** (वि. सं. २०१६) बाट भयो । यसपछि थुप्रै आत्मकथाहरू देखापरे । वि. सं. २०१६ देखि २०४० सम्मको अवधिमा २६ वटा आत्मकथाहरू देखापरे । तीमध्ये ६ वटा अनूदित आत्मकथा थिए भने २० वटा मौलिक आत्मकथा थिए । वि. सं. २०४० सम्म प्राप्त आत्मकथाहरूमध्ये सर्वश्रेष्ठ आत्मकथा गोपालदास श्रेष्ठद्वारा अनूदित जाँज्याक रुसोको **कन्फेसन्स** (वि. सं. २०२९) हो । वि. सं. २०४१ देखि २०६३ को समयावधिसम्म ३० वटा आत्मकथाहरू देखापर्दछन् । यस समयमा देखापरेका आत्मकथाहरूमा विषयको विविधता तथा विस्तृतता पाइन्छ । सानो स्वरूपको आत्मकथादेखि लिएर बृहत्, बृहत्तर स्वरूपसम्मका आत्मकथाहरू देखापरेका छन् भने विषयवस्तुमा पनि विविधता देखिएको छ । राजनीतिक, सामाजिक र जागिरे जुनसुकै विषयवस्तुलाई यस समयका आत्मकथाले आत्मसात गरेका छन् । समाजका सम्पूर्ण वर्गको प्रतिनिधित्व गर्न यस समयका आत्मकथाहरू सफल छन् । नारी आत्मकथाकार मात्र होइन, निरक्षर व्यक्तित्वको आत्मकथा देखापर्नु, आत्मकथाको सिद्धान्तप्रतिको सचेतता, व्यक्तिगत गोप्य जीवनको स्वीकारोक्तिमा निर्भीकताजस्ता प्रवृत्ति यस समयमा आत्मकथाहरूमा देखापर्दछन् ।

पाँचौं परिच्छेदमा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । साहित्यको नव्यविधाको रूपमा देखापरेको आत्मकथा नेपाली साहित्यको क्षेत्रमा पनि नयाँ विधा हो । कलात्मक तथा साहित्यिक ढङ्गबाट व्यक्ति स्वयम्ले लेखेको आफ्नो जीवनी नै आत्मकथा हो । यसका आआफ्नै तत्त्वहरू रहेका छन् । नेपाली साहित्यको क्षेत्रमा यो नयाँ विधा भएकाले यसको धेरै विकास भएको छैन । यसको सबैभन्दा पुरानो रूप पृथ्वीनारायण शाहको **दिव्योपदेश**लाई मानिन्छ । जसको रचनाकाल वि. सं. १८३१ मा थियो । त्यसलाई आधार मानेर वि. सं. २०४०

सालसम्मको समयलाई निर्धारण गर्दा दुई शताब्दीभन्दा लामो समयमा ३३ वटा आत्मकथाहरू प्रकाशित भएको पाइन्छ । नेपाली आत्मकथा साहित्यको प्राथमिक कालमा दुईवटा, माध्यमिक कालमा चारवटा, आधुनिक कालको सुरुआतदेखि अर्थात् वि. सं. २०१६ देखि २०४० सम्म २८ वटा आत्मकथाहरू प्रकाशित भएका थिए । वि. सं. २०४१ देखि २०६३ सालसम्म ३० वटा आत्मकथाहरू प्रकाशित भएका छन् । यस सयमका आत्मकथाले अधिक मात्रामा प्रगति गरे तापनि कुनै एउटा मौलिक आत्मकथाले उत्कृष्टता हासिल गर्न सकेको छैन । यस समयका कुनै न कुनै रचनाले केही न केही पक्षमा नयाँपन अवश्य थपेका छन् तर पूर्ण रूपमा सफल कुनै मौलिक आत्मकथा बन्न सकेका छैनन् । आशा गरौं भविष्यमा आउने कुनै नयाँ मौलिक आत्मकथाले सम्पूर्ण रूपमा उत्कृष्टता हासिल गर्न सफल होस् ।

# सन्दर्भग्रन्थसूची


अज्ञात अनुकर्ता (अनू.), **मेरो कथा**, काठमाडौँ : नेपाल भारत सांस्कृतिक केन्द्र, ई. १९६६ ।

अविरल, कृष्ण, **रक्तकुण्ड,** काडमाडौँ : कल्पना खनाल (भट्टराई), २०६३ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश,** काठमाडौँ : साभ्का प्रकाशन, २०४९ ।

कार्की, कृष्णमुरारी, **एक अवलाको शोकमयी जीवनी**, काठमाडौँ : स्वयम्, २००६ ।

कार्की, भूपालमानसिंह, **मेरो जीवन यात्रा**, काठमाडौँ : नइ प्रकाशन, २०५४ ।

कोइराला, विश्वेश्वर, **आफ्नो कथा**, काठमाडौँ : चेतना साहित्य प्रकाशन, २०४० ।

________________, **विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त** काठमाडौँ : जगदम्बा प्रकाशन, २०५५ ।

कोइराला, शङ्कर, **शङ्कर कोइराला**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०३० ।

________________, **शङ्कर कोइराला**, दो. सं., काठमाडौँ : ढुङ्गा अड्डा प्रकाशन, २०५० ।

चूडाल, अलका आत्रेय, **बाल्यकालसँग लोभिँदै बाल्यकालमा**, काठमाडौँ : रुद्रप्रसाद चूडाल, २०६३ ।

जोशी, होराप्रसाद, **नबिर्सने ती दिनहरू**, काठमाडौँ : जमुनाबाबा जोशी, २०६३ ।

ज्ञवाली, सूर्यविक्रम, (अनू.), **पारे धर्तीको पुरुषार्थ**, काठमाडौँ : नेपाल एकेडेमी, २०१८ ।

भ्फाँक्री, रेनवीरसेना वोखिम, **मैले ईश्वर कसरी पाएँ ?**, दार्जिलिङ : नेपाली इसाई साहित्य सङ्घ, ई. १९६२ ।

त्रिपाठी, वासुदेव, 'साहित्यका मूलभूत विधाका सापेक्षतामा अन्यविधाको रेखाङकन', **अरुणोदय**, (वर्ष ११, अङ्क २, २०३१) ।

तामाङ, धनमाया, **धन**, काठमाडौँ : आशबहादुर तामाङ, २०६३ ।

तिमसिना, मुक्तिनाथ, **मुक्तिनाथ तिमसिना**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०४० ।

तुफान, बासुदेव शर्मा, **मेरो कथा,** काठमाडौँ : मङ्गला शर्मा, २०६३ ।

तुलाधर, दमनराज, **दमनराज तुलाधर**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०३९ ।

दीक्षित, केदारमणि आचार्य, **आफ्नै कुरा**, ललितपुर : स्वयम, २०३४ ।

दीक्षित, नरेन्द्रमणि आचार्य, (सम्पा.), **भएका कुरा**, काठमाडौँ : नरेन्द्रमणि आ. दी., २०३१ ।

देवीप्रसाद, हवल्दार, **देवीप्रसाद हवल्दार**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०३० ।

नेपाल, रामहरि शर्मा, **आत्मवृत्तान्त**, काठमाडौँ : आत्मवृत्तान्त अभिलेख सेवा, २०५९ ।

नेवार, दिलबहादुर, **मेरा बितेका दिनहरू**, (पहिलो भाग), सिलाङ : नेपाली साहित्य सृजन समिति, २०३७ ।

पन्त, भरतराज, **भरताज पन्त**, दो. सं., ललितपुरः सङ्ग्रह प्रकाशन, २०३८ ।

___________, **भरतराज पन्त**, दो. सं., काठमाडौँ : ढुङ्गा अड्डा प्रकाशन, २०४९ ।

पाठक, मनमाया, **संस्मरणकार विश्वेश्वरप्रसाद कोइरालाको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्दीय विभाग, कीर्तिपुर, २०५६ ।

पासा, वासु, **फर्केर हेर्दा**, काठमाडौँ : प्रासा प्रकाशन, २०४४ ।

पोखेल, बाबुराम, **भएगरेका कुरा**, काठमाडौँ : दिनेशचन्द्र पोखेल, २०६३ ।

पोखरेल, बालकृष्ण, (सम्पा.), **नेपाली बृहत शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० ।

पोखेल, छविलाल, **छविलाल पोखेल**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०३८ ।

पोखेल, नरपति शर्मा, **नरपति शर्मा पोखेल**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०३५ ।

पोखरेल, शान्ता, **जीवनका डोबहरू**, काठमाडौँ : नारी साहित्य सेवा, २०५२ ।

पौड्याल, चिरञ्जीवी शर्मा, **आफ्नू कथा**, ललितपुर : विद्या दीक्षित, २०१४ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नफर्कने ती दिनहरू**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५९ ।

_______________, **जीन्दगीका टिपोटहरू**, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६३ ।

प्रधान, पारसमणि, **आफ्नो बारे** (१), ललितपुर : जगदम्बा प्रकाशन, २०२८ ।

प्रधान, प्रकाशमानसिंह, **मेरो जीवन : मेरो अनुभूति**, काठमाडौँ : जुनबाबा र प्रज्वलमान प्रधान, २०६१ ।

प्रधान, भिक्टर, **नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाठौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४ ।

प्रधान, भुवनलाल, **शहीद गङ्गा दशरथ**, काठमाडौँ : रुमु प्रकाशन, २०४९ ।

प्रधान, धर्मनारायण, **म र मेरो अनुभूति**, काठमाडौ : चन्द्रलेखा पाण्डे २०६१ ।

प्रसाईं, धनमाया, **मेरा जीवनका अनुभूति**, विराटनगर : वनिता प्रकाशन, २०६३ ।

बज्राचार्य, दयानन्द, **वैज्ञानिक गोरेटोमा**, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६२ ।

बज्राचार्य, न्हुच्छेबहादुर, **मेरा कथाका पानाहरू**, काडमाडौँ : मैत्री विद्यालय, २०५९ ।

मल्ल, चन्द्रकान्ता, **मेरो आत्मकथा**, काडमाडौँ : स्वयम्, २०३६ ।

माजदा, असद, **गद्यकी नवीन विधाएँ**, दिल्ली : ग्रन्थ अकादमी, ई. १९८६ ।

मियाँ, अली, **अली मियाँ**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०३८ ।

योगी, विकाशानन्द, **बाललीला भाग १**, काठमाडौँ : सुप्रवाह प्रकाशन, २०६० ।

रसिक, गणेश, **दजगजामा उभिएर**, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६३ ।

राई, हर्षध्वज, **बितेका बेलीविस्तार**, काठमाडौँ : गेसो, २०६० ।

रोका, रमेशचन्द्र, **पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५ ।

लामिछाने, शङ्कर, **शङ्कर लामिछाने**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०३२ ।

विकल, रमेश, **मेरो अविरल जीवनगीत**, काठमाडौँ : साझा प्रकाशन, २०६० ।

सम, बालकृष्ण, **मेरो कविताको आराधना** (उपासना १), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२३ ।

सिंह, खड्गमान, **जेलमा बीस वर्ष**, काठमाडौँ : स्वयम्, २०३१ ।

सिंह, गणेशमान, **मेरा कथाका पानाहरू**, भाग १, काडमाडौँ : आयाम पब्लिकेसन प्रा. लि., २०५५ ।

सिंह, मङ्गलादेवी, **नारी सङ्घर्षका पाइलाहरू**, काडमाडौँ : पी. एल्. सिंह, २०५१ ।

सुब्बा, खिदमत र प्रभाकर गुरुङ, (अनू.), **ढुङ्गाको देवता**, कलकत्ता : प्राची प्रकाशन, ई. १९५५ ।

सुन्दास,  इन्द्र, (अनू.), **सङ्क्षिप्त आत्मकथा**, काठमाडौँ : नेपालभारत मैत्री सङ्घ, २०१६ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

सुवेदी, साम्बभक्त शर्मा, **साम्बभक्त शर्मा, सुवेदी,** ललितपुर : सङ्ग्रह प्रकाशन, २०३२ ।

सेन, सुब, **मेरा कथाहरूको कथा**, काठमाडौँ : सुयशप्रताप सेन, २०६१ ।

शर्मा, प्रेमराज, (सम्पा.), **तपस्वीको अनुभव**, काठमाडौ : नेपाल भाषा प्रकाशिनी समिति, १९९३ ।

शर्मा, बुलु, **छुटेका पाइला**, काठमाडौँ : नइ प्रकाशन, २०६० ।

शास्त्री, हरिहर, **हरिहर शास्त्री**, ललितपुर : सङ्ग्रह प्रकाशन, २०३० ।

श्रेष्ठ, गोपालदास, (अनू.), **कन्फेसन्स**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२९ ।

श्रेष्ठ, दयाराम तथा मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त अध्ययन**, चौ. सं., काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

श्रेष्ठ, श्यामकृष्ण, **मेरो जागिरे जीवन**, काठमाडौँ : जुही प्रकाशन, २०६३ ।

श्रेष्ठ, हरि, **अतीतका स्मृति**, काठमाडौँ : सरिता श्रेष्ठ, २०४६ ।